# हेलम्बु गाउँपालिकाको लागि शिक्षा क्षेत्रको विपद आपत्कालीन योजना, २०८२

(गाउँ कार्यपालिकाको मिति २०८२/०२/२९ गतेको बैठकबाट स्वीकृत)



तयार गर्ने:

स्थानीय तह

## हेलम्बु गाउँपालिका

सिन्धुपाल्चोक, नेपाल

## छोटकरी शब्दहरुको पुर्ण रुप (Abbreviation)

| | |
|---|---|
| 3W template: | Who what where |
| CCCM: | Camp Coordinartionn and camp management |
| CSDA: | Cluster specific Detailed Assessment |
| DPRP: | Disaster preparedness and response plan |
| ECD: | Eary childhood development |
| INEE: | Inter–agency Network for Education in Emergencies standards |
| IRA: | Initial rapid assessment |
| LDCRP: | Local disaster and cliamte resilient plan |
| MPRP: | Monsoon preparedness and response plan |
| MIRA: | Multi–sector Initial Rapid Needs Assessment |
| PDNA: | Post Disaster Needs Assessment |
| PSA: | Public Service Announcement |
| SFDRR: | Sendai Framework for Disaster Risk Reduction. |
| TLCs: | Temporary Learning Centers |
| WASH: | Water sanitation and hygiene |
| वि. वि. व्य. स.: | विद्यालय विपद व्यवस्थापन समिति |
| व.वि.व्य.स.: | वडा विपद व्यवस्थापन समिति |
| स्था.आ.का.के: | स्थानीय आपतकालीन कार्यसंचालन केन्द्र |

# विषय सुची

**परिच्छेद १**

१.१ भूमिका र परिचय ५
१.२ योजनाको लक्ष्य, उद्देश्यहरू र अपेक्षित प्रतिफल ६
१.३ मार्गदर्शक सिद्धान्तहरु ७
१.४ योजना तर्जुमा तथा कार्यान्वयन ७

**परिच्छेद २ पृष्ठभुमि**

२.१ किन आपतकालीन अवस्थामा शिक्षाको आवश्यकता पर्छ ? ९
२.२ नेपाल सरकारका प्रतिबद्धताहरू १०
२.३ गाउँपालिकाको जानकारी र सन्दर्भ विश्लेषण ११

**परिच्छेद ३ शिक्षा क्षेत्रमा प्रकोप, सङ्कटासन्नता र जोखिम विश्लेषण**

३.१ समग्र विपद् जोखिम १४
३.२ विद्यालयको विपद् सङ्कटासन्नता १४
३.३ हेलम्बु गाउँपालिकामा शिक्षा १५
३.४ शिक्षण सामग्रीको लेखाजोखा १५

**परिच्छेद ४ भूकम्पको परिदृश्य र पूर्वतयारी तथा प्रतिकार्य योजना**

४.१ परिचयः भूकम्प १७
४.२ भूकम्पको घटना (परिदृष्य) १७
४.३ भूकम्पबाट शिक्षा क्षेत्रमा परेको असर १८
४.४ भूकम्पको प्रतिकार्य रणनीति १९
४.५ भूकम्पको सामना गर्न आवश्यकता विश्लेषण २०
४.६ भूकम्प परिदृश्यका लागि शिक्षा क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना २१

**परिच्छेद ५ बाढीको परिदृश्य र पूर्वतयारी तथा प्रतिकार्य योजना**

५.१ बाढीको परिदृष्य २९
५.२ बाढीको शिक्षाक्षेत्रमा परेको असर २९
५.३ बाढीको प्रतिकार्य रणनीति ३०
५.४ बाढीको प्रतिकार्य गर्न स्रोतसाधनको आवश्यकता विश्लेषण ३०
५.५ बाढीको लागि शिक्षा क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना ३२

**परिच्छेद ६ पहिरोको परिदृश्य र पूर्वतयारी तथा प्रतिकार्य योजना**

६.१ पहिरोको परिदृष्य ४१
६.२ पहिरोको विवरण ४१
६.३ पहिरोबाट शिक्षाक्षेत्रमा परेको असर ४२
६.४ पहिरोको प्रतिकार्य राजनीति ४२
६.५ पहिरोको आवश्यकता विश्लेषण ४३
६.६ पहिरो परिदृश्यका लागि शिक्षा क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना ४४

**परिच्छेद ७ कृत्रिम घटना अभ्यास तथा योजनाको परीक्षण**

७.१ कृत्रिम घटना अभ्यास ५४
७.२ कृत्रिम घटना अभ्यास कार्यतालिका ५४

**परिच्छेद ८ समन्वय र सहकार्य**

८.१ संघ, प्रदेश, जिल्ला र स्थानीय तह शिक्षा समूह बिचको समन्वय र सहकार्य ५५

| | |
|---|---|
| ८.२ अन्तरविषयगत तथा निकायगत समन्वय र सहकार्य | ५५ |
| **परिच्छेद ९ सूचना व्यवस्थापन, सञ्चार तथा पैरवी** | |
| ९.१ सुचना व्यवस्थापन | ५६ |
| ९.२ सञ्चार तथा पैरवी | ५६ |
| **परिच्छेद १० अनुगमन र समीक्षा** | |
| १०.१ अनुगमन संयन्त्र र कार्यसूची | ५६ |
| १०.२ अनुगमन र मूल्याङ्कन कार्ययोजना | ५७ |
| १०.३ योजनाको समीक्षा र परिमार्जन | ५७ |
| **अनुसूचीहरू** | |
| **अनुसूची १**<br>स्थानीय शिक्षा समूहका सम्पर्क व्यक्तिहरूको सूची | ५८ |
| **अनुसुची २**<br>गाउँपालिकामा क्रियाशिल अन्य विषयगत समूहहरुका सम्पर्क व्यक्तिहरुको सुची | ५८ |
| **अनुसुची ३**<br>तालिका ३.१ हेलम्बु गाउँपालिकामा रहेका विद्यालयहरुको विवरण | ५८ |
| **अनुसूची ४**<br>हेलम्बु गाउँपालिकाका विधालयहरुको प्रकोप संकटासन्नताको अवस्था | ६० |
| **अनुसूची ५**<br>अनुगमन तथा मूल्याङ्कन फाराम | ६१ |
| **अनुसूची ६**<br>स्थानीय शिक्षा समूहको काम तथा कर्तव्य | ६२ |
| **अनुसूची ७**<br>स्थानीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील समितिको काम कर्तव्य तथा अधिकार | ६२ |
| **अनुसूची ८**<br>वडा विपद् तथा जलवायु उत्थानशील समितिको काम कर्तव्य तथा अधिकार | ६३ |
| **अनुसूची ९**<br>अभिभावकको काम कर्तव्य तथा अधिकार | ६४ |
| **अनुसूची १०:**<br>बाल संरक्षण तथा विपद् सम्पर्क शिक्षकको भूमिका: | ६४ |
| **अनुसूची ११:**<br>गाउँपालिकाको वडागत प्रकोप, संकटासन्नता तथा क्षमता नक्सा | ६५ |
| **अनुसूची १२: स्थानीय शिक्षा समूह, संघ, र जिल्ला बिचको समन्वय चित्र** | ६७ |
| **अनुसूची १३: सुरक्षित खुल्ला स्थान रहेका विद्यालयहरु** | ६८ |
| **अनुसूची १४: महामारी विपद्का लागि संक्षिप्त आधारभुत पूर्वतयारी तथा प्रतिकार्य योजना** | ६९ |
| **अनुसूची १५: चट्याङ र यसबाट बच्न अपनाउनु पर्ने उपायहरु** | ७० |
| **सन्दर्भ सामाग्रीहरु** | ७२ |

## परिच्छेद १

### १.१ भूमिका र परिचय

भूकम्प, बाढी तथा पहिरो, हावाहुरी (आँधी), खडेरी तथा डढेलो जस्ता प्राकृतिक प्रकोपले निम्त्याएका विपद्हरुले विद्यालयहरुलाई ध्वस्त बनाउने, अन्य शैक्षिक संस्थाहरुलाई पनि क्षति पुर्याउनुका साथै धेरै मानिसहरुलाई विस्थापित गराउने, घाइते बनाउने तथा ज्यानै लिने सम्मका घटना गराउँद छन् । यसले मानिसहरुलाई अंगभंग गराउने, शोकमा डुबाउने, परिवारबाट बिछोड गराउने र थातथलोबाट विस्थापित गराई दुःखको पराकाष्ठामा पुऱ्याउँछ । आपतकालका परिदृश्यहरु छिटो छिटो परिवर्तन हुने भएकाले आफ्ना बालबच्चा तथा आफ्ना सुरक्षा गर्दै प्राण रक्षाका लागि मानवीय विपत्तिसँग संघर्ष गर्नु पर्ने भएकाले विपद्को बेलामा परिवारले आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाउन चाहँदैनन या पठाउँदैनन् ।

यस्तो अवस्थामा सामान्य शिक्षण प्रक्रिया अवरुद्ध हुन्छ । फलस्वरुप बालबालिकाहरु मौलिक हक तथा - अधिकारबाट वञ्चित हुन पुग्छन् । आपतकालीन अवस्थामाबालबालिकाहरुको चेतना गुम्न सक्ने, मनो-सामाजिक पिडा बोध हुने जोखिमका कारण बालविवाहका लागि बाध्य पारिने, अपहरण तथा बेचबिखनमा पर्न सक्ने अवैध मजदुरी तथा यौन शोषणमा पर्ने जोखिम रहन्छन् । यस्तो अवस्थामा आपतकालीन अवस्थाको शैक्षिक प्रतिकार्य सम्बद्ध क्रियाकलापको पुर्नस्थापना गर्न प्रभावित बालबालिका, किशोर किशोरी तथा तिनीहरुका परिवारलाई सामान्य अवस्थामा फर्काउन महत्वपूर्ण भुमिका हुन्छ ।

यस्तो आपतकालीन अवस्थामा बालबालिकाहरुको आवश्यकताको पहिचान तथा तिनको प्राथमिकीकरण गरी सम्पुर्ण सरोकारवाला पक्षहरुसंग समन्वय गरी प्रतिकार्य सुचारु गरिनु पर्दछ । आपतकालीन अवस्थाका प्रतिकार्य सुरक्षित स्थानमा, शिक्षण, अस्थायी सिकाई कक्षाहरु तथा मनो-सामाजिक सहयोगका कार्यहरु समावेश हुनु पर्दछ, साथै औपचारिक शिक्षाको शुरुवात तथा विद्यालय पुनःनिर्माण वा पुनर्मिलनको लागि तयारी रहन मद्दत पुग्दछ ।

बालबालिकाहरुको लागि विपद्को समयमा र विपद्का समय पछि पनि आपतकालीन अवस्थाको शिक्षा पहिलो प्राथमिकता हो । जो अन्य मानवीय सहायताका प्रतिकार्य संगसंगै बालबालिकाको शिक्षामा आपतकालीन योजना विपद्को पहिलो दिनबाटै प्रयोग हुन्छ । नेपालमा शिक्षाको आपतकालीन योजना (सन् २००८) सरकारी निकायहरु, विपद् जोखिम न्युनीकरण, साझेदार संस्थाको प्राविधिक सहयोगमा निर्माण गरिएको थियो ।

यसै सन्दर्भमा, हेलम्बु गाउँपालिका अर्न्तगत शिक्षा क्षेत्रको आपतकालीन योजना प्रतिकार्य, र पूर्वतयारी सम्बद्ध क्रियाकलाप गाउँपालिका तहम पहल गरिएको छ । प्रारम्भिक क्षतिको आँकलनको आधारमा प्रत्येक विपद्का लागि ध्यान दिनुपर्ने कुराहरुलाई तयारीको अवस्थामा राखिन्छ । यो योजना, महाविपदको तीन वटा परिदृश्यहरुलाई समेटेर तयार गरिएको छ । राष्ट्रिय स्तरको योजनाका प्रारुप कै आधारमा तयार गरिएको हुँदा यस योजनाले सोही बमोजिम विकेन्द्रित कार्यन्वयनलाइ प्रतिविम्बित गर्दछ । यो योजना हेलम्बु गाउँपालिकामा जुनसुकै क्षेत्र वा प्रतिकार्यमा संलग्न वा विपद् प्रतिकार्यका लागि पूर्वतयारी गर्ने व्यक्ति तथा संस्थाहरुलाई लक्षित गरेर निर्माण गरिएको छ ।

यो कार्ययोजना भूकम्प, बाढी तथा पहिरो र सङ्क्रामक रोगको महामारीका लागि विपद्को परिदृष्य तयार गरी स्थानीय शिक्षा समूहको अगुवाइमा शिक्षा क्षेत्रको लागि पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी चरणवद्ध क्रियाकलापहरू समावेश छन् ।

## १.२ योजनाको लक्ष्य, उद्देश्यहरू र अपेक्षित प्रतिफल

(क) **लक्ष्य:** यस योजनाको लक्ष्य विपद्का कारण अवरुद्ध भएको पठनपाठन र सिकाइलाई सुचारु गरी शिक्षाक्षेत्रमा विपद्को प्रभाव कम गर्नु हो ।

(ख) **उद्देश्यहरू:** यस योजनाको समग्र उद्देश्य शिक्षा क्षेत्रमा प्रभावकारी विपद् पूर्वतयारी गरी आपत्कालीन अवस्थामा बालबालिका र किशोरकिशोरीहरूका लागि सुरक्षित वातावरणमा पठनपाठन पुर्नस्थापित गर्नु हो । यसका विशिष्ट उद्देश्यहरू निम्न अनुसार रहेका छन्:

(१) प्रकोप पछिको प्रारम्भिक दुई हप्ताको अवधिमा बालबालिका र शिक्षकहरूको दैनिकीलाई सामान्यीकरण गरी पठनपाठन पुर्नस्थापित गर्नु,

(२) सङ्कटासन्न विधालय र समुदायमा सुरक्षित वातावरणमा पठनपाठन तथा सिकाईमा सबल र विशेष गरी अपाङ्गता भएका साथै विपन्न परिवारका बालबालिकाहरूलाई आपत्कालीन अवधिमा समेत पठनपाठन सुचारु गर्नु र

(३) बालबालिकाको उमेर साथै शारीरिक, मानसिक अवस्था अनुसार प्रभावकारी रूपमा विपद्को सामना गरी आफ्नो जीउधनको रक्षार्थ उपयुक्त सिप, शिक्षण एवं सिकाइ वातावरण, मनोसामाजिक परामर्श, शैक्षिक सामग्री साथै स्वास्थ्य र सरसफाई बारे सुसुचित गरी उत्थानशील समाजको विकास गर्नु ।

**(ग) अपेक्षित प्रतिफल:** यस योजनाको कार्यान्वयनबाट देहायका प्रतिफल हासिल हुने अपेक्षा गरिएको छ :

(१) स्थानीय तहबाट समन्वयात्मक रूपमा प्रभावकारी विपद् प्रतिकार्य भई आपत्कालीन अवस्था साथै तत्पश्चात बालबालिकाको पठनपाठन सुचारु भएको हुनेछ,

(२) स्थानीय तहका सम्बन्धित निकाय, समुदाय तथा सरोकारवालाहरूको विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता सुदृढ भएको हुनेछ,

(३) विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका व्यवस्थित प्रयत्न मार्फत सबै प्रकारका विपद्बाट शिक्षा क्षेत्रमा हुने क्षति साथै प्रभाव न्यून गर्न र सुरक्षित वातावरणमा पठनपाठनलाई निरन्तरता दिन शिक्षा क्षेत्रको उत्थानशील क्षमता अभिवृद्धि भएको हुनेछ ।

(४) आपत्कालीन अवस्थामा बालबालिकाहरू माथि हुने दुर्व्यवहार जस्तै श्रमशोषण, हिंसा, यौन शोषण जस्ता अवाञ्छित कृयाकलापमा कमी भई बालबालिकाको मौलिक हक अधिकार सुरक्षित र सुनिस्चित भएको हुनेछ ।

## १.३ मार्गदर्शक सिद्धान्तहरू

यस योजनालाई कार्यन्वयन गर्दा देहायका मार्गदर्शक सिद्धान्तहरू पालना गर्नु पर्नेछ ।

(क) **विपद् परिस्थितिको सामना गर्नको लागि सामुहिक वा संस्थागत तयारीः** विपद्बाट हुने क्षति तथा प्रतिकूल प्रभावको सामना गर्न समूह तथा संस्थागतका सदस्यहरूल आआफ्नो जिम्मेवारी अनुसार योजना कार्यान्वयन गर्न गराउन स्रोतसाधन जुटाउने,

(ख) **परस्पर समन्वयमा आफ्नो विज्ञता, क्षमता अनुसारको फरक जिम्मेवारीः** प्रभावकारी विपद् प्रतिकार्य मार्फत विपद्को प्रभाव न्यूनीकरण र उत्थानशीलता हासिल गर्न हरेक सदस्यको जिम्मेवारी स्पष्ट गरी योजना तर्जुमा तथा कार्यान्वयन गर्ने,

(घ) **शारीरिक, मानसिक एवं आर्थिक, सामाजिक अवस्था अनुसार विपद प्रभावित तथा सङ्कटासन्न व्यक्ति, समूह र समुदायका आवश्यकताको सम्बोधनः** उमेर, शारीरिक तथा मानसिक अवस्था अनुसार फरक क्षमता भएका बालबालिकाको लागि भौतिक सुविधा, शैक्षिक सामग्री र सिकाईका विधि अनुसार परिपूर्ति गर्ने र

(ङ) **स्थानीय समुदायको संस्कृति र रीतितिथीको सम्मानः** मानवीय सहायता सञ्चालन गर्दा स्थानीय समुदायको संस्कृति एवं परम्पराको सम्मान गर्ने, त्यसप्रति सम्वेदनशील भई काम गर्ने र मानवीय सहायतालाई समुदायका असल अभ्यासको अवलम्बन गर्ने ।

## १.४ योजना तर्जुमा तथा कार्यान्वयन

विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह सञ्चालन कार्यविधि, २०७९ बमोजिम विक्रम् सम्वत २०८१ मा स्थानीय शिक्षा समूहको अगुवाईमा बहुसरोकारवालाको संलग्नतामा यो योजना तयार गरिएको छ ।

### योजना तर्जुमा विधि


चरण १: कार्यविधि बमोजिम योजना तथा यस्को प्रारूपको बारेमा शिक्षा समूहमा छलफल

चरण २: शिक्षा क्षेत्रको विपद् जोखिम विश्लेषण

चरण ३: मुख्य तीन प्रकोप छनोट गरी त्यसबाट उत्पन्न हुन सक्ने सामान्य, महाविपद् र सबैभन्दा बढी सम्भावना भएको स्तरको विपद् परिदृष्य विवरण तयारी

चरण ४: सामान्य, महाविपद् र सबैभन्दा बढी सम्भावना भएको स्तरको विपद् मध्येबाट पूर्वतयारी गर्न विपद् परिदृष्यको छनोट ।

चरण ५: छानिएको परिदृष्य अनुसार आवश्यक पर्ने स्रोतसाधन लगायतका क्षमताको आँकलन



चरण ६: विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मस्यौदा

चरण ७: सरोकारवालाहरूसँग मस्यौदा योजना माथि छलफल

चरण ८: सरोकारवालाहरूको सुझावका आधारमा परिमार्जन गरी अन्तिम मस्यौदा तयारी

**योजना कार्यान्वयन विधि**

चरण १: योजनालाई कार्यपालिकाबाट स्वीकृत भए पछि कार्यान्वयन गर्ने

चरण २: योजनाका क्रियाकलापहरू स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा (जस्तैः विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP), मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना (MPRP), स्थानीय विपद तथा जलवायु उत्थान्शील योजना (LDCRP) एकीकृत गर्न पेश गर्ने,

चरण ३: योजना कार्यान्वयनको आवधिकरूपमा अनुगमन र मूल्याङ्कन गर्ने र

चरण ४: योजनालाई अद्यावधिक तथा पुनरावलोकन गर्ने

यस योजनामा गाउँपालिकाको विपद् जोखिम र विगतका घटनाका आधारमा शिक्षा क्षेत्रको समग्र प्रकोप सम्मुखता, सङ्कटासन्नता, क्षमता र विपद् जोखिम स्थितिको विश्लेषण गरिएको छ । विस्तृत एवं विशिष्टिकृत तथ्याङ्क विवरणको उपलब्धताका आधारमा विपद् जोखिम स्थिति सम्बन्धी जानकारी अद्यावधिक गर्दै लगिने छ । यस योजनालाई हरेक वर्ष पुनरावलोकन गरी अद्यावधिक गरिनेछ ।

***

## पृष्ठभुमि

### २.१ किन आपतकालीन अवस्थामा शिक्षाको आवश्यकता पर्छ ?

व्यक्तिको शिक्षामा पहुँच र प्राप्ती प्रत्येक नागरिकको मौलिक अधिकार भित्र पर्छ । यस अधिकारलाई विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा सन् १९४८ को मानव अधिकार सम्बन्धी घोषणा पत्र लगायतका दस्तावेजहरुमा उल्लेख गरिएको छ । त्यस्तै, सन् १९५१ को शरणार्थी सम्बन्धी घोषणा पत्र, सन् १९६६ मा संयुक्त राष्ट्र संघको साधारण सभाबाट पारित आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी घोषणा पत्र, सन् १९८९ मा सम्पन्न बाल अधिकार महासन्धि र सन् २००० मा डकारमा र सन् २०१५मा दक्षिण कोरियाको ईन्चोनमा सम्पन्न विश्व शिक्षा मंचद्वारा पारित सबैको लागि शिक्षा कार्ययोजनामा समेत व्यक्तिको शिक्षा पाउने अधिकार स्पष्ट पारिएको छ । त्यस्तै विपद् जोखिम् न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा (SFDRR)ले पनि शिक्षा क्षेत्रका लागि निम्न प्राथमिकताहरूको उल्लेख गरेको छ :

- **प्राथमिकता १: विपद् जोखिमको बुझाई**
  शिक्षा क्षेत्रमा विद्यालय सुरक्षा सुनिश्चित गर्न व्यापक योजना लागू गर्ने । जोखिम न्यूनीकरण र उत्थानशीलतालाई शिक्षा रणनीति र पाठ्यक्रममा समावेश गर्ने । बाल-केन्द्रित जोखिम मूल्याङ्कन सबै तहमा गर्ने र असुरक्षित विद्यालयहरूको मर्मत, प्रबलीकरण वा पुन:निर्माणलाई प्राथमिकता दिने । औपचारिक र अनौपचारिक माध्यमबाट जलवायु परिवर्तन, जोखिम न्यूनीकरण, र उत्थानशीलताबारे शिक्षा प्रदान गर्ने । यी क्रियाकलापहरु विद्यालयको अतिरिक्त गतिविधि, पाठ्यक्रम र विपद् व्यवस्थापन अभ्यासहरूमार्फत गर्ने ।
- **प्राथमिकता २: विपद् जोखिम व्यवस्थापन गर्न विपद् जोखिम सुशासनको सुदृढीकरण**
  राष्ट्रिय र स्थानीय तहमा विद्यालय सुरक्षा सुनिश्चित गर्न नीति र कानुनी व्यवस्था लागू गर्ने । जोखिम न्यूनीकरणका लागि जिम्मेवार सम्पर्क व्यक्तिहरू तोकी नेतृत्व र समन्वय प्रणाली निर्माण गर्ने । सुरक्षित विद्यालय निर्माणका लागि निर्देशन तथा मापदण्डहरू लागू गर्ने र त्यसको नियमित अनुगमन गर्ने । विद्यालयहरूले प्रत्येक वर्ष आफ्नो विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजनाको समीक्षा गर्ने ।
- **प्राथमिकता ३: विपद् जोखिम न्यूनीकरणमा लगानी**
  विद्यालय जोखिम न्यूनीकरणका लागि आर्थिक लगानी सुनिश्चित गर्ने । असुरक्षित विद्यालयहरूको स्तरोन्नति प्राथमिकताका साथ गर्ने र नियमित मर्मतसम्भार र गैर-संरचनात्मक सुधारलाई प्रवर्द्धन गर्ने । शिक्षा क्षेत्रका शिक्षक, विद्यार्थी र कर्मचारीको क्षमता विकासका लागि आवश्यक योजना बनाउनुका साथै, जोखिम न्यूनीकरण तथा उत्थानशीलताबारे शिक्षा प्रदान गर्ने र गुणस्तरीय सामग्रीहरू उपलब्ध गर्ने ।
- **प्राथमिकता ४: प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीमा सुधार**
  आपतकालीन अवस्थामा विद्यालयहरूलाई अस्थायी आश्रयस्थलको रूपमा प्रयोग गर्न योजना बनाउने । आपत्कालीन प्रतिकार्यको तयारीलाई परिक्षण गर्न हरेक वर्ष विद्यालयमा विपद् पूर्वतयारी सम्बन्धी कृत्रिम अभ्यास (सिमुलेशन) गर्ने । शिक्षा क्षेत्रका लागि राष्ट्रिय तथा स्थानीय योजनाहरूले विद्यालय सुरक्षा, शिक्षाको निरन्तरता र लगानीको सुनिश्चिततालाई विशेष ध्यान दिने ।

बाल अधिकार महासन्धि विश्वव्यापी घोषणालाई नेपाल सरकारले स्वीकार गरी सबै बालबालिकालाई आधारभुत तहको शिक्षा, अनिवार्य तथा निःशुल्क र प्रत्येक बालबालिकालाई माध्यामिक तहसम्मको शिक्षामा पहुँच र उपलब्ध गराउने प्रतिबद्धता (भाग २८) गरेको छ । त्यसै गरी, सरकारले सबैका लागि शिक्षा, सहस्राब्दी विकासका लक्ष्यहरु र दीगो विकासका लक्ष्यहरु समेत प्रवर्द्धन गरिरहेको छ, जुन कार्यक्रमहरु संसारभरका बालबालिकाहरुलाई आधारभुत तहको शिक्षा पुरा गराउने सुनिश्चितताका लागि विश्वव्यापी रुपमा कार्यान्वयन भइरहेका छन् ।

## २.२ नेपाल सरकारका प्रतिबद्धताहरू

नेपाल सरकार आफैं पनि अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुसँग सम्बन्धित भएकाले विश्वव्यापी शिक्षाको मर्मलाई पुरा गर्न निरन्तर प्रयासरत छ । प्रत्येक नागरिकले आधारभुत तहसम्मको शिक्षा अनिवार्य रुपमा हासिल गर्नुपर्ने र माध्यामिक तहसम्मको निःशुल्क शिक्षा पाउने अधिकार नेपालको संविधानले कानुन अनुसार प्रत्याभुति गरेको छ । यसै शर्तमा रहेर शिक्षा मन्त्रालयले नेपालको संविधानले परिकल्पना गरेको संघीय गणतन्त्रात्मक राज्य संरचना अनुरुप राष्ट्रको सामाजिक (आर्थिक रुपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुऱ्याउने दुरदृष्टिका साथ विद्यालय क्षेत्र विकास योजना (२०१६ –२०२३) लागु गरेको छ । सरकारको निरन्तर र दह्रो प्रतिबद्धता अनुरुप, जनवरी २०१२ मा काठमाण्डौमा सम्पन्न शिक्षामा विपद् जोखिम न्युनीकरण राष्ट्रिय कार्यशालाले *''शिक्षामा विपद् जोखिम न्युनिकरण सम्बन्धी १० बुँदे घोषणा पत्र''*बहु सरोकारवाला समेतको प्रतिबद्धता जारी भयो । यस घोषणा पत्रले विपद् जोखिम न्युनीकरणलाई शिक्षा नीति र नियमहरु तथा योजनाहरुमा मूल प्रवाहीकरण गर्नुपर्ने, शिक्षण सिकाईमा विपद् जोखिम न्युनीकरण, सुरक्षित विद्यालय र यसको प्रवर्द्धन, तथा सन् २०१४ मा विपद् व्यवस्थापन जस्ता विषयहरुलाई जोड दिइएको थियो । सरकारले उपसचिव तहका पदाधिकारीको नेतृत्वमा विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित कार्यको लागि शिक्षा विभागमा एउटा छुट्टै शाखा व्यवस्था गरेको छ ।

विद्यालय सुधार योजनाको विषयगत समूहमा विद्यालयको भौतिक पक्ष तथा गैर भौतिक पक्षका साथै आपतकालीन अवस्थाको पूर्व तयारी पक्षलाई समेत समावेश गरिएको छ । आर्थिक वर्ष २०१६/१७ मा शिक्षा विभागले विद्यालय क्षेत्र विकास योजना अन्तर्गत तीनवटा रणनैतिक प्राथमिकताहरु निर्धारण गरेको छ । जसमध्ये, विद्यालय सुरक्षा र विपद् जोखिम न्युनीकरण प्राथमिकता प्राप्त रणनीतिको रुपमा पहिचान भएको छ । विद्यालय सुरक्षा र विपद् जोखिम न्युनिकरण विषयलाई राष्ट्रिय पाठ्यक्रम खाकामा समावेश गर्ने, विद्यालयमा विपद्को पूर्वतयारी गर्ने, भूकम्पले क्षति पुग्याएका भवनहरुको प्रबलीकरण गर्ने, नयाँ निर्माण भएका तथा साविक विद्यालय भवनहरुको भौतिक अवस्थाको यकिन गर्ने जस्ता प्राथमिकता प्राप्त क्रियाकलापहरुको कार्यन्वयन मार्फत विद्यालय सुरक्षा र विपद् जोखिम न्युनीकरणलाई मूल प्रवाहीकरण गर्ने रणनीति लिइएको छ ।

विपद् प्रतिकार्य र पूर्व तयारीको अन्तिम जिम्मेवारी सरकारको हुने भएकाले नेपाल सरकारले विपद् पूर्व तयारी र प्रतिकार्यको समन्वय गर्ने सम्पूर्ण जिम्मा गृह मन्त्रालयलाई दिएको छ । यसका लागि नेपाल सरकारले सन् २०१३ मा "राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा" निर्माण गरेको छ । गृह मन्त्रालयले अन्य मन्त्रालयहरु, संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकायहरु तथा अन्य अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुको सहकार्यमा यस ढाँचाका

क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ । उक्त ढाँचा अनुसार मानवीय कार्य गर्ने अन्य संस्थाहरुले विषयगत समूहको सह नेतृत्व गर्दछन् । शिक्षा समूहमा भने शिक्षा मन्त्रालयको नेतृत्वमा युनिसेफ र सेभ द चिल्ड्रेनले सह-नेतृत्वकर्ताका रुपमा काम गर्दछन् ।

## २.३ गाउँपालिकाको जानकारी र सन्दर्भ विश्लेषण

### प्रशासनिक तथा भौगालिक विवरण

नेपालको संविधान अनुसार नेपालको शासन प्रणाली संघीय ढाँचामा हुने व्यवस्था गरेको छ । जस अन्तर्गत नेपाललाई संघीय ढाँचामा लैजाने क्रममा ७ प्रदेश र ७५३ स्थानीय तहको व्यवस्था गरेको छ । जसमध्ये बागमती अन्तर्गत सिन्धुपाल्चोक जिल्लालाई ३ नगरपालिका र ९ वटा गाउँपालिका गरी जम्मा १२ स्थानीय तहको व्यवस्था गरिएको छ । सिन्धुपाल्चोक जिल्लाका १२ वटा स्थानीय तह मध्ये हेलम्बु गाउँपालिका पनि एक हो । हेलम्बु गाउँपालिकाको नामाकरण तत्कालिन हेलम्बु गा.वि.स. वर्तमान गाउँपालिकाको वडा नं १ सँग जोडिएको छ । हेलम्बु भन्नाले एउटा गाउँ मात्र नभएर यसले भेगको प्रतिनिधित्व गर्दछ । साबिकको हेलम्बु गा.वि.स.को नाम २०४९ सालको निर्वाचन सम्पन्न भएपछि गा.वि.स.ले नाम परिवर्तन गरेर हेलम्बु राखेको हो । यसको अर्थ तिम्बु र घ्याङ्ग्युलको नामबाट तिम्बु घ्याङ्ग्युल रहेको अनुमान गर्न सकिन्छ । राज्यको पुनःसंरचनासँगै यहाँका ५ वटा तात्कालिन गा.वि.सहरु क्रमशः हेलम्बु, किउल, पाल्चोक, महाँकाल र इचोकलाई मिलाएर हेलम्बु गाउँपालिकाको निर्माण भएको छ । यो पालिकामा ७ वडाहरु रहेका छन् । पुनसंरचनामा महाँकाल र इचोक दुवै तात्कालिन गा.वि.स.लाई २,२ वटा वडामा विभाजन गरिएको छ ।

हेलम्बु गाउँपालिकाको उत्तर पुर्वमा पाँचपोखरी थाङपाल गाउँपालिका, पश्चिमतर्फ तर्फ दुप्चेश्वरी गाउँपालिका, नुवाकोट जिल्ला, उत्तर तर्फ रसुवा जिल्ला दक्षिणतर्फ मेलम्ची नगरपालिका पर्दछ । यस पालिकामा विभिन्न जातिका मानिसहरुको वसोवास रहेता पनि ह्योल्मो जातिको बाहुल्यता छ । यस्को अलावा शेर्पा, तामाङ, क्षेत्री, बाहुन, दलित समुदाय लगायतका जातिहरु पनि बसोबास गर्छन् । यो पालिकाको नाम ह्योल्मो जातिको पहिचान खुल्ने गरी हेलम्बु गाउँपालिकाको नामाकरण भएको कुरा मान्न सकिन्छ । हेलम्बु पर्यटकीय क्षेत्रको रुपमा परिचित छ । हिमालको दृश्य, ह्योल्मो, शेर्पा, तामाङ जातिको बसोबास, रहनसहन र रितिरिवाजले बाह्य पर्यटकहरु आकर्षित हुने गरेका छन् । यो क्षेत्र धार्मिक पर्यटकीय स्थल पनि हो । यस ठाउँमा बिभिन्न समयमा धार्मिक गुरुहरुले ध्यान गर्ने गरेको र त्यति बेला धार्मिक गुरुहरुले यस क्षेत्रको भ्रमण समेत गरेको किम्बदन्तीहरु पाइन्छ । अधिकांश भुभाग पहाड र सुन्दर डाँडा पाखाले भरिएको यस गाउँपालिका समुन्द्री सतहबाट ९३० (तालामाराङ) मिटरको उचाई देखि उच्च ५६०० मिटर सम्मको भुभाग पर्दछ । हेलम्बु गाउँपालिका सुन्दर शान्त रमणिय जुगल हिमालको नजिक याङरीमा डाँडाको काखमा रहेको छ । माथिल्लो भु-भागमा ह्योल्मो र तामाङ जातीको बहुल्यता रहेका र तल्लो बेसी भूभागमा विशेष गरी ब्राम्हण, क्षेत्री, दमाई, कामी, सार्की जातको बसोबास रहेको छ ।

यस हेलम्बु गाउँपालिकामा बहुचर्चित मेलम्ची खानेपानी आयोजनाको मुहान र सुरुङको अधिकाँश भाग समेत पर्दछ । यस गाउँपालिकामा मुहान मेलम्ची र अन्य खोलाहरु जस्तै गोहोरे खोला, तिम्बु खोला अन्य स-साना खोल्चीहरु छन् जसबाट खानेपानी, सिंचाईलाई थप सुविधा पुगि रहेको छ । यस क्षेत्रको अधिकाँश भुभाग वनजङगलले ढाकेको छ । यस गाउँपालिकाका मुख्य व्यापारिक केन्द्रहरु ग्याल्थुम, चनौटे, तिम्बु र किउल बगर लगायतका स्थानहरु हुन । अक्षांश २७.३४ डिग्री देखि २८.१२ डिग्री उत्तर देशान्तर ८५.२६ डिग्री देखि ८६.४

डिग्री पुर्वमा अवस्थित यस पालिकाको क्षेत्रफल २८७.२६ वर्ग किमि रहेको छ। उचाई ९३० मिटरदेखि ५६०० मिटरसम्म रहेको छ। सिन्धुपाल्चोक जिल्लाले नेपालको कुल क्षेत्रफलको १.७३ प्रतिशत भुभाग ओगटेको छ। यस जिल्लाको कुल क्षेत्रफल २५४२ वर्ग कि.मि. छ। काठमाण्डौ बाट ८६ किमि टाढा रहेको यो जिल्लामा हिमाली, लेकाली, पहाडी र बेसी फाँटहरु रहेका छन्।

### २.३.१ जनसंख्याको आकार, बृद्धि दर, घनत्व तथा देश बाहिर रहेको जनसंख्या

२०७८ सालको राष्ट्रिय जनगणना अनुसार गाँउपालिकाको कुल जनसंख्या १७ हजार ४ सय ९७ रहेको छ। जसमध्ये महिला ८ हजार ७ सय १६ (४९.८ %) तथा पुरुष ८ हजार ७ सय ८१ (५९.२ %) रहेको छ। यस गाँउपालिकाको जनघनत्व प्रतिवर्ग किमी ८.३९ जना रहेको छ। यस गाँउपालिकामा कुल घरधुरी र परिवार संख्या ४६९० रहेको छ। जस अनुसार प्रति परिवार ३.७३ % देखिन्छ।

### २.३.२ विद्यमान स्वास्थ्य सेवाको अवस्था

गाँउपालिकामा जम्मा ७ वटा स्वास्थ्य चौकीहरु रहेका छन्। गाँउपालिकाको वडा नं २, पालिका सामुदायिक अस्पताल रहेको छ तर स्वास्थ्य चौकीहरुसगँ प्रयाप्त रुपमा भौतिक तथा सेवा सुविधाहरुको अभाव छ। मध्यम सुविधाको लागि १५ किमी टाढा मेलम्ची पुग्नु पर्छ भने सुविधा सम्पन्न अस्पताल पुग्नको लागि ५५ कि.मि. टाढा रहेको धुलिखेल अस्पताल जानु पर्ने बाध्यता छ।

### २.३.३ सडक यातायात

काठमाडौ देखि हेलम्बु सम्म ५५ कि.मी. छोटो सडक संचालनमा छ भने अरनिको राजमार्ग हुदै ९३ कि.मि.दुरी छ। प्रत्येक वडा कार्यलय सम्म जाने बाटो स्थायी छ, अन्य गाउँहरुमा ग्रामिण सडक जोड्न कार्यहरु भई रहेको छ। तिम्बु देखि मेलम्चीघ्याङ सम्म करिब २५ कि.मि. कच्ची सडक समेत सञ्चालनमा छ। यसका साथै पालिकाको विभिन्न वडाहरुमा समेत कच्ची मोटर बाटो खनिएको छ।

### २.३.४ हवाई यातायात

सिन्धुपाल्चोक जिल्ला नेपालकै राजधानीबाट नजिक रहेको जिल्ला भएर यस जिल्लामा हवाई यात्रा आवश्यक छैन र आपतकालिन अवस्थामा वा व्यक्तिगत प्रयोजनका लागि प्रयोग हुने हेलीको निम्ती यस पालिकामा ५ वटा ठुला हेलिकप्टर अवतरण गर्न सक्ने हेलिप्याड रहेका छन् भने साना खाले हेलिकाप्टर उत्रिन सक्ने साना हेलिप्याड भने धेरै ठाँउहरुमा रहेका छन्। विपद भएको अवस्थामा आपतकालिन उद्धार तथा राहत वितरणका लागि हेलम्बु गाँउपालिकामा ठुला हेलिकप्टर अवतरण गर्न सक्ने हेलिप्याडहरु तपसिलका वडाहरुमा रहेका छन्।

| क्र.स. | ठुला हेलिकप्टर अवतरण गर्न सक्ने हेलिप्याड रहेका स्थान | वडा नं. | भौगोलिक अवस्थिती | कैफियत |
|---|---|---|---|---|
| १ | मेलम्ची घ्याङ | १ | | साना खाले हेलिकप्टर उत्रिन सक्ने साना हेलिप्याड भने धेरै ठाँउहरुमा रहेको। |
| २ | तार्केघ्याङ | १ | | |
| ३ | चिलाउने घारी | ४ | | |
| ४ | माने डाँडा | ४ | | |
| ५ | निगाले | २ | | |
| ६ | थल डाँडा | ५ | | |

### २.३.५ खानेपानी तथा सरसफाई

यस गाउँपालिकामा खानेपानीको लागि विभिन्न स्रोतहरूको प्रयोगबाट पूर्ति गरिएका छन् । विभिन्न स्रोत मध्ये पाईपबाट श्रोत भई निजी धाराबाट २७२५ घरधुरीहरूले सुविधा लिएका छन् भने सार्वजनिक पाइप धारा प्रयोग गर्ने १७५३ घरधुरी रहेका छन । कुवा प्रयोग गर्ने १२९ र खोलाबाट खानेपानी प्रयोग गर्ने ११ घरधुरी रहेका छन् । यस गाउँपालिकालाई खुल्ला दिशामुक्त पालिका घोषणा गरी सकिएको छ । हेलम्बु पर्यटकिय क्षेत्र यसै पालिकामा पर्ने भएकोले यो पालिका पुर्ण सरसफाईयुक्त छ । (श्रोतः राष्ट्रिय जनगणना २०७८)

### २.३.६ विद्युतीकरण तथा सञ्चारको अवस्था

हेलम्बु गाँउपालिकामा केन्द्रीय प्रसारण लाइनको विद्युतीकरण भएको छ । हेलम्बु गाँउपालिको कार्यलय तथा अन्य स्थानमा स्थानीय इन्टरनेट सेवा प्रदायक संस्थाहरुले सुविधा प्रदान गरेका छन् । मोबाईल संजालका लागि नेपाल टेलिकम र एनसेल आदिले सेवा प्रदान गरी रहेका छन ।

### २.३.७ मानवीय कार्ययोजना निर्माणका लागि तथ्यांक

यस योजना निर्माण कार्यका लागि हेलम्बु गाउँपालिकाको वि.सं. २०७८ को जनगणनाको उमेर समूह अनुसारको जनसंख्यालाई मूख्य आधार मानी विद्यालय जाने उमेरका बालबालिकाहरुलाई तीन उमेर समूहमा वर्गीकरण गरी  गणना गरिएको छ । जस अनुसार प्रारम्भिक बाल विकास, आधारभूत शिक्षा (कक्षा १ देखि ८) र माध्यमिक शिक्षा (कक्षा ९ देखि १२) रहेका छन् । यस गाउँपालिकाको साक्षरता दर ६३.५% रहेको छ जसमा साक्षरता पुरुष दर ६९.३ % तथा महिला साक्षरता दर ५७.८ % देखिन्छ । समग्ररुपमा गणना गरिएको तहगत प्रतिशत तलको तालिकामा दिइएको छ ।

**तालिका ३.३.७  विद्यालय जाने उमेर समुहका बालबालिकाहरुको तहगत विवरण**

| क्र.सं. | विद्यालय जाने उमेर समूहका बालबालिकाहरु | संख्या | औसत प्रतिशत |
|---|---|---|---|
| क. | प्रारम्भिक बाल विकास     (३ देखि ४ वर्ष) | ७९६ | १८.५८ % |
| ख. | आधारभूत शिक्षा, कक्षा १ देखि ८ (५ देखि १२ वर्ष) | २७५० | ६४.२० % |
| ग. | माध्यामिक तह, कक्षा ९ देखि १२ (१३ देखि १६ वर्ष) | ७३४ | १७.१३ % |
| **जम्मा** | | **४२८३** | **१०० %** |

श्रोतः गाउँपालिका IEMIS

**तालिका ३.३.८  विद्यालय जाने र विद्यालय बाहिर रहेका अपांगता भएका बालबालिकाहरु**

| क्र.सं. | विद्यालय जाने अपांगता भएका बालबालिकाहरु | संख्या | विद्यालय बाहिर रहेका अपांगता भएका बालबालिकाहरु | संख्या |
|---|---|---|---|---|
| क. | विद्यालय जाने | ३० | विद्यालय बाहिर रहेका | १९ |
| **जम्मा** | | **४९** | | |

*श्रोतः RCRD बाट गरिएको सर्वेबाट साभार*

आपतकालीन अवस्था आइ परेमा तत्काल प्रभावित वडा, टोल अथवा विद्यालयहरुमा गएर माथिको तालिका अनुसार उमेर समूहका बालबालिकाहरुको अनुमानित संख्या पत्ता लगाउनु पर्दछ । त्यसपछि, आपतकालको गम्भीरताको आधारमा प्रभावित बालबालिकाहरुको संख्या अनुमान गर्नु पर्दछ । यस्तो संख्या निर्धारण गर्न द्रुत लेखाजोखाको तथ्याङ्कलाई आधार मान्नुपर्दछ । उदाहरणका लागि एउटा ठूलो मापनको भूकम्पले गाउँपालिकाका सबै बालबालिका अर्थात् १०० प्रतिशत प्रभावित हुन सक्छन् । कुनै एउटा सानो पहिरोले केही संख्यामा मात्रै

बालबालिका प्रभावित हुन सक्छन् । प्रभावित क्षेत्रका लागि प्रतिकार्य योजना निर्माण गर्ने क्रममा कति प्रतिशत बालबालिकालाई लक्ष्य गर्ने भन्ने कुरा निर्णय गर्न उपरोक्त प्रतिशत (माथी तालिकाको प्रतिशतलाई) आधार मान्नुपर्दछ ।

***

## परिच्छेद ३

## शिक्षा क्षेत्रमा प्रकोप, सङ्कटासन्नता र जोखिम विश्लेषण

### ३.१ समग्र विपद् जोखिम्

नेपाल भूकम्प, बाढी तथा पहिरो, हुरीबतास, चट्याङ, अतिवृष्टि, असिना, रोगव्याधिको महामारी, आगलागी, उष्णलहर, शीतलहर र खडेरी जस्ता विभिन्न प्रकारका प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपको उच्च जोखिममा छ । यी प्रकोपबाट वर्षेनी साना ठुला विपद्जन्य घटना भैरहन्छन् । विपद्बाट नेपालको शैक्षिक क्षेत्र प्रत्यक्ष एवं अप्रत्यक्षरूपमा प्रभावित हुने गर्दछ । विक्रम संवत् २०७२ भूकम्प, २०७४ मा बाढी, आँधीबेहरी र २०७७ देखि २०७८ सम्म कोभिड-१९ का कारण शिक्षा क्षेत्रमा भौतिक र आर्थिक क्षतिका साथै पठनपाठन लामो समय अवरुद्ध भएको थियो ।

वि.सं. २०७२ मा नेपालमा आएको भूकम्पले आंशिक र पूर्ण रूपमा करिब ४७,२३१ कक्षाकोठा क्षतिग्रस्त भए भने ८,२४२ सामुदायिक विद्यालयहरु प्रभावित भए[1] । भूकम्पले कक्षाकोठा ध्वस्त पारेपछि ३ देखि १६ वर्ष उमेर समूहका करिब ११ लाख बालबालिकाको पठनपाठनमा असर परेको थियो । उनीहरूले लामो समयसम्म स्थायी कक्षाकोठामा पढ्न पाएनन् । विक्रम सम्वत् २०७४ मा नेपालको तराई क्षेत्रमा आएको बाढीले दुई लाख बीस हजार बालबालिकाको शिक्षालाई असर पुऱ्याएको थियो । त्यसै वर्ष बारा र पर्सा जिल्लामा आएको आँधीवेहरीको कारण धेरै विद्यालयहरुमा क्षति पुगेको थियो । कमजोर भौतिक संरचना, विद्यालय भवन बाढी तथा पहिरोको जोखिमयुक्त स्थानमा हुनु, विद्यालय भवन तथा परिसरमा चट्याङ तथा आगलागी निरोधक प्रणालीको अभाव, उपयुक्त ढल निकासको अभाव, हावाहुरीको जोखिम रहेका क्षेत्रमा कमजोर छाना भएको भवन आदि कारणले नेपालका धेरै विद्यालयहरू विभिन्न प्रकोप प्रति संवेदनशील अवस्थामा रहेका छन् । कमजोर बनोटकै कारण विक्रम सम्वत् २०७२ सालको भूकम्पमा ३५ हजार कक्षाकोठाहरु भत्केका थिए । शिक्षाक्षेत्रको विश्लेषण (२०७८)मा अझै पनि ६० प्रतिशत विद्यालयहरूमा सङ्कटासन्न भवन, संरचना रहेको उल्लेख छ ।[2]

विभिन्न वैज्ञानिक अनुसन्धानहरुले यस क्षेत्रमा वि.सं. २०७२ वैशाख १२ गते गोरखालाई केन्द्रविन्दु बनाएर गएको ७.९ स्केलको भूकम्प भन्दा पनि धेरै ठूलो भूकम्प भविष्यमा जान सक्ने आँकलन गरेको छन् । (*गोदा र अन्य, २०१५*) । भूकम्पद्धारा सिर्जित पहिरोको संख्या कम भए तापनि वर्षा जनित पहिरोको संख्याका आधारमा यो जिल्ला पहिरोबाट उच्च जोखिममा रहेको बुझ्न सकिन्छ (नेपाल प्रकोप जोखिम आँकलन, गृह मन्त्रालय,) । त्यसै गरी नेपाल सरकारबाट सन् २०२१ मा प्रकाशित जलवायु परिवर्तनबाट संकटासन्तताको नक्सांकनका अनुसार,[3] सिन्धुपाल्चोक जिल्ला जलवायु परिवर्तनबाट उत्पन्न विभिन्न असरहरुबाट उच्च जोखिममा रहेको छ ।

[1] NPC, 2015, Post disaster needs assessment, effects on infrastructure and Physical assets. Pg. 54.
2 MOEST ,2021: Education Sector Analysis. Ministry of Education, Science and Technology. Kathmandu
[3] MoFE. (2021). Vulnerability and Risk Assessment and Identifying Adaptation Options: Summary for Policy Makers. Ministry of Forests and Environment, Government of Nepal. Kathmandu, Nepal.

कोभिड-१९ को सङ्क्रमणका कारण २०७६ फागुनदेखि २०७८ फागुनसम्म सबै तहको शैक्षिक क्रियाकलाप पूर्ण वा आंशिकरूपमा अवरुद्ध भयो । यसबाट देशैभरि ८३ लाख भन्दा बढी बालबालिकाको पठनपाठन प्रभावित भयो साथै परीक्षा प्रणालीमा आपत्कालीन व्यवस्था गर्नु पर्यो । कोभिडका कारण शैक्षिक क्षेत्रमा दूरगामी प्रभाव परेको छ । देशका धेरै विद्यालयहरू भूकम्प, चट्याङ, हावाहुरी, आगलागी, बाढी तथा पहिरो लगायतका प्रकोपको जोखिममा रहेका छन् ।

### ३.२ हेलम्बु केन्द्रित विद्यालयको विपद् सङ्कटासन्नता

गाउँपालिकाको सवालमा विपद्को इतिहास हेर्ने हो भने, हेलम्बु गाउँपालिका बाढी-पहिरो, आगलागी, हुरीबतास, हिमपात, असिना जस्ता जलवायुजन्य प्रकोप तथा भूकम्प, चट्याङ जस्ता प्राकृतिक अनि सडक दुर्घटना र विद्युतीय दुर्घटना जस्ता गैरप्राकृतिक प्रकोपहरुबाट प्रभावित क्षेत्र भएको देखिन्छ । विशेष गरी भूकम्प, बाढी तथा पहिरो, चट्याङ र हुरीबतासले विद्यालयको भौतिक पूर्वाधारहरुमै प्रभाव पारेको देखिन्छ भने अन्य प्रकोपहरुले पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा शिक्षक, विद्यार्थी र नियमित शिक्षण सिकाई क्रियाकलापहरुलाई असर पुऱ्याएको छ । घर परिवार र समुदायमा घट्ने विपद्का घटनाले विद्यार्थीहरुमा मानसिक असर पुऱ्याई सिकाई उपलब्धिमा ह्रास ल्याएको छ । बाढी तथा पहिरो, हावाहुरी र भूकम्पका कारण विद्यालय हप्तौं सम्म बन्द भई पठन पाठन अवरुद्ध भएका घटनाहरु पनि छन् भने विद्यार्थी आवागमन गर्ने बाटो बाढी पहिरोका कारण अवरुद्ध भई विद्यालय जान नसकेका घटनाहरु पनि रहेका छन् । हेलम्बु गाउँपालिकाका विद्यालयहरुको प्रकोप संकटासन्नताको अवस्थाको लागि अनुसुची ४ हेर्नुहोला ।

### ३.३ हेलम्बु गाउँपालिकामा शिक्षा

यस गाउँपालिका क्षेत्रको १५ वर्ष देखि ६० वर्षसम्मको उमेर समूहको साक्षरता ६३.५ प्रतिशत रहेको छ । आधारभुत तहको खुद भर्नादर ९४ प्रतिशत रहेको छ । त्यस्तै ३ देखि ४ वर्षका बालबालिकाहरुको बाल बिकास केन्द्रसम्मको पहुँच दर ९७ प्रतिशत रहेको छ । दलित समुदायका बालबालिकाहरुको आधारभुत तहको शिक्षामा भर्ना दर ९० प्रतिशत रहेको छ । पहुँच र समताका क्षेत्रमा गाउँपालिकामा सन्तोषजनक अवस्था देखिएता पनि शैक्षिक गुणस्तर एउटा प्रमूख सवाल भएको छ । आधारभुत तहका कक्षाहरुमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरु ५.९२ प्रतिशत र बिचैमा कक्षा छाडने विद्यार्थीहरु ९.९ प्रतिशत रहेका छन् ।

हेलम्बु गाउँपालिकामा विद्यालय उमेरका (५ देखि १२ वर्ष उमेर समूहका) ६ प्रतिशत बालबालिका अझै विद्यालय बाहिर रहेको अनुमान गरिएको छ । विद्यालय बाहिर रहेका विद्यार्थी भन्नाले जो कहिल्यै विद्यालय जाने अवसर पाएका छैनन् या त विद्यालयको पढाई पुरा नगरी बिचैमा कक्षा छाडेका बालबालिकाहरु भन्ने बुझिन्छ । गरिबीका कारणले बालश्रममा परेर वा सामाजिक/जातीय वा अपाङ्गताका कारणले विभेदमा परेर अथवा सिमान्तकृत बनाइएर वा बाबुआमाको अज्ञानतका कारणले या परम्परागत लैङ्गिक विभेदका कारण आदिले बालबालिकाहरु विद्यालय बाहिर रहेको पाईन्छ । विपद्बाट अति प्रभावित क्षेत्रमा विपद्को प्रभावले शिक्षालाई अझ जोखिमयुक्त बनाउने गर्दछ । जसरी विपद् प्रभावित क्षेत्रमा रहेका सिमान्तकृतहरुको सामाजिक र आर्थिक क्षेत्रमा विपद्ले बढी प्रभाव पार्छ, त्यसरी नै नकारात्मक प्रभावले देशमा विद्यालय बाहिर रहेका

बालबालिकाको जाँच गरी संख्या अझ बढ्ने जोखिम रहन्छ । हाल गाउँपालिकामा ३५ वटा विद्यालय र ३२ वटा बाल विकास केन्द्रहरु रहेका छन् । (अनुसूची ३)

### ३.४ शिक्षण सामग्रीको लेखाजोखा

सामान्य अवस्थामा समेत पाठ्य पुस्तक तथा अन्य शिक्षण सामाग्रीको आपूर्तिमा चुनौतिहरु रहेका हुन्छन । विपदको अवस्थामा यो अवस्था झन् बिग्रने निश्चित हुन्छ । गाउँपालिकामा आपतकालीन अवस्थाका लागि शिक्षण सामाग्रीको विद्यमान अवस्था ।

| | शिक्षण सामाग्री | कहाँ | जम्मा | १ सेट कति बालबालिकाको लागि ? |
|---|---|---|---|---|
| १ | ECD किट | | | ४-५ वर्षका बालबालिकाका लागि १ अस्थायी सिकाई केन्द्रमा २५ जनाको लागि १ सेट |
| २ | स्कुल किट | | | कक्षा १-८ सम्मका ४० जनाको लागि १ सेट |
| ३ | विद्यार्थी किट (आधारभूत तह) | | | कक्षा १-५ सम्मका १ जनाको लागि १ सेट |
| ४ | विद्यार्थी किट माध्यमिक ( छात्र र छात्राहरुको लागि) | | | कक्षा ६-८ सम्मका १ जनाको लागि १ सेट |
| ५ | किशोरी किट | | | कक्ष ६-८ सम्मल १२० जनाको लागि २ सेट |
| ६ | शिक्षक किट | | | कक्षा ५ सम्मका १२० विद्यार्थीका लागि २ सेट, |
| ७ | विभिन्न प्रकारका अपांगता भएका विद्यार्थीका लागि सामाग्री | | | सहायक सामाग्रीहरु |
| ८ | मनोरंजन किट लगायत खेलकुद तथा कला आदि | | | कक्षा ५ सम्मका १२० विद्यार्थीका लागि २ सेट, कक्ष ६-८ सम्मल १२० जनाको लागि २ सेट |
| ९ | प्राथमिक उपचार बक्स | | | हरेक विद्यालयहरुमा २० देखि ३० जनाका लागि १ सेट |
| १० | पाठ्यपुस्तक (१-५) | | | आवश्यकता अनुसार |
| ११ | पाठ्यपुस्तक (६-१०) | | | |
| १२ | पाठ्यपुस्तक (१०-१२) | | | |
| | जम्मा | | | |

* प्रत्येक विद्यालयहरुले आफनो विद्यालयको सुरक्षित स्थानमा आवश्यक पर्ने किटहरुको व्यवस्थापन स्वंयम विद्यालयहरुले गर्ने ।

***


**परिच्छेद ४**

## भूकम्पको परिदृश्य र पूर्वतयारी तथा प्रतिकार्य योजना

### ४.१ परिचय: भूकम्प

नेपाल भूकम्पको उच्च जोखिम क्षेत्रमा पर्छ । भूकम्पको जोखिमको वर्गीकरणका आधारमा देशलाई उत्तर-पश्चिमदेखि दक्षिण-पूर्व दिशामा तीनवटा क्षेत्रहरूमा विभाजन गर्न सकिन्छ (चित्र १) । विगतका भूकम्प तथा भौगर्भिक विश्लेषणका आधारमा देशको मध्य र पश्चिमी भागमा भूकम्पको जोखिम पूर्वी, उत्तरी र दक्षिणी भागहरू भन्दा अलि बढी छ । कमजोर भौतिक संरचना भएका विद्यालय भवनमा भूकम्पको जोखिम अत्यधिक रहेको छ । विक्रम संवत् २०७२ सालको बैशाखमा पहिलो भूकम्पमा बिदाको दिन भएकाले विद्यालय बन्द भएको र दोस्रो भूकम्पमा पहिलो भूकम्पको कारण विद्यालय बन्द रहेकोले मानवीय क्षतिको हिसाबले नराम्रो प्रभाव पर्नबाट जोगिएको थियो ।

**चित्र:१ नेपालको भूकम्प जोखिम नक्सा**




*श्रोत: राष्ट्रिय शिक्षा समुहको आपतकालीन योजनाबाट साभार*

### ४.२. भूकम्पको घटना (परिदृष्य)

नेपालको कुनै पनि क्षेत्रलाई केन्द्रविन्दु बनाएर ८ तिब्रता वा सो भन्दा माथिको महाभूकम्पको लागि परिदृश्य योजना गर्नु कहाली लाग्दो हुन्छ । त्यो स्तरको भूकम्पले कुनै एउटा नगर वा गाउँपालिका मात्र नभएर देशको ठूलो भागलाई प्रभावित बनाउने हुनाले त्यसका लागि राष्ट्रिय स्तरकै आपतकालीन योजना र सो बमोजिमको प्रतिकार्य आवश्यक पर्दछ । यो आपतकालीन योजना नेपालको शिक्षा क्षेत्रको लागि आपतकालीन योजना, २०७९ ले कल्पना गरेको परिदृश्यका आधारमा गरिएको छ । सो योजनाले भने बेलायतको डरह्याम विश्वविद्यालयले नेपाल सरकारका कर्मचारी, शैक्षिक संस्थाहरु तथा नेपालका गैरसरकारी संस्थाहरुसँगको सहकार्यमा गरेको वैज्ञानिक अनुसन्धानबाट प्राप्त भूकम्पको नयाँ परिदृश्य (२०७९) लाई आधारको रुपमा लिएको छ । उक्त अनुसन्धानका अनुसार, भविष्यमा गत २०७२ सालको गोरखा भूकम्प भन्दा ठूलो अर्थात मात्रा ८ भन्दा ठूलो महाभूकम्पले पूर्वी नेपालका भन्दा पश्चिम नेपालका भूभागहरुमा अत्याधिक प्रभाव पार्ने छ । यस्तो अवस्था हुँदा गाउँपालिकामा रहेको स्वास्थ्य संस्थाले थेग्न सक्ने छैन । जिल्ला सदरमुकाममा रहेका



अस्पतालहरुमा पनि घाइतेहरुको भीड लाग्नेछ । औषधिहरुको अभाव हुनेछ तथा अस्पतालहरुले घाइते र बिरामीहरुको चाप धान्न सक्ने छैनन् । संरचनाहरुको विनाश र बाटो, पुल तथा हवाई मैदान अवरुद्ध हुन गई राहत कार्यमा अवरोध उत्पन्न हुनेछ । सञ्चार संजालमा क्षति हुने र भएका संजालहरु अत्याधिक चाप पर्न गई सञ्चार क्षमताले भ्याउन नसकी सूचनाको अभावमा प्रभावित क्षेत्रमा राहत सामग्री समयमा पुग्याउन नसक्दा स्थिति अझ गम्भीर हुन जान्छ । शुरुको अवस्थामा स्थानीय सरकारको प्रतिकार्य क्षमता सीमित हुनेछ । पछि पनि यति ठूलो महाविनाशको सामना गर्न प्रतिकार्यका लागि जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश सरकार र संघीय सरकारको भर पर्नु पर्ने हुनेछ । तल दिइएको घटना विवरण विनाशकारी भूकम्पको परिदृष्य हो । यो आँकलन घटना घटेको २४ घण्टाको अवधिको अवस्था कल्पना गरी तयार गरिएको हो ।

बुधवार अपरान्ह २ बजे बागमती प्रदेशको सिन्धुपाल्चोक जिल्लामा केन्द्रबिन्दु भएको ७.८ म्याग्निच्युडको भूकम्प गयो । भूकम्पबाट प्रदेशमा ३,८३,०२४ घरमा क्षति भएको छ । ती मध्ये १ लाख ४३ हजार ८४८ तत्काल भत्केर ध्वस्त भएका छन् । त्यस्तै, ९७ हजार ३४३ घरमा पुनः बसोबास गर्न नमिल्ने गरी क्षति भएका छन् । भूकम्पबाट ५ लाख भन्दा बढी घरमा राखेको अन्नपात र अन्य धनमालमा पनि व्यापक क्षति पुगेको छ । यस घटनामा ६ हजार १६२ मानिसको तत्कालै मृत्यु भएको छ भने १ लाख १४ हजार ३४५ जना घाइते भएका छन् ।

यो भूकम्पले हेलम्बु गाउँपालिकामा पनि धेरै क्षति पुर्याएको  छ ।  हाल सम्म प्राप्त जानकारी अनुसार पालिकामा करिब २१६३ जति घर क्षतिग्रस्त भएका छन् ।  त्यसै  गरी अहिले सम्म करिब १९३५ जनाको मृत्यु भएको प्रारम्भिक जानकारी प्राप्त भएको छ भने २८६२ जना घाइते भएको तथा ८०५१ जनसंख्या प्रभावित भएको प्रारम्भिक तथ्यांक आएको छ (तालिका ४.१) । भूकम्पबाट गोठमा क्षति हुँदा सयौ पशुपक्षीको मृत्यु भएको छ । तथ्यांक लिने कार्य हालसम्म पनि जारी रहेको छ । समयमै पशुपक्षीका मृत शरीरको उचित व्यवस्थापन गर्न नसके रोगव्याधीको जोखिम छ । भुकम्पले गाऊँपालिकामा रहेको ३५ वटा विद्यालयहरु मध्ये २३ वटामा पनि व्यापक क्षति पुर्याएको छ र अन्य १२ वटा विद्यालयहरुको भवनहरु भुकम्प प्रतिरोधात्मक भएका कारणले आंशिक क्षति पुगेको छ  । हाल सम्म प्राप्त तथ्यांकको आधारमा ३५४ जना बालबालिकाको मृत्यु भएको छ भने २९६२ जना घाईते भएका छन र खोज तथा उद्धार कार्य जारी रहेकाले यो संख्या अझ बढने सम्भावना रहेको जानकारी खोज तथा उद्धार कार्यदलले दिएको छ ।

**तालिका ४.१ परिदृश्य अनुसार भूकम्पबाट भएको मानवीय क्षति र असर**

| वडा नं. | मानव मृत्यु | घाइते | प्रभावित जनसंख्या | प्रभावित परिवार |
|---|---|---|---|---|
| १ | २४५ | ६४३ | १५३३ | ४१० |
| २ | ३३४ | ४५६ | १०९५ | २९३ |
| ३ | २४५ | ३५७ | ८७० | २३३ |
| ४ | २११ | २८९ | ९७५ | २६१ |
| ५ | ४३१ | ३५१ | १४६५ | ४०० |
| ६ | २५६ | ४२१ | ८५९ | २३० |
| ७ | २१३ | ३४५ | १२५४ | ३३६ |
| **जम्मा** | **१९३५** | **२८६२** | **८०५१** | **२१६३** |

भूकम्पका कारण धेरै पुल तथा सडक खण्डमा क्षति भएको छ। भूकम्पको व्यापक प्रभावको कारण ठाउँठाउँमा पहिरो गएर पालिकामा सडक यातायात अवरुद्ध भएको छ । सडक यातायात पूर्ण सुचारु गर्न १५ दिनसम्म लाग्न सक्नेछ। केहि ठाउंहरुमा हेलिकप्टर अवतरण र उडान गर्न सकिन्छ।

भूकम्पका कारण खानेपानीका मुहानमा पनि क्षति पुगेको छ । मुख्य बजारहरुमा कम्तिमा एक देखि दुई हप्तासम्म खानेपानीको अभाव हुनेछ। त्यसै गरी विद्युत आपूर्ति पनि अवरुद्ध हुनेछ। विद्युत आपूर्ति सुचारु गर्न ठाउँ हेरी १ देखि ३ हप्तासम्म लाग्नेछ। सञ्चार सेवा केही घण्टासम्म पूर्णरूपमा अवरुद्ध भयो। मोवाइल सेवा बेलुकी ७ बजेबाट पुनः सञ्चालनमा आएको छ। केही ठाउँमा सञ्चार सुचारु हुन ३ हप्तासम्म लाग्नेछ।

### ४.३ भूकम्पबाट शिक्षा क्षेत्रमा परेको असर

- कमजोर भौतिक संरचनाहरु र छरिएको बस्तीका कारणले गाउँपालिकाको जनसंख्याको ठूलो हिस्सा उच्च जोखिममा छ र यसले धेरै मानिसहरु प्रभावित भएका छन् । अधिकांश प्रभावितहरुले एक हप्ता सम्म राहत पाउन सक्ने छैनन्। संघबाट र देश बाहिरबाट आउने राहतका लागि १५-३० दिन सम्म पनि लाग्न सक्नेछ।
- गाउँपालिकाका अधिकांश भवनहरु भूकम्प प्रतिरोधी प्रविधिबाट बनाईएका छैनन् । भुइँचालोले घरहरु ध्वस्त भएका छन् र बाँकी घरहरु पनि भत्किएर बस्नका लागि असुरक्षित छन् । संरचनागत असुरक्षित भवनहरु विद्यालयको रुपमा प्रयोग गर्न नसकिने भएकाले संक्रमणकालीन सिकाई स्थानहरु आवश्यक पर्ने देखिएको छ ।
- भवन तथा संरचनाहरु भत्किएर बनेको भग्नावशेषको थुप्रोले अन्य प्रकोप बढाउने, पहिरो गएर सडक, बाटोघाटो थुनिएको तथा ओहोर दोहोर गर्न कठिनाई भएको छ। खुला स्थान प्रशस्त भएता पनि कतिपय जग्गाहरु भिरालो स्थानमा भएकोले तथा जग्गा उपलब्ध नभएको कारणले सबै विद्यालयको लागि अस्थायी सिकाई केन्द्र निर्माण गर्न उपयुक्त र पर्याप्त जमिन उपलब्ध नहुने देखिएको छ। नीजि तथा सार्वजनिक स्थानमा त्यस्ता केन्द्र निर्माण गर्दा सामाजिक द्वन्द उत्पन्न हुन सक्छ।
- घाइतेहरु सम्म पुग्नका लागि भग्नावशेषहरुलाई सही तरिका र होसियारीपूर्वक पन्छाउन अनिवार्य हुन्छ। भग्नावशेष भित्र पुरिएका घाइतेहरुलाई उद्धार गर्न सावधानी अपनाउनु पर्ने र उद्धार कार्यमा अनुभवी हुनुपर्ने भएकाले यो प्रक्रियाले ढिलो हुने देखिन्छ।
- पानी वितरण प्रणाली एक देखि दुई हप्तासम्म प्रभावित हुन सक्ने भएकाले हैजा जस्ता पानीबाट फैलने रोगहरु महामारीको रुपमा देखिन सक्ने अवस्था छ।
- समुदायमा परेको विपत्तिका कारण पनि लामो समयसम्म बालबालिकाहरू विद्यालय बाहिर रहन सक्ने जोखिम छ । प्रारम्भिक बाल विकास देखि माध्यमिक तह सम्मका तीन हजार भन्दा बढी विद्यार्थीलाई शैक्षिक सामग्री सहायता आवश्यक पर्ने अनुमान छ । भूकम्पका कारण विद्यार्थी, कर्मचारी, अभिभावकहरूमा मानसिक आघात परेको छ । विपद् प्रतिकार्यमा अस्थायी सिकाइ केन्द्रको स्थापना, शैक्षिक सामग्रीको वितरण र बालबालिका, अभिभावक र शिक्षकहरूलाई मनोसामाजिक सहयोग उपलब्ध गराउनु प्रमुख प्राथमिकता रहेको छ।

### ४.४ भूकम्पको प्रतिकार्य रणनीति

विपद् प्रतिकार्य गर्न विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह सञ्चालन कार्यविधि, २०७९ बमोजिम स्थानीय शिक्षा समूह परिचालित हुनेछ । यस सिलसिलामा गाउँपालिकाको शिक्षा समूह र अन्य विषयक्षेत्रका समूहसँग आवश्यक समन्वय र तालमेल गरी कार्यसञ्चालन गरिनेछ । स्थानीय शिक्षा समूहका मुख्य रणनीतिक क्रियाकलापहरू निम्न बमोजिम हुनेछन् ।

- प्रभावित क्षेत्रका विद्यालयको द्रूत लेखाजोखा गरी क्षतिको मूल्याङ्कन गर्ने र विद्यालय भवनलाई सुरक्षित र असुरक्षित वर्गमा छुट्याउने,
- शैक्षिक सामग्रीमा भएको क्षति र पठनपाठन निरन्तर गर्न चाहिने शैक्षिक सामग्रीको लेखाजोखा गर्ने,
- सुरक्षित स्थानमा आवश्यक आधारभुत सेवा सुविधा सहितका अपाङ्गता भएका बालबालिका र किशोरकिशोरी समेतलाई उपयुक्त हुने गरी अस्थायी सिकाई केन्द्रहरु (TLCs) वा अस्थायी सिकाइ केन्द्र वा अनलाइन सिकाइ केन्द्र वा भर्चुअल कक्षा स्थापना गर्ने,
- आपत्कालीन शैक्षिक सामग्री वितरण गर्ने,
- शिक्षक तथा सहजकर्तालाई आवश्यक अनुशिक्षण र परामर्श प्रदान गर्ने,
- विद्यालय र् पठनपाठन सञ्चालन गर्न समुदाय परिचालन गर्ने,
- शिक्षाक्षेत्रको मानवीय सहायता र आपतकालीन पठनपाठन र सिकाई सञ्चालनमा अन्तर्राष्ट्रिय न्यूनतम मापदण्ड (INEE standards) पालना गर्ने, गराउने,
- प्रभावित परिवारहरूको मानवीय आवश्यकता परिपूर्ति साथै बालबालिकाको संरक्षण, सरसफाई, सरसामान, आश्रय, स्वास्थ्य र पोषण जस्ता साझा सरोकारका सवाल सम्बोधन गर्न सम्बन्धित समुहहरूसँग समन्वय र सहकार्य गर्ने,
- भूकम्प पछिको समय अवधिमा (० देखि ३-६-१२-२४-७२ घण्टा, ७२ घण्टा-२ हप्ता, २ हप्ता- ३ महिना आदि) क्रमशः गर्नुपर्ने क्रियाकलाप र समूहका सदस्यको जिम्मेवारी निर्धारण गरी कार्यान्वयन गर्ने,
- अन्तर्राष्ट्रिय सहायता परिचालन भएको अवस्थामा सम्बन्धित संघ, संस्थासँग समन्वय गर्न सहजीकरण गर्ने,
- मानवीय सहायता परिचालन र शैक्षिक सामग्री आपूर्ति गर्दा यथोचितरूपमा सामग्री, नगद, प्रविधि तथा अन्य उपाय अवलम्बन गर्ने र मानवीय सहायतामा भिजिविलिटि सम्बन्धी सहमति भएको मापदण्ड लागु गर्ने ।

### ४.५ भूकम्पको सामना गर्न आवश्यक र विद्यमान क्षमता विश्लेषण

**आवश्यक क्षमता**

तालिका ४.२ आवश्यकताको विवरण (भूकम्प परिदृश्यका लागि)

| क्रस. | आवश्यकताको विवरण | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| क | जनशक्ति | संख्या | | मापदण्ड अनुसार |
| १ | तालिम प्राप्त उद्धारकर्मी, शिक्षक टोली | संख्या | ३५ | हरेक विद्यालयमा एकटोली (शिक्षक, कर्मचारी र विद्यार्थी), प्रति टोली ६ जना, (संख्या अवस्था अनुसार थपघट गर्न सकिने) । हाल प्रत्येक विद्यालयमा १ जना बाल संरक्षण सर्म्पक व्यक्तिले विपद् सम्पर्क व्यक्तिको रुपमा कार्य गरीरहेको । |

| | | | | |
|---|---|---|---|---|
| २ | क्षति र आवश्यकता मुल्यांकन गर्नको लागि दक्ष (IRA) टोली | | ३५ | प्रति टोली २ जनाका दरले । (१ जना वडा विपद् व्यवस्थापन समिती र १ जना शिक्षक) |
| ३ | आपत्कालीन अवस्थामा पठनपाठन गराउन तालिम प्राप्त शिक्षक संख्या | | ३५ | प्रति विधालय एक जना विपद् सम्पर्क शिक्षक (बाल संरक्षण सर्म्पक व्यक्ति) |
| **ख** | **सामाग्री तथा प्रविधि औजार** | **संख्या** | | |
| १ | ECD किट | संख्या | ३० | ४० विद्यार्थी बराबर १ इसिडि किट, प्रति केन्द्र एक (न्युनतम), ७६९ जनाको लागि । |
| २ | स्कूल किट परिदृष्य अनुसार | | ३५ | प्रति विद्यालय एक (न्युनतम) |
| ३ | शिक्षक किट (आधारभुत) | | ३० | प्रति ४० विद्यार्थी एक शिक्षक/कक्षा किट |
| ४ | शिक्षक किट (माध्यमिक) | | ७३ | प्रति ४० विद्यार्थी एक शिक्षक/कक्षा किट |
| ५ | विद्यार्थी किट (आधारभूत तह) | | २६६९ | प्रति विद्यार्थी एक किट |
| ६ | विद्यार्थी किट (माध्यमिक तह) | | ७५० | प्रति विद्यार्थी एक किट |
| ७ | किशोरी किट | | १६४२ | प्रति विद्यार्थी एक किट |
| ८ | अपाङ्गता भएका विद्यार्थीका लागि सामाग्री | | १४ | प्रति विद्यार्थी |
| ९ | मनोरंजन किट लगायत खेलकुद तथा कला आदि | सेट | ३५ | प्रति विधालयमा कम्तिमा १ सेट |
| १० | प्राथमिक उपचार बक्स | | १४२ सेट | हरेक विद्यालयहरुमा २० देखि ३० जनाका लागि १ सेट |
| ११ | पाठ्य पुस्तक (१-८) | सेट | २२० | हरेक विद्यालयमा प्रति कक्षा १० सेट को दरले |
| १२ | पाठ्य पुस्तक (९-१२) | सेट | १३० | हरेक विद्यालयमा प्रति कक्षा १० सेट को दरले |
| **ग** | **आधारभूत भौतिक संरचना र सामाग्री** | | | |
| १ | सुरक्षित खुला स्थान | संख्या | | थप जानकारीको लागि अनुसुची ४ हेर्नु होला । |
| २ | अस्थायी सिकाई केन्द्रका लागि निर्माण सामाग्री (कक्षा कोठा) | सेट | ३५ | परिदृश्य अनुसार |
| ३ | कार्यालय कोठा | सेट | ३५ | परिदृश्य अनुसार |
| ४ | शौचालय (अपांग मैत्री) | सेट | ३५ छात्र, ६९ छात्रा | छात्र-छात्राका लागि बेग्ला बेग्लै (स्फियर मापदण्ड अनुसार) ४२८३ जना छात्र तथा छात्रा |
| ५ | खाने पानी (अपांग मैत्री) | सेट | १७ | प्रतिधारा २५० जना (प्रति मिनेट ७.५ लिटरको प्रवाह दरमा आधारित स्फियर मापदण्ड अनुसार) |
| **घ** | **लागत रकम** | | | |
| १ | पुर्वतयारीका लागि आवश्यक रकम | रु | | भूकम्पको अनुमानको आधारमा |
| २ | प्रतिकार्यका लागि आवश्यक रकम | रु | | |
| | जम्मा रकम | | | |
| | गाउँपालिकाबाट उपलब्ध हुने रकम | रु | | ६०% अनुमानित |
| | संघ तथा प्रदेशबाट प्राप्त हुने रकम | रु | | ४०% अनुमानित |
| १ | शिक्षा क्षेत्रको कोष | रु | | |
| २ | विपद व्यवस्थापन कोषबाट प्रतिबद्धता भएको रकम | रु | | स्थानीय विपद व्यवस्थापन समितिको निर्णयबाट उपलब्ध हुने |
| ३ | गैरसरकारी क्षेत्रबाट प्रतिबद्धता भएको रकम | रु | | |
| ४ | निजी विद्यालयबाट छुट्याइएको रकम | रु | | |
| **ङ** | **संस्थागत संरचना** | **संख्या** | | |
| १ | विपद व्यवस्थापन समिति | | २४ | हरेक विद्यालयमा र गाउँपालिकामा *(न्यू विधार्थी संख्या भएको विधालयमा आवश्यक भए बनाउने)* |

| | | | | |
|---|---|---|---|---|
| २ | उद्धार टोली | | ३५ | हरेक विद्यालयमा |

### ४.६ भूकम्पको परिदृश्यका लागि शिक्षा क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना

### ४.६.१ आधारभूत र सामान्य पुर्व तयारी योजना

तालिकाःआधारभूत तथा सामान्य पूर्वतयारी

| क्रियाकलाप | आवश्यकता | स्थान | कहिले गर्ने | जिम्मेवार निकाय | बजेट/श्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| **जनशक्ति व्यवस्थापन** | | | | | |
| इरा (IRA), मिरा (MIRA) को विषयमा गाउँपालिकामा तालिम संचालन गर्ने | १ | हेलम्बु गाउँपालिका | हरेक वर्ष | शिक्षा समुह नेतृत्व तथा सहयोगी संस्थाहरु | |
| तालिम प्राप्त जनशक्तिको रोष्टर तयार गर्ने | १ तथ्यांक | | हरेक वर्ष | | |
| स्थानीय शिक्षा समुहका सदस्यहरुलाई प्रशिक्षण संचालन गर्ने | १ | | हरेक वर्ष | | |
| विद्यालय सुरक्षा सम्बन्धी तालिम संचालन गर्ने | ३५ | | हरेक वर्ष | | |
| सुचना व्यवस्थापन अधिकृत/विपद सम्पर्क व्यक्तिलाई तथ्यांक संकलन गर्ने र को, कहाँ, के गर्दै छ (3W) सम्बन्धी रिपोर्टिंग गर्न तालिम संचालन गर्ने | १ | | हरेक वर्ष | | |
| विपदको समयमा के गर्न हुने तथा नहुने बारे आचार संहिता बारे तालिम संचालन गर्न स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय र सहकार्य गर्ने | १ | | हरेक वर्ष | | |
| शिक्षा क्षेत्रमा कार्यरत संघसंस्थाहरुको विवरण संकलन तथा अद्यावधिक गर्ने | १ | | हरेक वर्ष | | |
| शिक्षा समुहको अन्तरतहगत समन्वय तथा अन्तर समुहगत समन्वय गर्न संयन्त्र निर्माण गर्ने | १ | | हरेक वर्ष | | |
| अंतरसमुहगत बैठक बस्ने् | ३ | | ४ महिनामा १ पटक | | |
| अस्थायी सिकाई केन्द्र स्थापना र विस्थापितहरुलाई अस्थायी आश्रय स्थल बनाउन वैकल्पिक ठाउंको पहिचान गर्न स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय र सहकार्य गर्ने | ७ | | हरेक वर्ष | | |
| विद्यालय सुरक्षा तथा विपद जोखिम न्यूनीकरण, भग्नावशेष सफा गर्ने र अस्थायी कक्षाकोठाको संचालन तथा | ७ | | हरेक वर्ष | | |

| | | | | | |
|---|---|---|---|---|---|
| मर्मत सम्भार गर्न समन्वय गर्ने | | | | | |
| विद्यालय तथा अन्य स्थानहरुमा कृत्रिम घटना अभ्यास, सिमुलेसन संचालन गर्न तालिम प्रदान गर्न विद्यालय व्यवस्थापन समिति, वडा विपद व्यवस्थापन समिति तथा स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय र सहकार्य गर्ने) | ३५ | | हरेक वर्ष | | |
| **शैक्षिक तथा अन्य सामाग्री र उपकरण व्यवस्थापन** | | | | | |
| आवश्यक परिमाणमा शैक्षिक सामग्रीको व्यवस्था गर्न आपुर्तीकर्ताहरु पहिचान गरी उनीहरुसंग अग्रीमरुपमा संम्फौता गर्न स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय र सहकार्य गर्ने । | | | हरेक वर्ष | | |
| आपात्कालीन अवस्थामा नियमित प्रक्रियाबाट सामाग्रीहरु खरिद गर्न संभव नहुने भएकोले खरिद नियमावलीमा आवश्यक संसोधन गर्न स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय र सहकार्य गर्ने । | | हेलम्बु गाउँपालिका | | | |
| सबै विद्यालयलाई शिक्षण सामाग्रीहरु सुरक्षित ठाउंमा राख्न अनुरोध गर्ने | सबै विद्यालय | | निरन्तर | शिक्षा समुह नेतृत्व तथा सहयोगी संस्थाहरु | |
| विपदको समयमा अपनाउनु पर्ने सावधानी र सुरक्षाका उपाय तथा अनुशासनका बारेमा विद्यार्थीहरुलाई सचेत गर्ने तथा स्थानीय पाठ्यक्रमलाई समेत जोड्ने र सोको लागि समन्वय गर्ने | सबै विद्यालय | | निरन्तर | | |
| विपदको समयमा पठनपाठनलाई निरन्तर गर्न आवश्यक तयारी गर्ने र समन्वय गर्ने | सबै विद्यालय | | निरन्तर | | |
| गाउँपालिका तथा अन्य समुहसंग समन्वय र सहकार्य गरी राहतमा नगद वितरण गर्ने कार्यविधि तयार गर्नमा स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय र सहकार्य गर्ने | १ | हेलम्बु गाउँपालिका | निरन्तर | | |
| बन्दोवस्ती समुहसंग समन्वय गरी सम्भावित विपद प्रभावित स्थानहरुमा आपतकालीन शिक्षाका सामाग्रीहरु ढुवानी गर्न व्यवस्था मिलाउने | १ | प्रवाहित स्थानहरुमा | निरन्तर | | |
| अन्य समुह तथा राष्ट्रिय विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणसंग समन्वय र सहकार्य गरी अस्थायी कक्षाकोठाको डिजाइन र | १ | | २०८१/२०८२ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा संचालन कार्यविधि तयार गर्ने वा तत् निकायबाट तयार गरिएका डिजाइनलाई लागु गर्ने | | हेलम्बु गाउँपालिका | | | |
| आपतकालीन अवस्थामा पठनपाठन सामाग्री (पुस्तक, कापी, कलम आदि वितरण सम्बन्धी कार्यविधि तयार गर्नमा स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय र सहकार्य गर्ने । | १ | | २०८१/२०८२ | | |
| आपतकालीन शिक्षा सामाग्री वितरणको कार्यविधि, मापदण्ड र वितरण फारमहरू तयार गरी राख्ने | १ | | २०८१/२०८२ | | |
| वडा विपद व्यवस्थापन समिति तथा शिक्षा समुह नेतृत्वलाई संचारका लागि भरपर्दो प्रविधि, औजारको व्यवस्था गर्न (स्याटेलाइट फोन, ट्याब्लेट, वायरलेस सेट आदि) स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय र सहकार्य गर्ने । | १ | | २०८१/२०८२ | | |
| **विद्यालयहरुमा सचेतना** | | | | | |
| भूकम्पीय सुरक्षा सम्बन्धी विद्यार्थी र शिक्षकहरुका लागि सचेतना कार्यक्रम आयोजना गर्न स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय र सहकार्य गर्ने । | राष्ट्रिय भूकम्पीय सुरक्षा दिवस तथा अन्य समयमा | हेलम्बु गाउँपालिका | निरन्तर | शिक्षा समुह नेतृत्व तथा सहयोगी संस्थाहरु | |
| विद्यालयमा आपतकालीन अवस्थाका लागि अभिमुखीकरण तथा क्षमता अभिवृद्धिका लागि विद्यालय र वडागत कार्यक्रम संचालन गर्न वडा तथा विद्यालय व्यवस्थापन समितिसंग समन्वय र सहकार्य गर्ने । | ७ | | निरन्तर | | |
| आपतकालीन अवस्थामा बालबालिका माथि हुन सक्ने यौन दुर्व्यवहार तथा यस्तै प्रकारका घटना बारे अभिमुखीकरण कार्यक्रम चलाउने | ७ | | निरन्तर | | |
| विद्यालयहरुमा बाल संरक्षण शिक्षकहरुलाई विपद तथा विपदको बेलामा बालबालिका प्रति हुन् सक्ने विभिन्न घटनाबाट उनीहरुलाई कसरी संरक्षण गर्ने बारे तालिम संचालन गर्ने | ३५ | | निरन्तर | | |
| विद्यार्थी भर्ना तथा विपद जोखिम परिवेश अनुरुप यस योजना हरेक वर्ष पुनरावलोकन तथा समसामयिक रुपमा अद्यावधिक गर्ने | १ | | हरेक वर्ष ज्येष्ठ मसान्त भित्र | | |

### ४.६.२ सामान्य पूर्वतयारी योजना कार्यान्वयन गर्न स्रोत व्यवस्थापन

अपुग क्षमता तत्काल पुरा गर्न सकिने अवस्था नदेखिएको हकमा सम्बन्धित संस्थाले आफ्नो माथिल्लो निकाय साथै सम्भावित दातासमक्ष प्रस्तावना पेश गरी अनुरोध गर्न तथा विपद् घटना हुना साथ तत्काल परिस्थितिको लेखाजोखा गरी सदस्यहरूले स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय गरी बाह्य सहयोगको अपिल गर्ने रणनीतिक योजना तय गरिएको छ । अपुग स्रोतसाधन र क्षमताको परिपूर्ति देहाय बमोजिम गरिने छ :

१) शिक्षा तथा मानवस्रोत विकास केन्द्रसंग समन्वय गरी विपद् अवधिमा आवश्यक परेमा शिक्षा क्षेत्रको लागि सामाग्री मांग गर्ने
२) स्थानीय विपद व्यवस्थापन समितिको निर्णय बमोजिम स्थानीय विपद व्यवस्थापन कोष मार्फत श्रोत जुटाउने
३) पालिका भित्र शिक्षा र विपदमा कार्य गर्ने संघसंस्थासंग सहयोगको लागि सहकार्य गर्ने
४) सहयोगी संस्थाहरुले आवश्यकता परिपूर्तिका लागि स्रोतसाधन जुटाउन पहल गर्ने,

### ४.६.३ भूकम्पको प्रतिकार्य योजना

तालिका ४.६ भूकम्पको लागि प्रतिकार्य योजना

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| ०-७२ घण्टा (परिदृष्य बमोजिम) | | | | |
| | सूचना आदानप्रदान संयन्त्र मार्फत भूकम्प गएका क्षेत्रमा विद्यालयमा परेको असरको बारेमा जानकारी लिने | प्रभावित क्षेत्र | समूह नेतृत्व, वि. वि. व्य. स. र वडा वि.व्य.समिती | |
| | समूहको आपत्कालीन बैठक बोलाउने र अवस्थाको विश्लेषण गर्ने | गाउँपालिकामा | समूह नेतृत्व | |
| | तत्काल उद्धार राहतका लागि समूह परिचालन गर्न स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय र सहकार्य गर्ने । | | समूह नेतृत्व | |
| | प्रभावित क्षेत्रमा ईरा टोली परिचालन गर्न तयारी गर्ने | | समूह नेतृत्व तथा सहयोगी संस्थाहरु | |
| | उपयुक्त सञ्चार माध्यमबाट विद्युत आदि आगलागी हुने स्रोतहरू बन्द गर्ने जस्ता अत्यावश्यक सूचनाहरू प्रवाह गर्न स्थानीय आपातकालिन कार्यसंचालन केन्द्रसंग सहकार्य गर्ने । | प्रभावित क्षेत्रका विद्यालय तथा समुदायमा | | |
| | उद्धार गर्न बाहय सहायता आवश्यक भए स्थानीय विपद व्यवस्थापन समिति मार्फत जिल्ला, गृह मन्त्रालय/प्राधिकरणसँग समन्वय गर्ने | गाउँपालिकामा | | |
| | सूचना आदानप्रदान संयन्त्र मार्फत भूकम्प गएका क्षेत्रमा विद्यालयमा परेको असरको बारेमा जानकारी लिन वडा तथा विद्यालय विपद व्यवस्थापन समितिसंग समन्वय र सहकार्य गर्ने । | | | |
| | विद्यालय शिक्षक, कर्मचारी तथा | प्रभावित क्षेत्रबाट | | |

| | | | | |
|---|---|---|---|---|
| | विद्यार्थीहरूको अवस्थाको बारेमा विद्यालय विपद व्यवस्थापन समितिसंग जानकारी सङ्कलन गर्ने । | | | |
| | अवस्था विश्लेषण गरी प्रतिवेदन तयार गरी स्थानीय विपद व्यवस्थापन समितिमा पेश गर्ने । | गाउँपालिकामा | | |
| | प्रभावित क्षेत्रमा भ्रमण गर्ने | प्रभावित क्षेत्रमा | | |
| | प्रारम्भिक द्रत लेखाजोखा (IRA) गर्न समन्वय र सहयोग गर्ने तथा लेखाजोखाबाट प्राप्त जानकारी विश्लेषण गर्ने | | | |
| | विश्लेषणको आधारमा सहायता आवश्यकता विवरण तयार पार्ने | गाउँपालिकामा | | |
| | तत्काल सहयोगको योजना बनाउने | | | |
| | अन्य संस्था/समूहसँग समन्वय गर्ने | | सम्पर्क व्यक्ति | |
| **७२ घण्टा-२ हप्ता** | | | | |
| | प्रारम्भिक द्रुत लेखाजोखा (MIRA) गर्न समन्वय र सहयोग गर्ने | प्रभावित क्षेत्रमा | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| | प्रतिकार्यको अनुगमन गर्ने | | अनुगमन समिति | |
| | कामको प्रतिवेदन र अवस्थाको बारेमा सार्वजनिक जानकारी गराउने | पालिकामा | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| | पठनपाठन, कक्षा सञ्चालन गर्न समन्वय र सहयोगका लागि तयारी गर्ने | पालिकामा र प्रभावित क्षेत्रमा | | |
| | जनशक्ति तथा सामग्रीहरू स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय गरी सम्बन्धित विद्यालय, अस्थायी क्याम्पमा पठाउने । | प्रभावित क्षेत्रमा | | |
| | समुदायमा बालबालिकाहरूलाई विद्यालय आउन/पठाउन सचेतना तथा मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्न स्थानीय वि. व्यवस्थापन समितिलाई आवश्यक सहयोग तथा समन्वय गर्ने । | | | |
| | आवश्यक वैकल्पिक प्रविधिको प्रयोग गरी पठनपाठन सुचारु गर्न स्थानीय वि.व्यवस्थापन समितिलाई आवश्यक सहयोग गर्ने । | | | |
| | स्थानीय रहनसहनको सम्मान गर्न र धर्मान्तरण नगर्न नगराउन सबै सहायताकर्मीलाई निर्देश दिन स्थानीय वि.व्यवस्थापन समितिसंग समन्वय गर्ने | सम्बन्धित सहयोग गर्ने संघसंस्थाहरूलाई | | |
| | लैङ्गिक मैत्री तथा अपाङ्गता मैत्री पठनपाठन सञ्चालन गर्न स्थानीय विपद व्यवस्थापन समितिलाईलाई | सम्बन्धित संघसंस्थाहरूलाई | | |

| | | | | |
|---|---|---|---|---|
| | सहयोग तथा समन्वय गर्ने । | | | |
| | बालबालिकाको संरक्षण तथा सुरक्षित वातावरणमा पठनपाठन सुनिश्चत गर्न आवश्यक समन्वय, सहयोग र नेतृत्व गर्ने | प्रभावित क्षेत्रमा | | |
| २ हप्ता - ४ हप्ता | | | | |
| | विद्यालय सञ्चालन निरन्तरता गर्न स्थानीय वि. व्यवस्थापन समिति र विद्यालयलाई सहयोग गर्ने | प्रभावित क्षेत्रमा | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| | अस्थायी कक्षा इसिडि र अरु शैक्षिक क्रियाकलाप चलाउन सहयोग समन्वय गर्ने तथा आवश्यक भए वैकल्पिक कक्षा चलाउन सहयोग गर्ने | | | |
| | अनुगमन तथा स्थितिको विश्लेषण गर्ने | | | |
| | जनशक्ति अपुग भएका ठाउँमा शिक्षक तथा अन्य सहायताकर्मी पठाउन समन्वय गर्ने | | | |
| | विषय क्षेत्रगत विस्तृत आवश्यकता लेखाजोखा (CSDA) गर्न आवश्यक नेतृत्व तथा समन्वय गर्ने | | | |
| | बालबालिकाको संरक्षण तथा सुरक्षित वातावरणमा पठनपाठन सुनिश्चत गर्न आवश्यक समन्वय, सहयोग र नेतृत्व गर्ने | | | |
| १ महिना-३ महिना | | | | |
| | अस्थायी कक्षा र बाल विकास केन्द्र निरन्तर चलाउन सहयोग गर्ने | प्रभावित क्षेत्रमा | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| | सूचना सङ्कलन, विश्लेषण पश्चात स्थानीय वि. व्यवस्थापन समिति मार्फत प्रकाशन गर्ने | पालिकामा | | |
| | बालबालिकाको संरक्षण तथा सुरक्षित वातावरणमा पठनपाठन सुनिश्चत गर्न आवश्यक समन्वय, सहयोग र नेतृत्व गर्ने | प्रभावित क्षेत्रमा | | |
| | आवश्यकता भए अलि पक्की संरचना भएका कक्षाकोठा बनाउन समन्वय गर्ने | | | |
| | विपद् पश्चात्को पुन:निर्माण आवश्यकता मूल्याङ्कन (PDNA) गर्न स्थानीय वि. व्यवस्थापन समितिसंग समन्वय तथा सहयोग गर्ने | | | |
| | परिदृष्यमा आँकलन गरे भन्दा विकराल स्थिति सृजना हुन गएमा परिस्थितिको विश्लेषण गरी आवश्यक योजना तयार गरी लागु गर्ने | | | |

### ४.६.४ भूकम्पको प्रतिकार्यमा लैङ्गिक, सामाजिक एवं समावेशिता र अपाङ्गता भएकाहरूको विशिष्ट आवश्यकताको सम्बोधन गर्न क्रियाकलाप र रणनीति

तालिका ३.७ भूकम्पको अवस्थामा विशिष्ट आवश्यकताका लागि योजना

| क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | अभिभावक |
|---|---|---|---|
| अपाङ्ग-मैत्री भौतिक संरचना निर्माण तथा सञ्चालन गर्न समन्वय, सहयोग तथा पैरवी गर्ने | गाउँपालिकामा | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| अपाङ्ता भएका विद्यार्थी अनुकूल हुने गरी सिकाई वातावरण तयार गर्न समन्वय, सहयोग तथा पैरवी गर्ने | | | |
| अपाङ्ता भएका विद्यार्थीका लागि पाठ्य तथा सिकाइ सामग्री उपलब्ध गराउन समन्वय, सहयोग तथा पैरवी गर्ने | | | |
| अपाङ्ता भएका विद्यार्थीका लागि विद्यालय सम्मको सहज पहुँच सुनिश्चित गर्न समन्वय, सहयोग तथा पैरवी गर्ने | | | |
| विद्यालय आउने उमेर भएका बालबालिकाहरु तर विभिन्न कारणले विद्यालय नआएका बालबालिकाहरुलाई आपतकालीन अवस्थामा सिकाई निरन्तरता गर्नका लागि उपयुक्त वातावरणमा सिकाई व्यवस्था गर्न पहल गर्ने | | | |
| विपद्का कारण अपांगता भएका बालबालिका तथा व्यक्तिहरुको सहायक सामाग्रीहरु हराउने तथा बिग्रन सक्ने हुनाले त्यस्तो अवस्थामा उक्त सामाग्रीहरुको वितरण गर्ने | | | |
| विद्यालयमा शिक्षक, कर्मचारी, हेरालु तथा अभिभावकहरुलाई विपद्को समयमा अपांगता भएका बालबालिका तथा व्यक्तिहरुलाई कसरी बचाउने भन्ने सम्बन्धमा अभिमुखीकरण कार्यक्रम चलाउने । | | | |

### ४.६.५ सञ्चार तथा पैरवी योजना

पूर्वतयारी चरणमा सञ्चार तथा पैरवी

| क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|
| भूकम्पीय सुरक्षा सम्बन्धी सन्देश तथा कार्यक्रमहरू निर्माण तथा प्रकाशन प्रसारण गर्न स्थानीय वि. व्यवस्थापन समितिसंग समन्वय तथा सहयोग गर्ने | एफएम रेडियो | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी सन्देश तथा कार्यक्रमहरू निर्माण तथा प्रसारण गर्न स्थानीय वि. व्यवस्थापन समितिसंग समन्वय तथा सहयोग गर्ने | केबल टेलिभिजन | | |
| शिक्षा लगायतका सामाजिक विषयमा केन्द्रित सञ्चारमूलक गतिविधिमा विपद व्यवस्थापनको विषय समेट्ने | छापा माध्यम | | |
| बालबालिकाहरूको शारीरिक, मानसिक, लैङ्गिक तथा सामाजिक सुरक्षाको सुनिश्चितता गर्न आवश्यक चेतना अभिवृद्धि तथा संस्थागत प्रवन्ध मिलाउन पैरवी गर्ने | न्यूज मिडिया अनलाइन र सामाजिक सञ्जाल | | |
| विपदको समयमा बालबालिका माथि हुन् सक्ने दुर्व्यवहार तथा हिंसाका घट्न सक्ने र कसरी उनीहरुलाई संरक्षण गर्न | सबै सुचनाको माध्यम | | |

| | | | |
|---|---|---|---|
| सकिन्छ भन्ने बारे सुचना सम्प्रेषण गर्ने | | | |

## आपत्कालीन अवस्थामा सञ्चार तथा पैरवी

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| ०-७२ घण्टा<br>२ हप्ता-१-महिना<br>१ महिना-३ महिना | आपत्कालीन अवस्थाका बारेमा सञ्चार माध्यमबाट जानकारी दिने:<br>• भूकम्प र परकम्पहरू बारे<br>• खुला स्थान र भेला हुने बारे<br>• घाइतेको अवस्था र उद्धारका बारे<br>• शिक्षा निरन्तरता बारे<br>• शीघ्र पुनर्स्थापना बारे सुनिश्चितता गर्न आवश्यक चेतना अभिवृद्धि तथा संस्थागत प्रवन्ध मिलाउने बारे<br>• मनोपरामर्श सेवा सम्बन्धी<br>• बाल संरक्षणको सम्बन्धमा | प्रभावित क्षेत्रमा | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |


***

## परिच्छेद ५

## बाढीको परिदृश्य र पूर्वतयारी तथा प्रतिकार्य

### ५.१ बाढीको परिदृष्य

२०७८ को असार महिनामा हेलम्बु गाउँपालिकामा लगातारको भारी वर्षा पछि मेलम्ची नदीमा आएको बाढीले गाउँपालिकाका ५ वटाभन्दा बढी वडामा ठुलो जनधनको क्षति पुर्याएको छ । यस विनाशकारी बाढीको कारण करिब ८०० घरपरिवार विस्थापित भए भने ३०० भन्दा बढी घरहरू पुर्ण रूपमा बगाएको तथा क्षति भएको छ । बाढीमा परेर ८० भन्दा बढी मानिसहरू बेपत्ता भएका छन् भने १४० जनाको ज्यान गई सकेको छ र १३५ जना घाइते भएका छन् । बाढीका कारण करिब १०० हेक्टर भन्दा बढी खेतीयोग्य जमिन बगरमा परिणत भएपछि कृषि उत्पादनमा ठूलो क्षति पुगेको छ, जसले गाउँपालिकाका किसानहरूको जीवनयापनमा गम्भीर असर पारेको छ ।



: हेलम्बु गाउँपालिकाको खोला कटान तथा बाढी जोखिम नक्शांकन

बाढीले मेलम्ची बजारदेखि हेलम्बुको माथिल्लो क्षेत्रसम्म जोड्ने मुख्य सडक तथा केही पुलहरू पुर्ण रूपमा बगाएको छ, जसका कारण गाउँपालिकाका विभिन्न बस्तीहरूसँग सम्पर्क विच्छेद भएको छ । मुख्य सडक बन्द हुँदा खाद्यान्न, औषधि, र अन्य अत्यावश्यक सामग्रीको अभावले जनजीवन अस्तव्यस्त बनेको छ । सडक सम्पर्क विहीनताले उद्धार र राहत कार्यमा ढिलाइ भइरहेको छ । बाढीले मुख्य सिँचाइ प्रणाली र खानेपानीका संरचनाहरू पनि नष्ट गरिदिएको छ, जसका कारण खेतबारीमा सिँचाइ गर्न समस्या भएको छ र मेलम्ची खोला आसपासका बस्तीहरूमा खानेपानीको चरम अभाव छ । गाउँका धारा र मुहानहरू बगेर गएका छन्, जसले गर्दा शुद्ध खानेपानी पाउन नसक्दा जनस्वास्थ्यमा समेत गम्भीर जोखिम बढेको छ ।

गाउँपालिकाको प्रारम्भिक विवरण अनुसार, बाढीले व्यापक धनजनको क्षति पुर्याएको छ । यस विपत्तिमा करिब १०० भन्दा बढी पशुचौपाया मरेका छन् भने ठूलो मात्रामा अन्न, कपडा, र अन्य धनमालको क्षति भएको छ । बाढीले ३ सय पचास परिवारका करिब १ हजार २०० जनसंख्यालाई प्रत्यक्ष रूपमा प्रभावित पारेको छ । साथै, ठूला सडक, पुल, बिजुली आपूर्ति, र टेलिफोन टावरमा क्षति पुगेपछि सार्वजनिक सेवा अवरुद्ध भएको छ, जसले आवागमन र व्यापार व्यवसाय ठप्प भएको छ ।

### ५.२ बाढीबाट शिक्षाक्षेत्रमा परेको असर

बाढीका कारण पालिकाभरिमा ६९ जना विद्यालय जान बालबालिका तथा किशोरकिशोरीहरुको मृत्यु भएको छ र ३३ जना घाइते भएका छन् भने ५ जनाको अङ्गभङ्ग भएको छ । केहि विद्यालयका कक्षाकोठाहरु बगाएको कारण पालिकाको १२ विद्यालयहरुमा कम्तीमा १५ दिन पठनपाठन बन्द हुने अनुमान गरिएको छ । बाढी तथा पहिरोले पालिकाको विद्यालयहरुमा मौज्दात रहेको पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीहरु पूर्ण क्षति गरेको छ । २२ विद्यालयमा कक्षाकोठा तथा फर्निचरमा क्षति पुगेको छ । करिब १२ विद्यालयमा खानेपानी तथा शौचालयमा क्षति पुगेको छ । समुदायमा एवं शिक्षक र कर्मचारीहरूलाई समेत बाढी तथा पहिरोको प्रभाव परेको हुँदा सामान्य अवस्थामा फर्काउन दुई हप्तासम्म लाग्न सक्नेछ ।

**तालिका ५.२ परिदृष्य अनुसारको बाढी प्रभावित जनसंख्याको सारांश विवरण**

| समग्रमा प्रभावित जनसंख्या ६ हजार । प्रत्यक्ष प्रभावित २ हजार चौरासी । | | | |
|---|---|---|---|
| मृत्यु | घाइते | विस्थापित परिवार | विद्यालय जानबाट वञ्चित बालबालिका |
| १४० | १३५ | ८०० | २६९२ |

### ५.३ बाढीको प्रतिकार्य रणनीति

स्थानीय शिक्षा समूहले प्रभावित विद्यार्थीको पठनपाठन सुचारु गर्न सहयोग गर्ने गरी तयारी गरेको छ र नपुग बाँकी संघ तथा सम्बन्धित प्रदेशको स्रोत साधनबाट हुने अपेक्षा गरिएको छ । परिदृष्य अनुसारको बाढीको पूर्वतयारी तथा प्रतिकार्यका लागि शिक्षा समूहका मुख्य रणनीतिक क्रियाकलापहरू निम्न बमोजिम हुनेछन् ।

(१) जल तथा मौसम विज्ञान विभागबाट जारी गरिने वर्षा, बाढीको पूर्वानुमानका आधारमा सम्बन्धित समुदाय तथा शैक्षिक संस्थाहरूलाई सजग र सतर्क रहन सूचित गर्ने,

(२) भारी वर्षा, बाढीको सम्भावित प्रभाव अनुमानका आधारमा उच्च जोखिममा रहेका विद्यालयमा पठनपाठन सावधानीपूर्वक सञ्चालन गर्न वा बन्द गर्न सूचित गर्ने,

(३) बाढीपछिको समय अवधिमा (० देखि ३-६-१२-२४-७२ घण्टा, ७२ घण्टा-२ हप्ता, २ हप्ता- ३ महिना) क्रमशः गर्नु पर्ने क्रियाकलाप र समूहका सदस्यको जिम्मेवारी निर्धारण गरी कार्यान्वयन गर्ने,

(४) बाढी गएपछि प्रभावित क्षेत्रका विद्यालयको द्रुत लेखाजोखा गरी क्षतिको मूल्याङ्कन गर्ने र विधालय भवन र परिसरलाई सुरक्षित र असुरक्षित वर्गमा छुट्याउन आवश्यक सहायता परिचालन गर्ने,

(५) शैक्षिक सामग्रीमा भएको क्षति र पठनपाठन निरन्तर गर्न चाहिने शैक्षिक सामग्रीको लेखाजोखा गर्न आवश्यक सहायता परिचालन गर्ने,

(६) सुरक्षित स्थानमा आवश्यक आधारभुत सेवा सुविधा सहितका अपाङ्गता भएका बालबालिका र किशोरकिशोरी समेतलाई उपयुक्त हुने गरी अस्थायी सिकाई केन्द्र (TLCs) वा अनलाइन सिकाई केन्द्र वा भर्चुअल कक्षा स्थापना तथा सञ्चालन गर्न आवश्यक सामग्री, प्राविधिक तथा आर्थिक परिचालन गर्ने,

(७) गाउँपालिकामा आपत्कालीन शैक्षिक सामग्री परिपूर्ति गर्न आवश्यक समन्वय तथा सहयोग गर्ने,

(८) शिक्षक तथा सहजकर्तालाई आवश्यक परामर्श प्रदान गर्ने,

(९) विद्यालय र पठनपाठन पुनःसञ्चालन गर्न समुदाय परिचालन गर्न स्थानीय विपद व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(१०) शिक्षाक्षेत्रको मानवीय सहयाता र आपत्कालीन पठनपाठन र सिकाइ सञ्चालनमा अन्तर्राष्ट्रिय न्यूनतम मापदण्ड (INEE Standards) पालना गर्ने, गराउने,

(११) प्रभावित परिवारहरूको मानवीय आवश्यकता परिपूर्ति साथै बालबालिकाको संरक्षण, सरसफाई, सरसामान, सहकार्य गर्ने,

(१२) मानवीय सहायता परिचालन र शैक्षिक सामग्री आपूर्ति गर्दा यथोचितरूपमा सामग्री, नगद, प्रविधि तथा अन्य उपाय अवलम्बन गर्ने ।

## ५.४ बाढीको प्रतिकार्य गर्न स्रोतसाधनको आवश्यकता विश्लेषण

तालिका ५.४ परिदृष्य बमोजिम बाढी तथा पहिरोको प्रतिकार्य गर्न आवश्यकताको बिवरण

| क्रस. | आवश्यकताको विवरण | एकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| क | **जनशक्ति** | संख्या | | मापदण्ड अनुसार |
| १ | तालिमप्राप्त उद्धारकर्मी, शिक्षक टोली | | ३ | २२५ विद्यार्थी = १ उद्धार टोली |
| २ | क्षति र आवश्यकता मुल्यांकन गर्नको लागि दक्ष (इरा) टोली | | १ | ५ विद्यालय = १ टोली |
| ३ | आपत्कालीन अवस्थामा पठनपाठन गराउन तालिम प्राप्त संख्या शिक्षक | | ३ | प्रति विद्यालय एक जना विपद् सम्पर्क शिक्षक |
| ख | **सामाग्री तथा प्रविधि औजार** | संख्या | | |
| १ | ECD किट | | २ | ४० विद्यार्थी बराबर १ इसिडि किट, प्रति केन्द्र एक (न्युनतम) ७६९ जनाको लागि |
| २ | विद्यालय किट (१-८ कक्षा सम्मका लागि) | | ८ | प्रति ४० विद्यार्थी एक किट |
| ३ | विद्यार्थी किट जुनियर कक्षा १-५ (६-१२ वर्ष उमेरका लागि) | | १३५ | प्रति विद्यार्थी एक किट |
| ४ | विद्यार्थी किट सिनियर कक्षा ६+ (१३-१८ वर्ष उमेरका लागि) | | ३४२ | प्रति विद्यार्थी एक किट |
| ५ | विद्यालय किट -शिक्षक | | १६ | प्रति ४० विद्यार्थी १ किट |
| ६ | मनोरंजन किट लगायत खेलकुद तथा कला आदि | | ६ | १२० विधार्थीका लागि १ किट |
| ७ | डिग्निटी किटः १३-१८ वर्षका प्रभावित छात्राको संख्या | | २५० | १ सेट प्रति विद्यार्थी |
| ८ | स्वच्छता किट | सेट | ६६२ | एक सेट प्रति विद्यार्थी ECD बाहेक WASH समुहसंग समन्वय गर्ने |
| ९ | प्राथमिक उपचार बक्स | | ३३ | हरेक विद्यालयहरुमा २० देखि ३० जनाका लागि १ सेट |
| १० | खोज तथा उद्धार किट | | ३ | १ सेट प्रति उद्धार टोली - खोज तथा उद्धार समुह संग समन्वय गर्ने |
| ११ | खोज तथा उद्धार किटमा निम्नानुसारका सामाग्री रहेका हुन्छनः-<br>▪ Helmet, life jacket, big water V type PFD (Life Jacket), Safety boots, Light Boots, Search Lights<br>▪ Throw Bag, Tape sling Tubular, Tube, Bucket, Normal, Rope, Medical Mask<br>▪ Shovel, Knife, Spade, Priy Bar, Pick, Axe, Hand Saw small, Khukuri, Crowbar. | | | |
| ग | **आधारभूत भौतिक संरचना र सामाग्री** | | | |
| १ | अस्थायी सिकाई केन्द्रका लागि निर्माण स्थल | स्थान | ३ | |
| २ | अस्थायी सिकाई केन्द्रका लागि निर्माण सामाग्री (कक्षा कोठा) | सेट | ३ | |
| ३ | टेन्ट, कम्बल, म्याट र त्रिपाल | सेट | | लेखाजोखाको विश्लेषण अनुसार, आवास |

| | | | | |
|---|---|---|---|---|
| | | | | समुहसंग समन्वय गर्ने |
| ४ | पोर्टेबल जेनेरेटर, एक्सेंटेंसन तार | सेट | ३ | |
| ५ | हाते माइक | सेट | ३ | प्रति विद्यालय १ वटा |
| **घ** | **लागत रकम** | | | |
| १ | पुर्वतयारीका लागि आवश्यक रकम | रु | | बाढीको अनुमानको आधारमा |
| २ | प्रतिकार्यका लागि आवश्यक रकम | रु | | |
| | **जम्मा रकम** | | | |
| १ | गाउँपालिकाबाट उपलब्ध हुने रकम | रु | | ६०% अनुमानित |
| २ | संघ तथा प्रदेशबाट प्राप्त हुने रकम | रु | | ४०% अनुमानित |
| ३ | शिक्षा क्षेत्रको कोष | रु | | |
| ४ | विपद व्यवस्थापन कोषबाट प्रतिबद्धता भएको रकम | रु | | स्थानीय विपद व्यवस्थापन समितिको निर्णयबाट उपलब्ध हुने |
| **घ** | **संस्थागत संरचना** | | | |
| १ | विपद व्यवस्थापन समिति | | ३ | हरेक विद्यालयमा र गाउँपालिकामा |
| २ | उद्धार टोली (१ टोली = ६ जना) | | ३ | |
| ३ | अन्य कार्यदल | | | आवश्यकता अनुसार |

### ५.५.१ आधारभुत र सामान्य पूर्वतयारी कार्ययोजना

तालिका ५.५.१ आधारभूत तथा सामान्य पूर्वतयारी कार्ययोजना

| क्रियाकलाप | आवश्यकता | स्थान | कहिले गर्ने | जिम्मेवार निकाय | बजेट/श्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| **१ अन्तरसमूह तथा समुदाय, बिचमा प्रभावकारी सञ्चार प्रणालीको स्थापना** | | | | | |
| शिक्षा विकास तथा समन्वय इकाई, जिल्ला विपद् व्यवस्थापन समिति, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र, जिल्ला तथा संघस्तरका शिक्षा समूहका सदस्य संस्थाहरूका सम्पर्क व्यक्तिहरूको विवरण संकलन, व्यवस्थापन र अध्यावधिक गर्ने । (अनुसूची १, अनुसूची २) | सेट | हेलम्बु गाउँपालिका | ज्येष्ठ मसान्त भित्र | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| पालिकामा क्रियाशिल अन्य बिषयक्षेत्रगत समूहका सम्पर्क व्यक्तिहरूको विवरण संकलन व्यवस्थापन र अध्यावधिक गर्ने । (अनुसूची २) | सेट | | | | |
| विभिन्न विपद्का सम्भावित जोखिम र सोको न्यूनीकरणका लागि पूर्वतयारी गर्न आवश्यकता अनुसार नियमित बैठक, छलफल तथा अन्तरक्रिया गर्न विद्यालय तथा सहयोगी संघसंस्थाहरूलाई परिपत्र, सूचना जारी गर्ने । | आवश्यकता अनुसार | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| **२ शिक्षा समूहको विपद् पूर्वतयारी** | | | | | |
| बाढी पूर्वतयारीका लागि जिम्मेवारी निर्धारण र बाँडफाँड गर्ने | | हेलम्बु गाउँपालिका | ज्येष्ठ मसान्त भित्र | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| **सामाग्री र प्रविधि तथा भण्डारण** | | | | | |
| पालिकामा उपलब्ध र अपुग विद्यार्थी किट, विद्यालय किट इसिड़ी किट, स्वअध्ययन सामग्री जस्ता सामग्रीहरूको परिमाण अद्यावधिक गर्ने । | | | | | |
| नेपाल सरकारका विभिन्न निकायहरूबाट उत्पादन र विकास भएका एवं शिक्षा समूहका सदस्य संस्थाहरूसँग उपलब्ध शैक्षिक सामग्रीहरू, सामग्री भण्डारण गरेको स्थान र जनशक्तिको अभिलेख अध्यावधिक राख्ने । | | हेलम्बु गाउँपालिका | ज्येष्ठ मसान्त भित्र | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| प्रभावित विद्यालयहरूका लागि आवश्यकता अनुसारको पाठ्य सामग्री तथा प्रभावित बैकल्पिक सिकाई सामग्रीहरूको प्रबन्ध आवश्यकता अनुसार गर्न स्थानीय वि. व्यवस्थापन समितिसंग समन्वय तथा सहयोग गर्ने | | | | | |
| सामग्री राहतको विकल्पको रूपमा (संस्था र विद्यालय बिच) नगद राहत उपलब्ध गराउनको लागि मार्गदर्शन तयार गर्न स्थानीय वि. व्यवस्थापन समितिसंग समन्वय तथा सहयोग गर्ने | | | २०८१/२०८२ | | |
| **४ मनसुनबाट उत्पन्न हुन सक्ने आपत्कालीन अवस्थाबारे अभिमुखीकरण वा सचेतना कार्यक्रमको सञ्चालन गर्ने** | | | | | |
| विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न माग भए वमोजिम प्रदेश तथा संघीय शिक्षा समुहसंग स्थानीय वि. व्यवस्थापन समिति मार्फत समन्वय गर्ने । | मांग भए बमोजिम | हेलम्बु गाउँपालिका | | | |
| जिम्मेवारी सम्बन्धी सार्वजनिक सुचना (PSA) तयार गरी प्रसारण गर्ने:<br>● विद्यालय सुरक्षा योजना, विपद् जोखिम न्यूनीकरण/अल्पिकरण<br>● बाढीले थुपारेको फोहोरको | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| सरसफाई<br>● अस्थायी सिकाइ केन्द्र निर्माण तथा सञ्चालन र मर्मत संभार,<br>● शिक्षक तथा विद्यार्थी विद्यालयसम्म पुग्नका लागि सुरक्षित अन्य वैकल्पिक बाटोहरूको खोजी र प्रयोग गर्ने बारे | आवश्यकता मुल्यांकन गरी | गाउँपालिका स्तरमा तयार गरी प्रसारण गर्ने | निरन्तर | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| विद्यालयलाई आश्रयस्थलको रूपमा प्रयोग गर्न नदिन अन्य उपयुक्त आश्रयस्थलको पालिकाभर पहिचान र व्यवस्थापन गर्न स्थानीय विपद व्यवस्थापन समितिसंग आवश्यक समन्वय, सहयोग गर्ने । | | | | | |
| आपतकालीन अवस्थामा बालबालिका माथि हुन् सक्ने यौन दुर्व्यवहार तथा यस्तै प्रकारका घटना बारे अभिमुखीकरण कार्यक्रम चलाउने | | | | | |
| विद्यालयहरुमा बाल संरक्षण तथा विपद् सम्पर्क शिक्षकहरुलाई विपद तथा विपदको बेलामा बालबालिका प्रति हुन् सक्ने विभिन्न घटनाबाट उनीहरुलाई कसरी संरक्षण गर्ने बारे तालिम संचालन गर्ने | | हेलम्बु गाउँपालिका | | समूह नेतृत्व, सहयोगी संस्थाहरु, बाल कल्याण अधिकारी, विद्यालयहरुमा बाल संरक्षण शिक्षक | |
| आश्रय स्थलको व्यवस्थापन गर्ने क्रममा ती आश्रय स्थलहरु बाल संरक्षणको दृष्टिले सुरक्षित भएको सुनिस्चित गर्ने । | | | | | |
| शिक्षक तथा विद्यार्थीहरु विद्यालयसम्म पुग्नका लागि सुरक्षित अन्य वैकल्पिक प्रभावित बाटोहरूको पहिचान र प्रयोगको व्यवस्था मिलाउने । | | | | समूह नेतृत्व, सहयोगी | |
| ५ जनशक्ति विकास गर्न क्षमता अभिबृद्धि/तालिम, कृत्रिम घट्ना अभ्यास कार्यक्रमहरूको सञ्चालन | | | | | |
| शिक्षा समूहका सदस्यहरू, स्थानीय वि.व्य.स., शिक्षक तथा विद्यार्थीहरूलाई विपद् जोखिम न्यूनीकरण तथा अस्थायी सिकाई केन्द्र, कक्षा व्यवस्थापन र स्थापनाको मार्गदर्शन तथा आपत्कालीन अवस्थाको शिक्षाका शैक्षिक सामग्रीहरूको वितरण र व्यवस्थापन सम्बन्धमा स्थानीय | संघीय समुहले प्रकाशित गरेका शिक्षण सामाग्रीहरु मांग गर्ने र | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| तहमा प्रत्यक्ष वा अनलाइन जस्ता अन्य वैकल्पिक माध्यमबाट अभिमुखीकरण गर्न स्थानीय विपद व्यवस्थापन समिति समन्वय गर्ने | पालिकामा वितरण गर्ने | हेलम्बु गाउँपालिका | निरन्तर | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| शिक्षा समूहलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा सम्बन्धी तालिम आवश्यक परे जिल्ला वा संघीय शिक्षा समुहसंग समन्वय गरी तालिम संचालन गर्ने | १ | | | | |
| क्षतिको विवरण संकलन गर्नका लागि सूचना फारमहरू भर्ने सीप विकासको लागि शिक्षकहरूलाई पालिका स्तरीय अभिमुखीकरण संचालन गर्ने । | १ | | | | |
| शिक्षक, कर्मचारीलाई कृत्रिम घटना अभ्यास तथा नमूना पठनपाठन सञ्चालन गर्न पालिका स्तरीय तालिम गराउन स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय गर्ने । | १ | | | विपद तथा वातावरण शाखा | |
| **६ अस्थायी सिकाइ केन्द्र/कक्षाकोठा निर्माणका लागि स्थान छनोट गर्ने** | | | | | |
| अस्थायी सिकाई केन्द्र/कक्षाकोठा निर्माणका लागि प्राथमिक र वैकल्पिक स्थानको आवश्यकता पहिचान तथा छनोट गर्न स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय, सहयोग गर्ने | आवश्यकता अनुसार | हेलम्बु गाउँपालिका | निरन्तर | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| अस्थायी सिकाई केन्द्रमा पहुँच मार्ग तथा खानेपानी, शौचालय लगायतका सेवा सुविधाको व्यवस्था गर्न अन्य विषयगत समुहहरुसंग समन्वय, सहयोग गर्ने | | | | | |
| अस्थायी सिकाइ केन्द्र निर्माण सामग्रीको आपूर्ति तथा भण्डारणको लागि पालिकामा कार्यरत संघसंस्थाहरुसंग समन्वय । | | | | | |

**मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०७९ बाट साभार गरी सामान्य परिमार्जन गरिएको*

### ५.५.१ पूर्वानुमान एवं परिदृष्यमा आधारित पूर्वतयारी र प्रतिकार्य योजना

**मौसमी परिदृष्य पूर्वानुमान:** वि सं २०७८ सालको मनसुन ज्येष्ठ १८ गतेबाट सुरू भई आश्विन १४ गतेसम्म रहने जल तथा मौसम विज्ञान विभागले अनुमान गरेको छ । यस चार महिनाको मनसुनको अवधिमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको छ । कोशी प्रदेशका तराईका भूभागहरू, बागमती प्रदेशका उत्तर पूर्वी भूभाग, गण्डकी प्रदेशका दक्षिणी भूभाग, लुम्बिनी प्रदेश, कर्णाली प्रदेशका उत्तर पश्चिमी भूभाग तथा सुदूरपश्चिम प्रदेशका उत्तरी भूभागहरूमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ५५ देखि ६५% रहेको छ। सुदूरपश्चिम प्रदेशका पूर्वी भूभाग कर्णाली प्रदेशका मध्य भूभाग गण्डकी प्रदेशका मध्य भूभाग र कोशी प्रदेशको मध्य भूभागहरूमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ । गण्डकी प्रदेशका उत्तरी भूभाग र सुदूरपश्चिम प्रदेशका मध्य तथा पश्चिमी भूभागहरूमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ । गण्डकी प्रदेशका उत्तरी भूभाग र सुदूरपश्चिम प्रदेशका मध्य तथा पश्चिमी भूभागहरूमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ । कोशी प्रदेशका उत्तरी भूभाग बागमती प्रदेशका दक्षिणी भूभाग र मधेश प्रदेशका अधिकांश भूभागहरूमा सरदर वर्षा हुने ३५ देखि ४५ प्रतिशत सम्भावना रहेको छ ।

माथिको पूर्वानुमानका आधारमा बाढी, पहिरोको जोखिम उच्च रहेको देखिन्छ । जल तथा मौसम विज्ञान विभागले जारी गर्ने १५ दिने तथा ७ दिने मौसम पूर्वानुमानमा आधारित भई गरिने क्रियाकलापहरूको सूची तालिकामा उल्लेख गरिएको छ ।

तालिका ५.५.१ मौसम पूर्वानुमानमा आधारित बाढीको पूर्वतयारी तथा प्रतिकार्य योजना

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| २ हप्ताअघि पूर्वसूचना पाए पछि | | | | |
| मौसम पूर्वानुमान अनुसार अत्यधिक वर्षा भई बाढी आउन सक्ने अवस्था वा खराव मौसमको कारण हावाहुरी आउन सक्ने सम्भावना भएमा शिक्षा समूहको बैठक वस्ने | | हेलम्बु गाउँपालिका | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| अत्यधिक वर्षा भई बाढी आउन सक्ने अवस्था वा खराव मौसमको कारण हावाहुरी आउन सक्ने सम्भावना भएमा जल तथा मौसम विज्ञान विभाग तथा स्था.आ.का.केसँग समन्वय गरी विद्यालयहरूलाई सूचना जारी गर्ने । | | संभावित प्रकोप क्षेत्रमा | स्था.आ.का.के, समूह समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| विपद् हुन सक्ने सम्भावना देखिएमा सबै सरोकारवालालाई तयारी अवस्थामा रहन आवश्यक समन्वय र आग्रह गर्ने | | हेलम्बु गाउँपालिका | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| सिकाई निरन्तरताका लागि सम्बन्धित सबैलाई आवश्यक तयारी गर्न स्थानीय विपद व्यवस्थापन समिति मार्फत समन्वय गर्ने | | विपद् सम्भावित क्षेत्रमा | | |
| ३ दिन (७२ घण्टा) पहिले पूर्वानुमान पाए पछि | | | | |
| अत्यधिक वर्षा भई बाढी आउन सक्ने अवस्था वा खराव मौसमको कारण हावाहुरी आउन सक्ने सम्भावना भएमा स्था.आ.का.के. मार्फत सूचना जारी गर्ने । | | प्रकोप संभावित क्षेत्रमा | स्था.आ.का.के, समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| विपद् हुन सक्ने सम्भावना भएको सूचना जारी भएमा समूह सदस्यहरूलाई प्रभावित स्थानमा परिचालनका लागि समूहको बैठक बस्ने । | | हेलम्बु गाउँपालिका | समूह नेतृत्व, सहयोगी | |

| | | | |
|---|---|---|---|
| सिकाइ निरन्तरताका लागि सम्बन्धित सबैलाई आवश्यक तयारी पुरा गर्न स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय तथा सहयोग गर्ने | विपद् सम्भावित क्षेत्रमा | संस्थाहरु | |
| **२४ घण्टा पहिले पूर्वसूचना पाए पछि** | | | |
| अत्यधिक वर्षा भई बाढी आउन सक्ने अवस्था वा खराव मौसमको कारण हावाहुरी आउन सक्ने सम्भावना भएमा स्था.आ.का.के मार्फत सूचना जारी गर्ने । | विपद् संभावित क्षेत्रमा | स्था.आ.का.के. समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| विपद् हुन सक्ने सम्भावना देखिएमा सबै तहका शिक्षा समूहलाई तयारी अवस्थामा रहन समन्वय र आग्रह गर्ने | | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| विपद् हुनसक्ने सम्भावना देखिएका क्षेत्रका विद्यालयलाई तयारी अवस्थामा रहन समन्वय र आग्रह गर्ने । | | | |
| जोखिम क्षेत्रका विद्यालयमा पठनपाठन स्थगन गर्न आवश्यक देखिए स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय गर्ने । | | | |
| **घटनापूर्व पूर्वसूचना वा चेतावनी पाएपछि** | | | |
| शिक्षा समूहको बैठक बस्ने र अग्रीम प्रतिकार्य योजना लागु गर्न स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय गर्ने । | हेलम्बु गाउँपालिका | समूह नेतृत्व, सहयोगी संस्थाहरु, स्थानीय स्था.आ.का.के. | |
| आवश्यकता अनुसार विद्यालय बन्द गर्न र अन्य सुरक्षा उपाय अपनाउन स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय गर्ने | प्रभावित क्षेत्रमा | | |
| विद्यालय क्षेत्रको लागि उद्धार टोली तयारी अवस्थामा रहन स्थानीय विपद व्यवस्थापन समितिसंग आवश्यक समन्वय गर्ने | | | |
| जोखिममा रहेका विद्यालयका सामाग्री सुरक्षित स्थानमा सर्न र अन्य सुरक्षाका उपाय अपनाउन सुचना जारी गर्ने | | | |

### ५.५.२ बाढीको प्रतिकार्य योजना

तालिका ५.५.२ बाढीको लागि प्रतिकार्य योजना

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| ०-७२ घण्टा (परिदृश्य) | | | | |
| | बाढीको घटना भएको क्षेत्रमा वडा तथा विद्यालय विपद् व्यवस्थापन समितीसंग सम्पर्क गरी बस्तुस्थितिको जानकारी लिने । | प्रभावित क्षेत्र | | |
| | शिक्षा समूहको बैठक बसेर अवस्थाको विश्लेषण गर्ने | गाउँपालिका | | |
| | सहायता आवश्यक पर्ने क्षेत्र र परिमाण आँकलन गर्ने | | | |
| | तत्काल उद्धार राहतका लागि स्थानीय विपद व्यवस्थापन समितिको निर्णय अनुसार सबै विषयगत क्षेत्रहरुसंग सहजीकरण र समन्वय गर्दै स्थानीय शिक्षा समूह परिचालित हुने । | प्रभावित क्षेत्र | | |
| | ईरा टोली परिचालन गर्न तयारी गर्न स्थानीय | गाउँपालिका | समूह नेतृत्व, | |

| | | | | |
|---|---|---|---|---|
| | विपद् व्यवस्थापन समितिसँग समन्वय गर्ने । | | सहयोगी संस्थाहरु | |
| | थप उद्धार आवश्यक भए सुरक्षा निकाय र स्वयंसेवक परिचालन स्थानीय विपद् व्यवस्थापन समिति मार्फत जिल्लामा समन्वय गर्ने । | | | |
| | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) गर्ने फाराम प्रयोग गरी तोकिएको विधि अवलम्वन गरी शिक्षा क्षेत्रको क्षति र तत्कालीन आवश्यकताको द्रुत मूल्याङ्कन गर्ने, गराउन समन्वय तथा सहयोग गर्ने | | | |
| | शिक्षा क्षेत्रको खोज तथा उद्धार कार्यको निगरानी गर्ने | प्रभावित क्षेत्र | | |
| | विद्यालयमा खोज तथा उद्धारको लागि स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय गर्ने | गाउँपालिका | | |
| | अवस्था विश्लेषण गरी प्रतिवेदन तयार गरी स्थानीय विपद व्यवस्थापन समितिमा पेश गर्ने | | | |
| ७२ घण्टा-र हप्ता | | | | |
| | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) गर्ने फाराम प्रयोग गरी तोकिएको विधि अवलम्वन गरी शिक्षाक्षेत्रको क्षति र तत्कालीन आवश्यकताको द्रुत मूल्याङ्कन गर्ने, गराउन समन्वय तथा सहयोग गर्ने, | गाउँपालिका, प्रभावित क्षेत्र | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| | लेखाजोखाबाट प्राप्त जानकारी विश्लेषण गर्ने र प्रतिवेदन स्थानीय विपद व्यवस्थापन समितिमा पेश गर्ने | गाउँपालिका | | |
| | सहायताको आवश्यकता पत्ता लगाउने र सहायताको उपलब्धताको लागि स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय गर्ने | | | |
| | तत्काल सहयोगको योजना स्थानीय विपद व्यवस्थापन समिति मार्फत लागु गर्ने | | | |
| | अन्य संस्था समूहसँग समन्वय गर्ने | | सम्पर्क व्यक्तिहरू | |
| | कामको प्रतिवेदन र अवस्थाको बारेमा स्थानीय विपद व्यवस्थापन समिति मार्फत सार्वजनिक जानकारी गराउने | | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| | पठनपाठन, कक्षा सञ्चालन गर्न स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय तथा सहयोग गर्ने | प्रभावित क्षेत्र, | | |
| | जनशक्ति तथा सामग्रीहरू सम्बन्धित विद्यालय, अस्थायी क्याम्पमा पठाउन स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय र सहयोग गर्ने | | | |
| | स्थानीय रहनसहनको सम्मान गर्न र धर्मान्तरण नगर्न नगराउन सबै सहायताकर्मीलाई निर्देश गर्ने | | | |
| बहुक्षेत्रगत दूत लेखाजोखा | फाराम प्रयोग गरी तोकिएको विधि अवलम्वन गरी शिक्षाक्षेत्रको क्षति र बहुक्षेत्रगत आवश्यकताको दृत | | | |

| | | | | |
|---|---|---|---|---|
| (MIRA) | मूल्याङ्कन गर्न समन्वय तथा सहयोग गर्ने । | | | |
| २ हप्ता-४ हप्ता | | | | |
| | विद्यालय सञ्चालन गर्न विद्यालयलाई सहयोग गर्ने | गाउँपालिका | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| | अस्थायी कक्षा, इसिडि र अरु शैक्षिक क्रियाकलाप चलाउन स्थानीय विपद व्यवस्थापन समितिंग समन्वय गर्ने | | | |
| | अनुगमन गरी स्थितिको विश्लेषण गर्ने | प्रभावित क्षेत्र | अनुगमन समिति/टोली | |
| | आवश्यक भएका पालिका, विद्यालयमा नगद, सामग्री प्रवाह गर्न स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय तथा सहयोग गर्ने । | | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| | जनशक्ति अपुग भएका ठाउँमा शिक्षक तथा अन्य सहायताकर्मी पठाउन स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय गर्ने । | गाउँपालिका | शिक्षा शाखा, समूह नेतृत्व | |
| | स्थानीय रहनसहनको सम्मान गर्न र धर्मान्तरण नगर्न नगराउन सबै सहायताकर्मीलाई निर्देश गर्ने । | | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| | फाराम प्रयोग गरी तोकिएको विधि अवलम्वन गरी शिक्षाक्षेत्रको क्षति र बहुक्षेत्रगत आवश्यकताको द्रुत मूल्याङ्कन गर्न समन्वय तथा सहयोग गर्ने । | प्रभावित क्षेत्र | | |
| १ महिना-३ महिना | | | | |
| | अस्थायी कक्षा र इसिडि चलाउन सहयोग गर्ने | प्रभावित क्षेत्र | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| | सूचनाहरु विश्लेषण गरी स्थानीय विपद व्यवस्थापन समिति मार्फत प्रकाशन र सम्प्रेषण गर्ने | गाउँपालिका | | |
| | आवश्यकता भए पक्की संरचना भएका कक्षाकोठा बनाउन स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय गर्ने | प्रभावित क्षेत्र | | |
| | विपद् पश्चात्को पुनःनिर्माण आवश्यकता मूल्याङ्कन (PDNA) गर्न सघाउने । | गाउँपालिका | | |

### ५.५.३ बाढीको विपद् प्रतिकार्यमा लैङ्गिक, सामाजिक एवं समावेशिता र अपाङ्गता भएकाहरूको विशिष्ट आवश्यकता सम्बोधन गर्न क्रियाकलाप र रणनीति

तालिका ५.५.३ बाढी विपद्को अवस्थामा विशिष्ट आवश्यकताका सम्बोधन गर्नको लागि योजना

| क्रियाकलाप | स्थान | जिम्मेवार निकाय |
|---|---|---|
| भौतिक संरचना तथा आधारभूत सेवा अपाङ्ग-मैत्री निर्माण तथा सञ्चालन गर्न समन्वय, सहयोग तथा पैरवी गर्ने | विद्यालय तथा अस्थायी सिकाइ केन्द्र | समूह नेतृत्व, सहयोगी संस्थाहरु |
| अपाङ्ता भएका विद्यार्थीका लागि उचित सिकाइ वातावरण तयार गर्न समन्वय, सहयोग तथा पैरवी गर्ने | गाउँपालिका | |
| अपाङ्ता भएका विद्यार्थीका लागि पाठ्य सामग्री उपलब्ध गराउने | प्रभावित क्षेत्र भरिमा | |
| अपाङ्ता भएका विद्यार्थीका लागि विद्यालय सम्मको सहज पहुँच सुनिश्चित गर्न गर्न समन्वय, सहयोग तथा पैरवी गर्ने | गाउँपालिका | |

| | | |
|---|---|---|
| विपद्का कारण अपांगता भएका बालबालिका तथा ब्यक्तिहरुको सहायक सामाग्रीहरु हराउने तथा बिग्रन सक्ने हुनाले त्यस्तो अवस्थामा उक्त सामाग्रीहरुको वितरण गर्ने | | |
| विद्यालयमा शिक्षका कर्मचारी, हेरालु तथा अभिभावकहरुलाई विपद्को समयमा अपांगता भएका बालबालिका तथा ब्यक्तिहरुलाई कसरी बचाउने भन्ने सम्बन्धमा अभिमुखीकरण कार्यकम चलाउने । | | |

### ५.५.४ सञ्चार तथा पैरवी योजना

तालिका ५.५.४ बाढीको पूर्वतयारी चरणमा गरिने सञ्चार तथा पैरवीसम्बन्धी क्रियाकलापको योजना

(क) पूर्वतयारी चरणमा सञ्चार तथा पैरवी

| समय अवधि | क्रियाकलाप | माध्यम | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| सामान्य अवस्थामा | बाढीको जोखिम र सुरक्षा सम्बन्धी सन्देश तथा कार्यक्रमहरू निर्माण तथा प्रकाशन प्रसारण गर्ने | एफएम रेडियो, टेलिभिजन, केबल टेलिभिजन | समूह नेतृत्व, सहयोगी संस्थाहरु, स्थानीय स्था.आ.का.के. | |
| | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी सन्देश कार्यक्रमहरू निर्माण तथा प्रसारण गर्ने | प्रिन्ट मिडिया | | |
| | शिक्षा लगायतका सामाजिक विषयमा केन्द्रित सञ्चारमूलक गतिविधिमा विपद् व्यवस्थापनको विषय समेट्ने | न्यूज मिडिया अनलाइन, सामाजिक संजाल | | |
| | अपाङ्ग तथा लैंगिक-मैत्री विपद् पूर्वतयारी तथा प्रतिकार्यका बारेमा सचेतना जगाउने, जोखिममा रहेका समूह (जस्तैः- विभिन्न प्रकारका अपाङ्गगता भएका बालबालिका, सानो उमेर समूहका बालबालिका) को संरक्षणका लागि पैरवी गर्ने । | सबै संचार माध्यम | | |

(ख) मौसम पूर्वानुमानमा आधारित सञ्चार तथा पैरवी

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| पूर्वसूचना पाए पछि | | | | |
| अत्यधिक वर्षा भई बाढी आउन सक्ने अवस्था वा खराव मौसमको कारण हावाहुरी आउन सक्ने सम्भावना भएमा सूचना जारी भएपछि त्यो सूचना प्रकाशन, प्रसारण गर्ने गराउने | | विभिन्न सञ्चार माध्यम | समूह नेतृत्व | |

(ग) आपत्कालीन अवस्थामा सञ्चार तथा पैरवी

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| ०-७२ घण्टा | आपत्कालीन अवस्थाका बारेमा सञ्चार माध्यमबाट | प्रकोप | समूह नेतृत्व, | |

| | | | | |
|---|---|---|---|---|
| | निम्न विषयमा जानकारी दिने<br>● बाढीको अवस्था र जोखिम बारेमा<br>● सुरक्षित स्थान र भेला हुने बारेमा<br>● घाइतेको अवस्था र उद्धारका बारेमा<br>● अस्पताल र स्वास्थ्य केन्द्रका बारेमा | प्रभावित क्षेत्र | शिक्षा शाखा र स्था.आ.का.के. | |
| ७२ घण्टा - २ हप्ता | ● शिक्षा निरन्तरता बारे,<br>● आचारसंहिता पालना गर्ने गराउने बारेमा<br>● शीघ्र पुर्नस्थापना बारे<br>● मनोसामाजिक परामर्श सम्बन्धी | | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| २ हफ्ता - १ महिना | ● शिक्षा निरन्तरता बारे,<br>● आचारसंहिता पालना गर्ने गराउने बारेमा<br>● शीघ्र पुर्नस्थापना बारे | | | |
| १-३ महिना | ● शिक्षा निरन्तरता बारे प्रकोप,<br>● आचारसंहिता पालना गर्ने गराउने बारेमा<br>● शीघ्र पुर्नस्थापना बारे<br>● बालबालिकाको संरक्षण एवं लैंगिक तथा सामाजिक सुरक्षा सम्बन्धी | | | |


***

## परिच्छेद ६

# पहिरोको परिदृश्य र पूर्वतयारी तथा प्रतिकार्य

## ६.१ पहिरोको परिदृष्य

२०७८ को श्रावण महिनामा हेलम्बु गाउँपालिकामा लगातारको भारी वर्षाले धेरै ठाउँमा पहिरो खस्दा गाउँपालिकाका बस्तीहरू गम्भीर रूपमा प्रभावित भएको छ । मुख्य सडकहरू पहिरोले पुरिएर अथवा भासिएर आवागमन पूणर् रूपमा अवरुद्ध भएछ , जसले प्रभावित क्षेत्रहरूलाई राहत र उद्धार कार्यमा ठूलो चुनौती थपेको छ । पहिरोका कारण ४ सय पचास भन्दा बढी घरहरू पुर्ण रूपमा नष्ट भए भने करिब ७१० घरपरिवार विस्थापित भएका छन् । पहिरोमा परेर ११० भन्दा बढी मानिसहरू बेपत्ता भएका छन्, ११२ जनाको मृत्यु भएको छ, र अन्य २१५ जना घाइते भएका छन् । यो विपत्तिले समुदायको जनजीवनलाई तहसनहस बनाएको छ ।



चित्र २०: हेलम्बु पालिकाको पहिरो जोखिम नक्शांकन

पहिरोले गाउँपालिकाका भौतिक संरचनाहरूमा व्यापक क्षति पुऱ्याएको छ । धेरै विद्यालय, स्वास्थ्यचौकी, खानेपानीका मुहानहरू, र सिँचाइ प्रणालीहरू पहिरोले नष्ट गरेपछि जनताहरु आधारभूत सेवाबाट वञ्चित भएका छन् । धारा तथा खानेपानीका पाइपलाइनहरू पुरिएपछि खानेपानीको चरम अभाव सिर्जना भएको छ । पहिरोले कृषियोग्य जमिन बगाई दिंदा किसानहरूका लागि जीविकोपार्जनमा थप कठिनाई उत्पन्न भएको छ । करिब १५० हेक्टरभन्दा बढी जमिन खेतीयोग्य अवस्थामा नरहँदा खाद्य सुरक्षामा गम्भीर संकट उत्पन्न हुने आशंका उत्पन्न भएको छ ।

सडक सम्पर्क टुट्दा राहत र उद्धारको कार्य सुस्त भएको छ, जसले बाँचेकाहरूको जीवन समयमा आवश्यक राहतको अभावले थप जटिल बनाएको छ । स्थानीय व्यापार व्यवसाय ठप्प हुँदा दैनिक उपभोग्य वस्तुहरूको अभावले जनजीवन अस्तव्यस्त बनेको छ । पहिरोले नष्ट भएका बिजुली आपूर्ति, संचार सेवा, र अन्य पूर्वाधारहरूको पुनर्निर्माणमा ठूलो समय र स्रोतको आवश्यकता देखिन्छ । हेलम्बु गाउँपालिकाको प्रारम्भिक विवरणअनुसार, करिब ५,५०० जनसंख्या प्रत्यक्ष रूपमा प्रभावित भएका छन्, जसमा पशुधन र अन्य निजी सम्पत्तिको ठूलो क्षति भएको छ । पहिरोबाट प्रभावित परिवारहरूको पुर्नस्थापना र पुनर्निर्माण चुनौतीपूर्ण रहेको अवस्था छ ।

### तालिका ६.२ परिदृष्य अनुसार पहिरो प्रभावित जनसंख्याको सारांश विवरण

| समग्रमा प्रभावित जनसंख्या ४ हजार २९२ । प्रत्यक्ष प्रभावित १ हजार ६ सय पैसट्ठी । | | | |
|---|---|---|---|
| मृत्यु | घाइते | विस्थापित परिवार | विद्यालय जानबाट वञ्चित बालबालिका |
| ११२ | २१५ | ७१० | २०९२ |

## ६.२ पहिरोबाट शिक्षाक्षेत्रमा परेको असर

पहिरोले गाउँपालिकाको माथिल्लो भेगमा रहेका धेरै विद्यालय भवनहरू मध्ये १४ वटा विद्यालयलाई व्यापक क्षति पुरयाएको छ भने अन्य ८ वटालाई आंशिक रुपमा पुरेर क्षतिग्रस्त बनाएको छ, जसका कारण त्यँहा पठनपाठन पुर्ण रूपमा बन्द भएको छ । भौतिक संरचनाको नोक्सानीले विद्यालयको सञ्चालनमा अवरोध पुऱ्याएको मात्र होइन, शैक्षिक सामग्री, पाठ्य पुस्तक, र अन्य स्रोतसाधन पनि नष्ट भएको छ । प्रभावित क्षेत्रका विद्यार्थीहरू विद्यालय जान नसक्ने अवस्थाबाट गुज्रिएका छन्, जसले उनीहरूको शैक्षिक यात्रामा ठूलो समस्या खडा भएको छ ।  पहिरोका कारण ५९ जना विद्यालय जान बालबालिका र किशोरकिशोरीको मृत्यु भएको छ भने १९ जना घाइते भएका छन् । विद्यालयका कक्षाकोठाहरु पहिरोले पुरेको तथा बगाउनुका साथै माथिल्लो भागहरुमा विद्यालयमा जाने बाटो अवरुद्ध भएका कारण पालिकाको २० विद्यालयहरुमा कम्तीमा १५ दिन पठनपाठन बन्द हुने अनुमान गरिएको छ । यस विपद्को कारण गाउँपालिका भरी कम्तीमा पनि ३ हजार भन्दा बढी विद्यार्थीहरुको पठनपाठन पुर्णरुपले प्रभावित हुने देखिन्छ ।

विद्यालयहरू क्षतिग्रस्त हुँदा र अस्थायी रूपमा विस्थापित परिवारहरूसँगै विद्यार्थीहरू पनि आफ्नो बसोबास स्थान गुमाउन बाध्य भएका छन् । कतिपय विद्यार्थीहरूलाई विद्यालय भवन पुनर्निर्माण नहुँदासम्म अध्ययन गर्न अस्थायी कक्षा कोठा वा अन्य विकल्पको प्रयोग गर्नुपरेको छ । सामाजिक र मानसिक तनावका कारण विद्यार्थीहरूको सिकाइ क्षमता र उनीहरूको भविष्यप्रतिको आत्मविश्वासमा गिरावट आएको छ । अभिभावकहरूलाई पनि आफ्नो बालबालिकाको शिक्षा सुनिश्चित गर्न गाह्रो भएको छ, किनभने उनीहरूको ध्यान दैनिक जीवनका आधारभूत आवश्यकता पूरा गर्नमा पनि केन्द्रित गर्नु परेको छ ।

सडक सम्पर्क टुटेका र पहुँचयोग्य स्थानमा आवश्यक श्रोत र साधनको अभाव हुँदा विद्यालयहरूलाई पुनः सञ्चालन गर्न थप कठिनाइ भएको छ । पहिरोले गर्दा विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको नियमितता खल्बलिनुका साथै उनीहरूको मानसिक स्वास्थ्यमा गम्भीर असर देखिएको छ । विशेष गरी जोखिम्मा रहेका र बालश्रममा धकेलिने सम्भावना भएका बालबालिकाहरूका लागि सुरक्षित र पहुँचयोग्य शैक्षिक वातावरणको अभावले बालबालिकाहरूलाई झनै असुरक्षित बनाएको छ । यस परिस्थितिमा प्रभावित विद्यार्थीहरूको शिक्षा निरन्तरता सुनिश्चित गर्न दीर्घकालीन योजना र आवश्यक स्रोत व्यवस्थापनको खाँचो देखिएको छ ।

पहिरोले गाउँपालिकाको विद्यालयहरुमा मौज्दात रहेको पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीहरु पूर्ण क्षति गरेको छ । २०  विद्यालयमा कक्षाकोठा तथा फर्निचरमा क्षति पुगेको छ । करिब १२ विद्यालयमा खानेपानी तथा शौचालयमा क्षति पुगेको छ । समुदायमा एवं शिक्षक र कर्मचारीहरूलाई समेत पहिरोको प्रभाव परेको हुँदा सामान्य अवस्थामा फर्काउन दुई हप्तासम्म लाग्न सक्नेछ ।

## ६.३ पहिरोको प्रतिकार्य रणनीति

स्थानीय शिक्षा समूहले प्रभावित विद्यार्थीको पठनपाठन सुचारु गर्न सहयोग गर्ने गरी तयारी गरेको छ र नपुग बाँकी संघ तथा सम्बन्धित प्रदेशको स्रोत साधनबाट हुने अपेक्षा गरिएको छ । परिदृष्य अनुसारको पहिरोको पूर्वतयारी तथा प्रतिकार्यका लागि शिक्षा समूहका मुख्य रणनीतिक क्रियाकलापहरू निम्न बमोजिम हुनेछन् ।

(१) जल तथा मौसम विज्ञान विभागबाट जारी गरिने वर्षाको पूर्वानुमानका आधारमा सम्बन्धित समुदाय तथा शैक्षिक संस्थाहरूलाई सजग र सतर्क रहन सूचित गर्ने,

(२) भारी वर्षा, पहिरोको सम्भावित प्रभाव अनुमानका आधारमा उच्च जोखिममा रहेका विद्यालयमा पठनपाठन सावधानीपूर्वक सञ्चालन गर्न वा बन्द गर्न सूचित गर्ने,

(३) पहिरो पछिको समय अवधिमा (० देखि ३-६-१२-२४-७२ घण्टा, ७२ घण्टा-२ हप्ता, २ हप्ता- ३ महिना) क्रमशः गर्नु पर्ने क्रियाकलाप र समूहका सदस्यको जिम्मेवारी निर्धारण गरी कार्यान्वयन गर्ने,

(४) पहिरो गएपछि प्रभावित क्षेत्रका विद्यालयको द्रुत लेखाजोखा गरी क्षतिको मूल्याङ्कन गर्ने र विधालय भवन र परिसरलाई सुरक्षित र असुरक्षित वर्गमा छुट्याउन आवश्यक सहायता परिचालन गर्ने,

(५) शैक्षिक सामग्रीमा भएको क्षति र पठनपाठन निरन्तर गर्न चाहिने शैक्षिक सामग्रीको लेखाजोखा गर्न आवश्यक सहायता परिचालन गर्ने,

(६) सुरक्षित स्थानमा आवश्यक आधारभुत सेवा सुविधा सहितका अपाङ्गता भएका बालबालिका र किशोरकिशोरी समेतलाई उपयुक्त हुने गरी अस्थायी सिकाइ केन्द्र (TLCs) वा अनलाइन सिकाई केन्द्र वा भर्चुअल कक्षा स्थापना तथा सञ्चालन गर्न आवश्यक सामग्री, प्राविधिक तथा आर्थिक परिचालन गर्ने,

(७) गाउँपालिकामा आपत्कालीन शैक्षिक सामग्री परिपूर्ति गर्न आवश्यक समन्वय तथा सहयोग गर्ने,

(८) शिक्षक तथा सहजकर्तालाई आवश्यक परामर्श प्रदान गर्ने,

(९) विद्यालय र पठनपाठन पुनःसञ्चालन गर्न समुदाय परिचालन गर्न विद्यालय व्यवस्थापन समिति, वडा तथा स्थानीय विपद व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(१०) शिक्षाक्षेत्रको मानवीय सहयाता र आपत्कालीन पठनपाठन र सिकाई सञ्चालनमा अन्तर्राष्ट्रिय न्यूनतम मापदण्ड (INEE Standards) पालना गर्ने, गराउने,

(११) प्रभावित परिवारहरूको मानवीय आवश्यकता परिपूर्ति साथै बालबालिकाको संरक्षण, सरसफाई, सरसामान, सहकार्य गर्ने,

(१२) मानवीय सहायता परिचालन र शैक्षिक सामग्री आपूर्ति गर्दा यथोचितरूपमा सामग्री, नगद, प्रविधि तथा अन्य उपाय अवलम्बन गर्ने ।

## ६.४ पहिरोको प्रतिकार्य गर्न स्रोतसाधनको आवश्यकता विश्लेषण

तालिका ६.४ परिदृष्य बमोजिम पहिरोको प्रतिकार्य गर्न आवश्यकताको बिवरण

| क्रस. | आवश्यकताको विवरण | एकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| क | **जनशक्ति** | संख्या | | मापदण्ड अनुसार |
| १ | तालिमप्राप्त उद्धारकर्मी, शिक्षक टोली | | १४ | २२५ विद्यार्थी = १ उद्धार टोली |
| २ | क्षति र आवश्यकता मुल्यांकन गर्नको लागि दक्ष (इरा) टोली | | ५ | ५ विद्यालय = १ टोली |
| ३ | आपत्कालीन अवस्थामा पठनपाठन गराउन तालिम प्राप्त संख्या शिक्षक | | २६ | प्रति विद्यालय एक जना विपद् सम्पर्क शिक्षक |
| ख | **सामाग्री तथा प्रविधि औजार** | संख्या | | |
| १ | ECD किट | | १७ | ४० विद्यार्थी बराबर १ इसिडि किट, प्रति केन्द्र एक (न्युनतम) ७१४ जनाको लागि |
| २ | विद्यालय किट (१-८ कक्षा सम्मका लागि) | | ५१ | प्रति ४० विद्यार्थी एक किट |
| ३ | विद्यार्थी किट जुनियर कक्षा १-५ (६-१२ वर्ष उमेरका लागि) | | १७०० | प्रति विद्यार्थी एक किट |

| | | | | |
|---|---|---|---|---|
| ४ | विद्यार्थी किट सिनियर कक्षा ६+ (१३-१८ वर्ष उमेरका लागि) | | १३७१ | प्रति विद्यार्थी एक किट |
| ५ | विद्यालय किट -शिक्षक | | ८० | प्रति ४० विद्यार्थी १ किट |
| ६ | मनोरंजन किट लगायत खेलकुद तथा कला आदि | | २७ | १२० विधार्थीका लागि १ किट |
| ७ | डिग्निटी किटः १३-१८ वर्षका प्रभावित छात्राको संख्या | | १०९० | १ सेट प्रति विद्यार्थी |
| ८ | स्वच्छता किट | सेट | ३१५७ | एक सेट प्रति विद्यार्थी ECD बाहेक WASH समुहसंग समन्वय गर्ने |
| ९ | प्राथमिक उपचार बक्स | | १५७ | हरेक विद्यालयहरुमा २० देखि ३० जनाका लागि १ सेट |
| १० | खोज तथा उद्धार किट | | २४ | १ सेट प्रति उद्धार टोली - खोज तथा उद्धार समुह संग समन्वय गर्ने |
| ११ | खोज तथा उद्धार किटमा निम्नानुसारका सामाग्री रहेका हुन्छनः-<br>Helmet, Safety boots, Light Boots, Search Lights, Ladders, ropes, shovels, picks, crowbars, axes, steel tubes, wooden planks, buckles, hose pipes, heavy gloves, thick cloth and blankets, torches, first aid box and pulley. | | | |
| **ग** | **आधारभूत भौतिक संरचना र सामाग्री** | | | |
| १ | अस्थायी सिकाई केन्द्रका लागि निर्माण स्थल | स्थान | २४ | |
| २ | अस्थायी सिकाई केन्द्रका लागि निर्माण सामाग्री (कक्षा कोठा) | सेट | २४ | |
| ३ | टेन्ट, कम्बल, म्याट र त्रिपाल | सेट | २४ | लेखाजोखाको विश्लेषण अनुसार, आवास समुहसंग समन्वय गर्ने |
| ४ | पोर्टेबल जेनेरेटर, एक्सेंटेंसन तार | सेट | २४ | |
| ५ | हाते माइक | सेट | २४ | प्रति विद्यालय १ वटा |
| **घ** | **लागत रकम** | | | |
| १ | पुर्वतयारीका लागि आवश्यक रकम | रु | | बाढीको अनुमानको आधारमा |
| २ | प्रतिकार्यका लागि आवश्यक रकम | रु | | |
| | **जम्मा रकम** | | | |
| १ | गाउँपालिकाबाट उपलब्ध हुने रकम | रु | | ६०% अनुमानित |
| २ | संघ तथा प्रदेशबाट प्राप्त हुने रकम | रु | | ४०% अनुमानित |
| ३ | शिक्षा क्षेत्रको कोष | रु | | |
| ४ | विपद व्यवस्थापन कोषबाट प्रतिबद्धता भएको रकम | रु | | स्थानीय विपद व्यवस्थापन समितिको निर्णयबाट उपलब्ध हुने |
| **घ** | **संस्थागत संरचना** | | | |
| १ | विपद व्यवस्थापन समिति | | २४ | हरेक विद्यालयमा र गाउँपालिकामा |
| २ | उद्धार टोली (१ टोली = ६ जना) | | २४ | |
| ३ | अन्य कार्यदल | | | आवश्यकता अनुसार |

### ६.५.१ आधारभुत र सामान्य पूर्वतयारी कार्ययोजना

तालिका ६.५.१ आधारभूत तथा सामान्य पूर्वतयारी कार्ययोजना

| क्रियाकलाप | आवश्यकता | स्थान | कहिले गर्ने | जिम्मेवार निकाय | बजेट/श्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| **१ अन्तरसमूह तथा समुदाय, बिचमा प्रभावकारी सञ्चार प्रणालीको स्थापना** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| गाउँपालिकामा क्रियाशिल अन्य बिषयक्षेत्रगत समूहका सम्पर्क व्यक्तिहरूको विवरण संकलन व्यवस्थापन र अध्यावधिक गर्ने । (अनुसूची २) | सेट | हेलम्बु गाउँपालिका | ज्येष्ठ मसान्त भित्र | समूह नेतृत्व, सहयोगी संस्थाहरु, स्थानीय आपातकालीन कार्यसंचालन केन्द्र | |
| पुर्वचेतावनी सम्बन्धी सूचनाको लागि शिक्षा समूह, विपद् व्यवस्थापन समितिहरू र समुदायका अगुवाहरूसंग स्पष्ट संचार स्थापना गर्ने । | | | | | |
| पहिरो सम्बन्धी जोखिमहरू (जस्तै, रेडियो, मोबाईल सन्देशहरू, सामुदायिक सूचना बोर्डहरू) बारे चेतावनीहरू साझा गर्न विद्यालय-आधारित सञ्चार सञ्जालको विकास गर्ने । | | | | | |
| विभिन्न विपद्का सम्भावित जोखिम र सोको न्यूनीकरणका लागि पूर्वतयारी गर्न आवश्यकता अनुसार नियमित बैठक, छलफल तथा अन्तरक्रिया गर्न विद्यालय तथा सहयोगी संघसंस्थाहरूलाई परिपत्र, सूचना जारी गर्ने । | आवश्यकता अनुसार | | | | |
| पहिराको आपतकालिन अवस्थामा एकीकृत प्रतिकार्य गर्नको लागि स्वास्थ्य, खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) र आश्रय जस्ता अन्य समूहहरूसँग समन्वय गर्ने । | | हेलम्बु गाउँपालिका | | | |
| सूचनालाई छिटो प्रसार गर्नको लागि शिक्षक अभिभावक संघ र विद्यालय व्यवस्थापन समितिहरू जस्ता समुदाय-स्तरका समूहहरूलाई प्रयोग गर्ने । | | | | | |
| **२ शिक्षा समूहको विपद् पूर्वतयारी** | | | | | |
| पहिरो पूर्वतयारीका लागि जिम्मेवारी निर्धारण र बाँडफाँड गर्ने | | हेलम्बु गाउँपालिका | ज्येष्ठ मसान्त भित्र | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| पुर्वतयारी र प्रतिकार्यका कियाकलापहरूको निरीक्षण गर्न विद्यालय व्यवस्थापन समितिहरूलाई सबल बनाउन सहयोग गर्ने । | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| विद्यालय-स्तरको विशेष गरी पहिरोलाई सम्बोधन गर्ने विपद् पूर्वतयारी र आकस्मिक योजना तयार गर्न र नियमित रूपमा अद्यावधिक गर्नमा विद्यालयहरुलाई सहयोग गर्ने । | | | | | |
| जोखिममा परेका विद्यालयहरूको नक्सांकन र आवश्यक भएमा ढलान स्थिरीकरण र स्थानान्तरण जस्ता तयारीका उपायहरूका लागि प्राथमिकता दिनका लागि विद्यालयलाई सहयोग गर्ने । | | | | | |
| पहिरोको प्रकोप भएको क्षेत्रका विद्यालयहरूका लागि मार्गहरू र सुरक्षित भेला हुने ठाउँहरू सहित स्पष्ट निकासी योजना विकास गर्नमा विद्यालयहरुलाई सहयोग गर्ने | | | | | |
| वार्षिक विद्यालय सुधार योजनाहरूमा पहिरो पुर्वतयारी उपायहरू समावेश गर्नका लागि विद्यालयहरुलाई सहयोग गर्ने । | | | | | |
| **३. सामाग्री र प्रविधि** | | | | | |
| पालिकामा उपलब्ध र अपुग विद्यार्थी किट, विद्यालय किट इसिडी किट, पहिरोसंग सम्बन्धित स्वअध्ययन सामग्री जस्ता सामग्रीहरूको परिमाण अद्यावधिक गर्ने । | १ | | | | |
| नेपाल सरकारका विभिन्न निकायहरूबाट उत्पादन र विकास भएका एवं शिक्षा समूहका सदस्य संस्थाहरूसँग उपलब्ध शैक्षिक सामग्रीहरू, सामग्री भण्डारण गरेको स्थान र जनशक्तिको अभिलेख अध्यावधिक राख्ने । | १ | | | | |
| पर्खाल, बालुवा झोला, र ढलान सुरक्षा सामग्री जस्ता गैर-संरचनात्मक अल्पीकरणका उपायहरुको उपलब्धता सुनिश्चित गर्ने । | | हेलम्बु गाउँपालिका | ज्येष्ठ मसान्त भित्र | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| विद्यालय र समुदायहरूलाई सचेत गराउन सम्भव भएसम्म वर्षा मापन यन्त्र वा भूस्खलन मापन | | | बर्षा शुरु भए | | |

| | | | | | |
|---|---|---|---|---|---|
| गर्ने सेन्सरहरू जस्ता पहिरोको पूर्व चेतावनी प्रणालीहरूबाट प्राप्त सुचनाहरुलाई प्रसार गर्ने । | | | पश्चात निरन्तर | | |
| प्रभावित विद्यालयहरूका लागि आवश्यकता अनुसारको पाठ्य सामग्री तथा प्रभावित बैकल्पिक सिकाई सामग्रीहरूको प्रबन्ध आवश्यकता अनुसार गर्न स्थानीय वि. व्यवस्थापन समितिसंग समन्वय तथा सहयोग गर्ने | | | | | |
| भारी बर्षाको समयमा बर्षा सम्बन्धी वास्तविक-समय अद्यावधिकहरू र सचेतना अभियानहरूका लागि डिजिटल प्लेटफर्महरू (जस्तै, मोबाइल एपहरू वा रेडियो प्रसारणहरू)को सहयोग लिने । | | | | | |
| सामग्री राहतको विकल्पको रूपमा (संस्था र विद्यालय बिच) नगद राहत उपलब्ध गराउनको लागि मार्गदर्शन तयार गर्न स्थानीय वि. व्यवस्थापन समितिसंग समन्वय तथा सहयोग गर्ने | | | २०८१/२०८२ | | |
| **४ मनसुनबाट उत्पन्न हुन सक्ने आपत्कालीन अवस्थाबारे अभिमुखीकरण वा सचेतना कार्यक्रमको सञ्चालन गर्ने** | | | | | |
| विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न माग भए वमोजिम प्रदेश तथा संघीय शिक्षा समुहसंग स्थानीय वि. व्यवस्थापन समिति मार्फत समन्वय गर्ने । | मांग भए बमोजिम | हेलम्बु गाउँपालिका | निरन्तर | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| विशेष गरी मनसुनको दौरानमा, शिक्षक, विद्यार्थी र अभिभावकहरूका लागि पहिरोसँग सम्बन्धित जोखिमहरूबारे सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने । | २ | | | | |
| भारी वर्षाको समयमा पुवतयारीलाई जोड दिँदै पुर्वचेतावनी प्रणाली र सुरक्षाको सम्बन्धमा अभिमुखीकरण संचालन गर्ने | २ | | | | |
| जिम्मेवारी सम्बन्धी सार्वजनिक सुचना (PSA) तयार गरी प्रसारण गर्नेः<br>● वर्षाको मौसममा सबैलाई | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| पहिरोको जोखिम बारेमा सचेत राख्न नियमित रुपमा सूचना सम्प्रेषण गर्ने ।<br>● पहिरोले थुपारेको फोहोरको सरसफाई<br>● अस्थायी सिकाइ कक्षा निर्माण तथा सञ्चालन र मर्मत संभार,<br>● शिक्षक तथा विद्यार्थी विद्यालयसम्म पुग्नका लागि सुरक्षित अन्य वैकल्पिक बाटोहरूको खोजी र प्रयोग गर्ने बारे | आवश्यकता मुल्यांकन गरी | गाउँपालिका स्तरमा तयार गरी प्रसारण गर्ने | | | |
| आपतकालीन अवस्थामा बालबालिका माथि हुन् सक्ने यौन दुर्व्यवहार तथा यस्तै प्रकारका घटना बारे अभिमुखीकरण कार्यक्रम चलाउने | २ | हेलम्बु गाउँपालिका | | समूह नेतृत्व, सहयोगी | |
| विद्यालयहरुमा बाल संरक्षण तथा विपद् सम्पर्क शिक्षकहरुलाई विपद तथा विपदको बेलामा बालबालिका प्रति हुन् सक्ने विभिन्न घटनाबाट उनीहरुलाई कसरी संरक्षण गर्ने बारे तालिम संचालन गर्ने | २ | | | समूह नेतृत्व, सहयोगी संस्थाहरु, बाल कल्याण अधिकारी, विद्यालयहरुमा बाल संरक्षण शिक्षक | |
| आश्रय स्थलको व्यवस्थापन गर्ने क्रममा ती आश्रय स्थलहरु बाल संरक्षणको दृष्टिले सुरक्षित भएको सुनिस्चित गर्ने । | | | | | |
| शिक्षक तथा विद्यार्थीहरु विद्यालयसम्म पुग्नका लागि सुरक्षित अन्य वैकल्पिक प्रभावित बाटोहरूको पहिचान र प्रयोगको व्यवस्था मिलाउने । | | | | समूह नेतृत्व, सहयोगी | |
| **५ जनशक्ति विकास गर्न क्षमता अभिबृद्धि/तालिम, नमूना अभ्यास कार्यक्रमहरूको सञ्चालन** | | | | | |
| शिक्षकहरू र विद्यालयका कर्मचारी तथा समुह सदस्यहरूका लागि पहिरो जोखिम मूल्याङ्कन, पुर्वचेतावनीका सङ्केतहरू, र आपतकालीन प्रतिकार्य सम्बन्धी तालिम कार्यक्रमहरू सञ्चालन गर्ने | २ | हेलम्बु गाउँपालिका | | | |
| शिक्षा समुह सदस्य विद्यालय व्यवस्थापन समितिहरूलाई पुर्वतयारी, निकासी, र पुर्नलाभका गतिविधिहरूको नेतृत्व गर्न तालिम | २ | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| दिने । | | | निरन्तर | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| विद्यालयका कर्मचारी, विद्यार्थी र अभिभावकका प्रतिनिधिहरूलाई पहिरोको समयमा सामान्य चोटपटक लागेकाहरूलाई सामान्य उपचार गर्न सक्षम बनाउन प्राथमिक उपचार तालिम प्रदान गर्ने । | २ | | | | |
| विद्यालय स्तरमा विपद् पूर्वतयारी गतिविधिहरूको लागि संयोजकको रूपमा काम गर्न विपद् सम्पर्क शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने। | १ | | | | |
| क्षतिको विवरण संकलन गर्नका लागि सूचना फारमहरू भर्ने सीप विकासको लागि शिक्षकहरूलाई पालिका स्तरीय अभिमुखीकरण संचालन गर्ने । | १ | | | | |
| शिक्षक, कर्मचारीलाई कृत्रिम घटना अभ्यास तथा नमूना पठनपाठन सञ्चालन गर्न पालिका स्तरीय तालिम गराउन स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय गर्ने । | १ | | | विपद तथा वातावरण शाखा | |
| **६ अस्थायी सिकाइ केन्द्र/कक्षाकोठा निर्माणका लागि स्थान छनोट गर्ने** | | | | | |
| पहिरोको जोखिममा रहेका क्षेत्रहरूमा अस्थायी सिकाइ केन्द्रहरू स्थापना गर्न सुरक्षित स्थानहरू पहिचान र नक्सांकन गर्न विद्यालय व्यवस्थापन समिती, स्थानीय तथा वडा विपद् ब्यवस्थापन समितीसंग समन्वय गर्ने । | आवश्यकता अनुसार | हेलम्बु गाउँपालिका | निरन्तर | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| अस्थायी सिकाई केन्द्रहरू स्थापना गर्ने स्थानहरु ढलान, नदीको किनार, वा भुक्षय वा बाढीको सम्भावना भएका क्षेत्रहरूबाट टाढा भएको सुनिश्चित गर्ने । | | | | | |
| आपतकालीन अवस्थामा अस्थायी सिकाई केन्द्रहरूको रूपमा प्रयोग गर्न सकिने जग्गा वा सामुदायिक भवनहरूलाई सुरक्षित गर्न स्थानीय तथा वडा विपद् | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| व्यवस्थापन समितीसंग समन्वय र सहकार्य गर्ने | | | | | |
| अस्थायी सिकाई केन्द्रमा पहुँच मार्ग तथा खानेपानी, शौचालय लगायतका सेवा सुविधाको व्यवस्था गर्न अन्य विषयगत समुहहरुसंग समन्वय, सहयोग गर्ने | | | | | |
| विद्यार्थी र शिक्षकहरूको लागि अस्थायी सिकाई केन्द्र रहेको ठाउँहरूमा पहुँच भएका तथा तिनीहरू पहिरोको जोखिम बिना नै पहुँचयोग्य छन् भएको सुनिश्चित गर्न लेखाजोखा गर्ने । | | | | | |

*मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०७९ बाट साभार गरी सामान्य परिमार्जन गरिएको

### तालिका ६.५.१ मौसम पूर्वानुमानमा आधारित पहिरोको पूर्वतयारी तथा प्रतिकार्य योजना

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| **२ हप्ताअघि पूर्वसूचना पाए पछि** | | | | |
| मौसम पूर्वानुमान अनुसार अत्यधिक वर्षा भई पहिरो आउन सक्ने अवस्था वा खराव मौसमको कारण हावाहुरी आउन सक्ने सम्भावना भएमा शिक्षा समूहको बैठक वस्ने | | हेलम्बु गाउँपालिका | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| अत्यधिक वर्षा भई पहिरो आउन सक्ने अवस्था वा खराव मौसमको कारण हावाहुरी आउन सक्ने सम्भावना भएमा जल तथा मौसम विज्ञान विभाग तथा स्था.आ.का.केसँग समन्वय गरी विद्यालयहरूलाई सूचना जारी गर्ने । | | संभावित प्रकोप क्षेत्रमा | स्था.आ.का.के, समूह समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| विपद् हुन सक्ने सम्भावना देखिएमा सबै सरोकारवालालाई तयारी अवस्थामा रहन आवश्यक समन्वय र आग्रह गर्ने | | हेलम्बु गाउँपालिका | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| सिकाई निरन्तरताका लागि सम्बन्धित सबैलाई आवश्यक तयारी गर्न स्थानीय विपद व्यवस्थापन समिति मार्फत समन्वय गर्ने | | विपद् सम्भावित क्षेत्रमा | | |
| **३ दिन (७२ घण्टा) पहिले पूर्वानुमान पाए पछि** | | | | |
| अत्यधिक वर्षा भई पहिरो आउन सक्ने अवस्था वा खराव मौसमको कारण हावाहुरी आउन सक्ने सम्भावना भएमा स्था.आ.का.के. मार्फत सूचना जारी गर्ने । | | प्रकोप संभावित क्षेत्रमा | स्था.आ.का.के, समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| विपद् हुन सक्ने सम्भावना भएको सूचना जारी भएमा समूह सदस्यहरूलाई प्रभावित स्थानमा परिचालनका लागि समूहको बैठक बस्ने । | | हेलम्बु गाउँपालिका | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| सिकाइ निरन्तरताका लागि सम्बन्धित सबैलाई आवश्यक तयारी पुरा गर्न स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय तथा सहयोग गर्ने | | विपद् सम्भावित क्षेत्रमा | | |
| **२४ घण्टा पहिले पूर्वसूचना पाए पछि** | | | | |
| अत्यधिक वर्षा भई पहिरो आउन सक्ने अवस्था वा खराव | | | स्था.आ.का.के. समूह | |

| | | | |
|---|---|---|---|
| मौसमको कारण हावाहुरी आउन सक्ने सम्भावना भएमा स्था.आ.का.के मार्फत सूचना जारी गर्ने । | विपद् संभावित क्षेत्रमा | नेतृत्व, सहयोगी संस्थाहरु | |
| विपद् हुन सक्ने सम्भावना देखिएमा सबै तहका शिक्षा समूहलाई तयारी अवस्थामा रहन समन्वय र आग्रह गर्ने | | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| विपद् हुनसक्ने सम्भावना देखिएका क्षेत्रका विद्यालयलाई तयारी अवस्थामा रहन समन्वय र आग्रह गर्ने । | | | |
| जोखिम क्षेत्रका विद्यालयमा पठनपाठन स्थगन गर्न आवश्यक देखिए स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय गर्ने । | | | |
| **घटनापूर्व पूर्वसूचना वा चेतावनी पाएपछि** | | | |
| शिक्षा समूहको बैठक बस्ने र अग्रीम प्रतिकार्य योजना लागु गर्न स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय गर्ने । | हेलम्बु गाउँपालिका | समूह नेतृत्व, सहयोगी संस्थाहरु, स्थानीय स्था.आ.का.के. | |
| आवश्यकता अनुसार विद्यालय बन्द गर्न र अन्य सुरक्षा उपाय अपनाउन स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय गर्ने | प्रभावित क्षेत्रमा | | |
| विद्यालय क्षेत्रको लागि उद्धार टोली तयारी अवस्थामा रहन स्थानीय विपद व्यवस्थापन समितिसंग आवश्यक समन्वय गर्ने | | | |
| जोखिममा रहेका विद्यालयका सामाग्री सुरक्षित स्थानमा सर्न र अन्य सुरक्षाका उपाय अपनाउन सुचना जारी गर्ने | | | |

### ६.५.२ पहिरोको प्रतिकार्य योजना

**तालिका ६.५.२ पहिरोको लागि प्रतिकार्य योजना**

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| ०-७२ घण्टा (परिदृश्य) | | | | |
| | पहिरोको घटना भएको क्षेत्रमा वडा तथा विद्यालय व्यवस्थापन समितीसंग सम्पर्क गरी वस्तुस्थितिको जानकारी लिने । | प्रभावित क्षेत्र | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| | शिक्षा समूहको बैठक बसेर अवस्थाको विश्लेषण गर्ने | गाउँपालिका | | |
| | सहायता आवश्यक पर्ने क्षेत्र र परिमाण आँकलन गर्ने | | | |
| | तत्काल उद्धार राहतका लागि स्थानीय विपद व्यवस्थापन समितिको निर्णय अनुसार सबै विषयगत क्षेत्रहरुसंग सहजीकरण र समन्वय गर्दै स्थानीय शिक्षा समूह परिचालित हुने । | प्रभावित क्षेत्र | | |
| | ईरा टोली परिचालन गर्न तयारी गर्न स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गर्ने । | गाउँपालिका | | |
| | थप उद्धार आवश्यक भए सुरक्षा निकाय र स्वयंसेवक परिचालन स्थानीय विपद् व्यवस्थापन समिति मार्फत जिल्लामा समन्वय गर्ने । | | | |
| | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) गर्ने फाराम | | | |

| | | | | |
|---|---|---|---|---|
| | प्रयोग गरी तोकिएको विधि अवलम्वन गरी शिक्षा क्षेत्रको क्षति र तत्कालीन आवश्यकताको द्रुत मूल्याङ्कन गर्ने, गराउन समन्वय तथा सहयोग गर्ने | | | |
| | शिक्षा क्षेत्रको खोज तथा उद्धार कार्यको निगरानी गर्ने | प्रभावित क्षेत्र | | |
| | विद्यालयमा खोज तथा उद्धारको लागि स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय गर्ने | गाउँपालिका | | |
| | अवस्था विश्लेषण गरी प्रतिवेदन तयार गरी स्थानीय विपद व्यवस्थापन समितिमा पेश गर्ने | | | |
| ७२ घण्टा-र हप्ता | | | | |
| | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) गर्ने फाराम प्रयोग गरी तोकिएको विधि अवलम्वन गरी शिक्षाक्षेत्रको क्षति र तत्कालीन आवश्यकताको द्रुत मूल्याङ्कन गर्ने, गराउन समन्वय तथा सहयोग गर्ने, | गाउँपालिका, प्रभावित क्षेत्र | | |
| | लेखाजोखाबाट प्राप्त जानकारी विश्लेषण गर्ने र प्रतिवेदन स्थानीय विपद व्यवस्थापन समितिमा पेश गर्ने | | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| | सहायताको आवश्यकता पत्ता लगाउने र सहायताको उपलब्धताको लागि स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय गर्ने | गाउँपालिका | | |
| | तत्काल सहयोगको योजना स्थानीय विपद व्यवस्थापन समिति मार्फत लागु गर्ने | | | |
| | अन्य संस्था समूहसँग समन्वय गर्ने | | सम्पर्क व्यक्तिहरू | |
| | कामको प्रतिवेदन र अवस्थाको बारेमा स्थानीय विपद व्यवस्थापन समिति मार्फत सार्वजनिक जानकारी गराउने | | | |
| | पठनपाठन, कक्षा सञ्चालन गर्न स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय तथा सहयोग गर्ने | | | |
| | जनशक्ति तथा सामग्रीहरू सम्बन्धित विद्यालय, अस्थायी क्याम्पमा पठाउन स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय र सहयोग गर्ने | | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| | स्थानीय रहनसहनको सम्मान गर्न र धर्मान्तरण नगर्न नगराउन सबै सहायताकर्मीलाई निर्देश गर्ने | प्रभावित क्षेत्र, | | |
| बहुक्षेत्रगत दूत लेखाजोखा (MIRA) | फाराम प्रयोग गरी तोकिएको विधि अवलम्वन गरी शिक्षाक्षेत्रको क्षति र बहुक्षेत्रगत आवश्यकताको दूत मूल्याङ्कन गर्न समन्वय तथा सहयोग गर्ने । | | | |
| २ हप्ता-४ हप्ता | | | | |
| | विद्यालय सञ्चालन गर्न विद्यालयलाई सहयोग गर्ने | गाउँपालिका | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| | अस्थायी कक्षा, इसिडि र अरु शैक्षिक क्रियाकलाप चलाउन स्थानीय विपद व्यवस्थापन समितिंग समन्वय गर्ने | | | |

| | | | | |
|---|---|---|---|---|
| | अनुगमन गरी स्थितिको विश्लेषण गर्ने | प्रभावित क्षेत्र | अनुगमन समिति/टोली | |
| | आवश्यक भएका पालिका, विद्यालयमा नगद, सामग्री प्रवाह गर्न स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय तथा सहयोग गर्ने । | | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| | जनशक्ति अपुग भएका ठाउँमा शिक्षक तथा अन्य सहायताकर्मी पठाउन स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय गर्ने । | गाउँपालिका | शिक्षा शाखा, समूह नेतृत्व | |
| | स्थानीय रहनसहनको सम्मान गर्न र धर्मान्तरण नगर्न नगराउन सबै सहायताकर्मीलाई निर्देश गर्ने । | | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| | फाराम प्रयोग गरी तोकिएको विधि अवलम्वन गरी शिक्षाक्षेत्रको क्षति र बहुक्षेत्रगत आवश्यकताको द्रुत मूल्याङ्कन गर्न समन्वय तथा सहयोग गर्ने । | प्रभावित क्षेत्र | | |
| १ महिना-३ महिना | | | | |
| | अस्थायी कक्षा र इसिडि चलाउन सहयोग गर्ने | प्रभावित क्षेत्र | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |
| | सूचनाहरु विश्लेषण गरी स्थानीय विपद व्यवस्थापन समिति मार्फत प्रकाशन र सम्प्रेषण गर्ने | गाउँपालिका | | |
| | आवश्यकता भए पक्की संरचना भएका कक्षाकोठा बनाउन स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय गर्ने | प्रभावित क्षेत्र | | |
| | विपद् पश्चात्को पुनःनिर्माण आवश्यकता मूल्याङ्कन (PDNA) गर्न सघाउने । | गाउँपालिका | | |

### ६.५.३ पहिरोको विपद् प्रतिकार्यमा लैङ्गिक, सामाजिक एवं समावेशिता र अपाङ्गता भएकाहरूको विशिष्ट आवश्यकता सम्बोधन गर्न क्रियाकलाप र रणनीति

तालिका ६.५.३ पहिरो विपद्को अवस्थामा विशिष्ट आवश्यकताका सम्बोधन गर्नको लागि योजना

| क्रियाकलाप | स्थान | जिम्मेवार निकाय |
|---|---|---|
| भौतिक संरचना तथा आधारभूत सेवा अपाङ्ग-मैत्री निर्माण तथा सञ्चालन गर्न समन्वय, सहयोग तथा पैरवी गर्ने | विद्यालय तथा अस्थायी सिकाइ केन्द्र | समूह नेतृत्व, सहयोगी संस्थाहरु |
| अपाङ्ता भएका विद्यार्थीका लागि उचित सिकाइ वातावरण तयार गर्न समन्वय, सहयोग तथा पैरवी गर्ने | गाउँपालिका | |
| अपाङ्ता भएका विद्यार्थीका लागि पाठ्य सामग्री उपलब्ध गराउने | प्रभावित क्षेत्र भरिमा | |
| अपाङ्ता भएका विद्यार्थीका लागि विद्यालय सम्मको सहज पहुँच सुनिश्चित गर्न गर्न समन्वय, सहयोग तथा पैरवी गर्ने | गाउँपालिका | |
| विपद्का कारण अपांगता भएका बालबालिका तथा ब्यक्तिहरुको सहायक सामाग्रीहरु हराउने तथा बिग्रन सक्ने हुनाले त्यस्तो अवस्थामा उक्त सामाग्रीहरुको वितरण गर्ने | | |
| विद्यालयमा शिक्षका कर्मचारी, हेरालु तथा अभिभावकहरुलाई विपद्को समयमा अपांगता भएका बालबालिका तथा ब्यक्तिहरुलाई कसरी बचाउने भन्ने सम्बन्धमा अभिमुखीकरण कार्यक्रम चलाउने । | | |

### ६.५.४ सञ्चार तथा पैरवी योजना

तालिका ६.५.४ पहिरोको पूर्वतयारी चरणमा गरिने सञ्चार तथा पैरवी सम्बन्धी क्रियाकलापको योजना

(क) पूर्वतयारी चरणमा सञ्चार तथा पैरवी

| समय अवधि | क्रियाकलाप | माध्यम | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| सामान्य अवस्थामा | पहिरोको जोखिम र सुरक्षा सम्बन्धी सन्देश तथा कार्यक्रमहरू निर्माण तथा प्रकाशन प्रसारण गर्ने | एफएम रेडियो, टेलिभिजन, केबल टेलिभिजन | समूह नेतृत्व, सहयोगी संस्थाहरु, स्थानीय स्था.आ.का.के. | |
| | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी सन्देश कार्यक्रमहरू निर्माण तथा प्रसारण गर्ने | प्रिन्ट मिडिया | | |
| | शिक्षा लगायतका सामाजिक विषयमा केन्द्रित सञ्चारमूलक गतिविधिमा विपद् व्यवस्थापनको विषय समेट्ने | न्यूज मिडिया अनलाइन, सामाजिक संजाल | | |
| | अपाङ्ग तथा लैंगिक-मैत्री विपद् पूर्वतयारी तथा प्रतिकार्यका बारेमा सचेतना जगाउने, जोखिममा रहेका समूह (जस्तैः- विभिन्न प्रकारका अपाङ्गगता भएका बालबालिका, सानो उमेर समूहका बालबालिका) को संरक्षणका लागि पैरवी गर्ने । | सबै संचार माध्यम | | |

(ख) मौसम पूर्वानुमानमा आधारित सञ्चार तथा पैरवी

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| पूर्वसूचना पाए पछि | | | | |
| अत्यधिक वर्षा भई पहिरो आउन सक्ने अवस्था वा खराव मौसमको कारण हावाहुरी आउन सक्ने सम्भावना भएमा सूचना जारी भएपछि त्यो सूचना प्रकाशन, प्रसारण गर्ने गराउने | | विभिन्न सञ्चार माध्यम | समूह नेतृत्व | |

(ग) आपत्कालीन अवस्थामा सञ्चार तथा पैरवी

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | बजेट |
|---|---|---|---|---|
| ०-७२ घण्टा | आपत्कालीन अवस्थाका बारेमा सञ्चार माध्यमबाट निम्न विषयमा जानकारी दिने<br>• पहिरोको अवस्था र जोखिम बारेमा<br>• सुरक्षित स्थान र भेला हुने बारेमा<br>• घाइतेको अवस्था र उद्धारका बारेमा<br>• अस्पताल र स्वास्थ्य केन्द्रका बारेमा | प्रकोप प्रभावित क्षेत्र | समूह नेतृत्व, शिक्षा शाखा र स्था.आ.का.के. | |
| ७२ घण्टा - २ हप्ता | • शिक्षा निरन्तरता बारे,<br>• आचारसंहिता पालना गर्ने गराउने बारेमा | | समूह नेतृत्व, सहयोगी संस्थाहरु | |

| | | | | |
|---|---|---|---|---|
| | • शीघ्र पुर्नस्थापना बारे<br>• मनोसामाजिक परामर्श सम्बन्धी | | | |
| २ हफ्ता - १ महिना | • शिक्षा निरन्तरता बारे,<br>• आचारसंहिता पालना गर्ने गराउने बारेमा<br>• शीघ्र पुर्नस्थापना बारे | | | |
| १-३ महिना | • शिक्षा निरन्तरता बारे प्रकोप,<br>• आचारसंहिता पालना गर्ने गराउने बारेमा<br>• शीघ्र पुर्नस्थापना बारे<br>• बालबालिकाको संरक्षण एवं लैंगिक तथा सामाजिक सुरक्षा सम्बन्धी | | | |

## परिच्छेद ७:

## कृत्रिम घटना अभ्यास तथा योजनाको परीक्षण

### ७.१ कृत्रिम घटना अभ्यास

स्थानीय शिक्षा समूहले स्रोतसाधनको अवस्था, समूहको दक्षता परीक्षण एवं क्षमता अभिवृद्धि गर्न समयसमयमा विपद् परिदृष्यमा आधारित भई विपद् प्रतिकार्यको नमूना अभ्यास गर्ने, गराउनेछ ।

### ७.२ कृत्रिम घटना अभ्यास कार्यतालिका

तालिका ७.२ कृत्रिम घटना अभ्यास कार्यतालिका

| सि.न. | क्रियाकलाप | स्थान | मिति | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| क | भुकम्पको प्रतिकार्य अभ्यास | | | | |
| १ | अभ्यासका लागि कार्यदल गठन | हेलम्बु | फागुन पहिलो हप्ता | समूह नेतृत्व र सहयोगी संस्थाहरु | सदस्यहरू |
| २ | कार्यदलबाट विपद्को परिदृष्य तयारी | हेलम्बु | चैत्र मसान्त सम्म | कार्यदल नेतृत्व | सहयोगी संस्थाहरु |
| ३ | स्थान र सहभागी छनोट | समूहले निर्धारण गरेको स्थानमा | चैत्र मसान्त सम्म | कार्यदल नेतृत्व | |
| ४ | अभ्यासको क्रियाकलाप र समयतालिका निर्धारण | | चैत्र मसान्त सम्म | कार्यदल नेतृत्व | |
| ५ | अभ्यासको लागि सामग्रीहरूको व्यवस्था | निर्धारित स्थानहरूमा | बैशाख दोस्रो हप्तासम्म | कार्यदल | सदस्यहरू, सहयोगी संस्थाहरु |
| ६ | अभ्यासको सहजीकरण गर्न कार्यदलद्वारा पूर्व अभ्यास र प्रशिक्षण | निर्धारित स्थानहरूमा | बैशाख दोस्रो हप्तासम्म | कार्यदल | |
| ७ | अभ्यास आयोजना/सञ्चालन गन | निर्धारित स्थानहरूमा | जेठ १५ सम्ममा | कार्यदल | |
| ८ | अभ्यासको मूल्याङ्कन गर्ने | | हरेक अभ्यास पश्चात | समूह नेतृत्व, सहनेतृत्व | |
| ९ | मूल्याङ्कन र सिकाइको आधारमा विपद् प्रतिकार्य योजनामा सुधार गर्ने | हेलम्बु | जेठ मसान्त सम्म | समूह नेतृत्व | |

**नोटः**

क. बाढीको प्रतिकार्य अभ्यासको समय तालिकाः मंसिरको पहिलो हप्ता देखि माघ मसान्त सम्म
ख. पहिरोको प्रतिकार्य अभ्यासको समय तालिकाः भदौ पहिलो हप्ता देखि कार्तिक मसान्त सम्म

## परिच्छेद ८:

### समन्वय र् सहकार्य

### ८.१ स्थानीय तह शिक्षा समूह, संघ, प्रदेश र जिल्ला बिचको समन्वय र सहकार्य

स्थानीय शिक्षा समूहको सञ्चालन र सदस्य संस्था बिचको समन्वय कार्यविधिमा उल्लेख भए बमोजिम गरिनेछ । समूहको नियमित तथा अन्य बैठकमा विपद् पूर्वतयारी र प्रतिकार्य योजनाको कार्यान्वयन सम्बन्धमा छलफल गरिनेछ । समूहका सदस्य बिच सम्पर्क र समन्वय गर्न सदस्य संस्थाका सम्पर्क व्यक्तिको नाम, सम्पर्क नम्बर अनुसूची १ मा संलग्न गरिएको छ ।

स्थानीय तह, संघ र प्रदेशको शिक्षा समूहबीच कार्यविधिमा उल्लेख भए बमोजिम विपद पूर्वतयारी तथा प्रतिकार्यमा आपसी समन्वय र सहकार्य हुनेछ । सम्पर्क व्यक्तिहरूको नाम, सम्पर्क नम्बर तथा अन्य आवश्यक विवरण सहितको अन्तरतहगत सम्पर्क सूची तयार गरी सम्बन्धित सबैको पहुँचमा हुने गरी इएमआइएस डाटाबेसमा राखिने छ । सम्पर्क सूचीलाई क्रमशः अघ्यावधिक गरिने छ । स्थानीय शिक्षा समूहले आवश्यकता अनुसार क्षमता विकास, योजना तर्जुमा तथा विपद् प्रतिकार्यका लागि संघीय शिक्षा समूह, प्रदेश तथा जिल्लासंग सहयोग र समन्वय गर्नेछ ।

### ८.२ अन्तरविषयगत तथा निकायगत समन्वय र सहकार्य

स्थानीय शिक्षा समूहको अन्तरविषयगत समूहसँग नियमित समन्वय र सहकार्य हुनेछ । आपसी समन्वय गर्न सम्बन्धित समूहका सम्पर्क व्यक्ति छनौट गरी समन्वय संयन्त्र स्थापना गरिने छ । संघमा रहेका निम्न समूहहरूलाई स्थानीय तहको विपद् पूर्वतयारी र प्रतिकार्य योजना (DPRP) निर्माण गर्दा निर्देशिका अनुरुप आवश्यकता अनुसार गठन गरिने छ ।

(क) खानेपानी, सरसफाई र स्वास्थ्य प्रवर्द्धन (WASH),
(ख) शिक्षा (Education),
(ग) पोषण (Nutrition),
(घ) आपतकालीन आश्रयस्थल (Emergency Shelter),
(ङ) बन्दोबस्ती (Logistics),
(च) शिविर समन्वय तथा शिविर व्यवस्थापन (CCCM)
(छ) संरक्षण (Protection),
(ज) स्वास्थ्य (Health),
(झ) खाद्य सुरक्षा (Food Security),
(ञ) शीघ्र पुनर्लाभ (Early Recovery),
(ट) आपत्कालीन सञ्चार (communication) र

शिक्षा समूहका लागि अन्य समूहबाट तोकिएका सम्पर्क व्यक्तिहरूको अद्यावधिक विवरण अनुसूची १ मा राखिएको छ । आपसी समन्वय र सहकार्य प्रवर्द्धन गर्न सम्बन्धित समूहका प्रतिनिधिलाई शिक्षा समूहको बैठकमा आमन्त्रण गरिनेछ । साथै अन्य समूहसँग साथै निकायसँग सम्पर्क गर्न शिक्षा समूहबाट अनुसूची १ बमोजिमका सम्पर्क व्यक्ति तोकिएको छ ।

समूहका तर्फबाट समूह नेतृत्व (स्थानीय शिक्षा समूह) ले स्थानीय तहमा विद्यमान विषयगत समूह, स्थानीय विपद् व्यवस्थापन समिती, वडा विपद् व्यवस्थापन समिती तथा विद्यालय विपद् व्यवस्थापन समितीसँग समन्वय, सहकार्य तथा सहयोग गर्नेछ ।

## परिच्छेद ९:

## सूचना व्यवस्थापन, सञ्चार तथा पैरवी

### ९.१ सूचना व्यवस्थापन

विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि शिक्षा समूह सञ्चालन कार्यविधि, २०७९ मा उल्लेख भए बमोजिम शिक्षा समूहले विपद् पूर्वतयारी र प्रतिकार्यका चरणमा शिक्षा क्षेत्रको तथ्याङ्क व्यवस्थापन र सूचना सम्प्रेषणको कार्य निम्न प्रक्रियामा गर्ने छः

- स्वीकृत विधि र प्रक्रिया प्रयोग गरी समग्र विपद् जोखिम सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने,
- सङ्कलित तथ्याङ्कलाई तोकिएको उपयुक्त विद्युतीय (Digital) वा छपाई (Print) अवस्थामा सुरक्षित भण्डारण गर्ने,
- तथ्याङ्कको विश्लेषण गरी उपयुक्त प्रतिवेदन, सूचना वा सचेतना सामग्री तयार गर्ने र
- प्रतिवेदन, सूचना वा सचेतना सामग्री प्रकाशन/सम्प्रेषण गर्ने गराउने ।

### ९.२ सञ्चार तथा पैरवी

विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह सञ्चालन कार्यविधि, २०७९ मा उल्लेख भए बमोजिम अन्तर विषयगत समूहसंग (अन्य क्लस्टरहरू) समन्वय र रिपोर्टिङ्ग गर्नेछ । सम्पर्क व्यक्तिहरूको सूची अनुसूची १ मा दिइएको छ ।

## परिच्छेद १०:

### अनुगमन र समीक्षा

### १०.१ अनुगमन संयन्त्र र कार्यसूची

कार्यविधि बमोजिम स्थानीय तहले गठन गरेको कार्यदलले योजनाको कार्यान्वयनको अनुगमन गर्नेछ । अनुगमन कार्यदलको कार्यसूची देहाय बमोजिम हुनेछ ।

(१) कार्ययोजना कार्यान्वयनको नियमित अनुगमन गर्ने,
(२) विपद् प्रतिकार्यको प्रभावकारिताको विशेष अनुगमन गर्ने,
(३) पठनपाठन निरन्तरताको अनुगमन गर्ने,
(४) योजनाको मध्यावधि मूल्याङ्कन योजना कार्यान्वयनको दोस्रो वर्षको फागुन महिनामा गर्ने र आगामी वर्षको योजना परिमार्जन गर्न सुझाव सिफारिश गर्ने ।
(५) योजनाको अन्तिम मूल्याङ्कन पाँचौं वर्षको माघ-फागुनमा गर्ने र योजना परिमार्जन गर्न सुझाव सिफारिश गर्ने ।

### १०.२ अनुगमन र मूल्याङ्कन कार्ययोजना

योजना कार्यान्वयन अवस्थाको अनुगमन र मूल्याङ्कन कार्ययोजनाको सारांश विवरण तालिका १०.२ मा प्रस्तुत गरिएको छ । अनुगमन र मूल्याङ्कन कार्यदलले आवश्यकता अनुसार कार्यतालिकामा क्रियाकलाप थप, समय र स्थानमा सामान्य संशोधन गर्न सक्नेछ ।

तालिका १०.२ अनुगमन तथा मूल्याङ्कन कार्ययोजना

| समय अवधि | क्रियाकलाप | स्थान | जिम्मेवार निकाय | सहयोगी निकाय | बजेट |
|---|---|---|---|---|---|
| चौमासिक | नियमित अनुगमन | हेलम्बु | स्थानीय विपद व्यवस्थापन समिति | नेतृत्व, सहयोगी संस्थाहरु | |
| | विपद् प्रतिकार्यको अनुगमन | प्रभावित क्षेत्रमा | | | |
| | आपात्कालीन अवस्थामा पठनपाठनको अनुगमन | प्रभावित क्षेत्रमा | | | |
| | मध्यावधि मूल्याङकन | | | | |
| | अन्तिम मूल्याङ्कन | | | | |

### १०.३ योजनाको समीक्षा र परिमार्जन

यस योजनाको समीक्षा तथा आवश्यक परिमार्जन सामान्यतया वार्षिक रूपमा गरिनेछ तर आवश्यकता भएमा सो अगावै पनि कार्य योजनामा परिमार्जन गरिनेछ ।

### परिच्छेद ११: सुझावहरु

क. हरेक विपद् प्रतिकार्यलाई उचित कार्यन्वयन गर्नका निम्ती आवश्यक कार्ययोजना र कार्यन्वयन कार्यविधीको निर्माण गरी सोही अनुसार प्रतिकार्यलाई अधि बढाउने ।

ख.गाउँपालिकाको विपद् व्यवस्थापन सम्बन्धी नीति, ऐन, कार्यविधी, निर्देशिका आदिहरुको पुनरालोकन गर्ने र भएका कमिलाई अद्यावधिक गर्ने ।

ग.विपद् व्यवस्थापनको सवालमा संघीय कानून अनुसार स्थानीय तहहरुले बनाउनु पर्ने आवश्यक ऐन, कानून तथा नीतिहरु र उक्त नीतिहरुले निर्दिष्ट गरेका संरचनाहरुको (जस्तैः खोज तथा उद्धार कार्यदल आदि) पनि निर्माण गर्ने ।

***

# अनुसुचीहरु (Annexes)

## अनुसुची १

स्थानीय शिक्षा समूहका सम्पर्क व्यक्तिहरुको सुची

| जिम्मेवारी | निकाय/संस्था | सम्पर्क व्यक्ति | पद | मोबाईल | ईमेल |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

शिक्षा क्षेत्रमा कार्य गर्ने संघ/संस्थाको सुची

| क.स. | संस्था | नाम | जिम्मेवारी | पद | अफिस सम्पर्क | मोबाईल | ईमेल |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

## अनुसुची २

गाउँपालिकामा कियाशिल अन्य विषयगत समूहहरुका सम्पर्क व्यक्तिहरुको सुची

| क.स. | नाम | जिम्मेवारी | पद | अफिस सम्पर्क | मोबाईल | ईमेल |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

## अनुसुची ३

तालिका ३.१ हेलम्बु गाउँपालिकामा रहेका विद्यालयहरुको विवरण

| विद्यालय | सामुदायिक | संस्थागत |
|---|---|---|
| माध्यामिक (कक्षा १२ सम्म पढाइ हुने) | ५ | १ |
| माध्यामिक (कक्षा १० सम्म पढाई हुने) | ६ | १ |
| आधारभुत (कक्षा ८ सम्म पढाई हुने) | ३ | |
| आधारभुत (कक्षा ५ सम्म पढाइ हुने) | १९ | |
| बाल विकास केन्द्र | ३२ | २ |

*श्रोतः हेलम्बु गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा, सिन्धुपाल्चोक*

तालिका ३.२  वडा स्तरीय प्रारम्भिक बालविकास शिक्षा र पुर्व प्राथमिक तह अन्तर्गत सिकाई केन्द्र तथा विद्यार्थी र शिक्षकको विवरण

| वडा | प्रारम्भिक बाल विकास शिक्षा र पुर्व प्राथमिक तह सिकाई केन्द्र | विद्यार्थी संख्या | अपांगता भएका विद्यार्थीको संख्या | शिक्षक संख्या |
|---|---|---|---|---|

| | सामुदायिक | संस्थागत | जम्मा | छात्र | छात्रा | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | | ४ | ४१ | ३४ | ७५ | | ४ |
| २ | ७ | १ | ८ | ४५ | ४७ | ९२ | | ८ |
| ३ | ३ | | ३ | २६ | ३१ | ५७ | | ३ |
| ४ | ३ | १ | ४ | १७१ | १११ | २८२ | २ | ६ |
| ५ | ६ | | ६ | २६ | २६ | ५२ | | ६ |
| ६ | ५ | | ५ | ४७ | ३८ | ८५ | १ | ५ |
| ७ | ४ | | ४ | ५३ | ४५ | ९८ | २ | ५ |
| | ३२ | २ | ३४ | ४०९ | ३३२ | ७४१ | ५ (छात्रा) | ३७ |

*श्रोतः हेलम्बु गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा, सिन्धुपाल्चोक (IEMIS Report– 2081)*

**तालिका ३.३ तह, लिंग, अपांगता का आधारमा विद्यार्थीको विवरण**

| वडा | विद्यालयको संख्या | कक्षा १-८ सम्म | | | कक्षा ९-१२ सम्म | | | अपांगता भएका विद्यार्थीको संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १ | ५ | २०१ | २०१ | ४०२ | ७४ | ४४ | ११८ | १ |
| २ | ८ | २०४ | २०३ | ४०७ | ८१ | ५९ | १४० | १ |
| ३ | ३ | २०० | २०४ | ४०४ | ३५ | २२ | ५७ | १ |
| ४ | ४ | २२७ | २९१ | ५१८ | ११६ | ८२ | १९८ | ४ |
| ५ | ७ | १२६ | १०२ | २२८ | १९ | १७ | ३६ | २ |
| ६ | ४ | २१८ | २१० | ४२८ | ११३ | ८८ | २०१ | २ |
| ७ | ७ | १५३ | ११९ | २७२ | | | | ३ |
| | ३५ | १३२९ | १३३० | २६५९ | ४३८ | ३१२ | ७५० | १४ |

*श्रोतः हेलम्बु गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा, सिन्धुपाल्चोक (IEMIS Report– 2081)*, RCRD बाट संकलित तथ्यांक :

**तालिका ३.४ शिक्षकको वडागत विवरण**

| वडा | विद्यालयको संख्या | कक्षा १-८ सम्म | | | कक्षा ९-१२ सम्म | | | तालिम प्राप्त शिक्षक संख्या* | अपांगता भएका शिक्षक संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | जम्मा | म. | पु. | जम्मा | | |
| १ | ५ | ७ | १३ | २० | १ | ४ | ५ | | |
| २ | ८ | ८ | १३ | २१ | १ | ५ | ६ | | ३ |
| ३ | ३ | ५ | १३ | १८ | | | | | |
| ४ | ४ | ७ | ११ | १८ | २ | ६ | ८ | | १ |
| ५ | ७ | ६ | ७ | १५ | ० | १ | १ | | १ |
| ६ | ४ | ५ | १९ | २४ | १ | ७ | ८ | | |
| ७ | ४ | ८ | ८ | १६ | | | | | |
| | ३५ | ४६ | ८४ | १३२ | ५ | २३ | २८ | | ५ |

*श्रोतः हेलम्बु गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा, सिन्धुपाल्चोक (IEMIS Report– 2081)*

**नोटः** विपद् व्यवस्थापनको तालिम कुनै कुनै शिक्षकले मात्र लिनुभएको छ ।

* तालिम प्राप्त भन्नाले विद्यालय विपद् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक तथा अभ्यासमूलक तालिम सम्झनुपर्छ।

### तालिका ३.५ स्थानीय तह र विद्यालयमा कार्यरत रहेका कर्मचारीको विवरण

| वडा | विद्यालयमा कार्यरत | | | स्थानीय तहमा कार्यरत | | | वि.वि.व्य. सम्बन्धी तालिम प्राप्त | अपांगता भएका कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | |
| १ | ७ | ४ | ११ | | | | | |
| २ | १३ | ३ | १६ | | ३ | ३ | | |
| ३ | ४ | ४ | ८ | | | | | |
| ४ | ३ | ५ | ८ | | | | | |
| ५ | ८ | ६ | १४ | | | | | |
| ६ | ९ | ६ | १५ | | | | | |
| ७ | १ | ८ | ९ | | | | | |
| जम्मा | ४५ | ३७ | ८१ | | ३ | ३ | | |

*श्रोतः हेलम्बु गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा, सिन्धुपाल्चोक (IEMIS Report– 2081)*

## अनुसूची ४

### हेलम्बु गाउँपालिकाका विधालयहरुको प्रकोप संकटासन्नताको अवस्था

| सि.न. | विधालयको नाम | प्रकोपको संकटासन्नता | खुल्ला स्थान | अस्थायी सिकाई केन्द्रको लागि वैकल्पिक स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | महेन्द्र आ.वि. | हुरीबतास | विधालयको खेल मैदान | विधालय नजिकैको सामुदायिक भवन | भुकम्प प्रतिरोधात्मक भवन |
| २ | भञ्ज्याङ आ.वि. | पहिरो, हुरीबतास | | विधालयको खेल मैदान | |
| ३ | सृजना आ.वि. | चट्याङ, शीतलहर | | | |
| ४ | सेतीदेवी आ.वि. | पहिरो | | | |
| ५ | पातिङ आ.वि. | पहिरो, हुरीबतास | | वडा कार्यलय | |
| ६ | ह्लेम्बु मोडल मा.वि. | चट्याङ, पहिरो, हुरीबतास, चिसो | | विधालयको खेल मैदान | भुकम्प प्रतिरोधात्मक भवन |
| ७ | सरस्वती मा.वि. | बाढी | | | भुकम्प प्रतिरोधात्मक भवन (बाढीको जोखिम रहेको) |
| ८ | मणिकण्ठेश्वरी आ.वि. | पहिरो, हुरीबतास | | | |
| ९ | महाकाली निन्देश्वरी आ.वि. | पहिरो, हुरीबतास | | | भुकम्प प्रतिरोधात्मक भवन |
| १० | पद्मेश्वरी आ.वि. | हुरीबतास | | | |
| ११ | ढापसुङ आ.वि. | चट्याङ, पहिरो, हुरीबतास | | | |
| १२ | चित्रे आ.वि. | हुरीबतास | | गाउँमा रहेको खुल्ला क्षेत्र | खुल्ला क्षेत्र सानो भएको |
| १३ | उर्लेनी आ.वि. | पहिरो, हुरीबतास | | | भुकम्प प्रतिरोधात्मक भवन (खुल्ला क्षेत्र पहिरोको जोखिममा) |
| १४ | सिद्धार्थ आ.वि. | चट्याङ, हुरीबतास | | | |
| १५ | पाल्चोक मा.वि. | चट्याङ, पहिरो, हुरीबतास | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | ज्ञानोदय मा.वि. | हुरीबतास | | विधालयको खेल मैदान | भुकम्प प्रतिरोधात्मक भवन |
| १७ | नुर्बुलिंग मा. वि. | हुरीबतास, पहिरो, चट्याङ | | | |
| १८ | सर्वोदय मा.वि. | पहिरो, हुरीबतास, | | | |
| १९ | ईसिङ आ.वि. | पहिरो, हुरीबतास | | | |
| २० | जयबागेश्वरी मा.वि. | पहिरो, हुरीबतास, चट्याङ | | | |
| २१ | श्री ईचोक मा.वि. | पहिरो, हुरीबतास, चट्याङ | | | भुकम्प प्रतिरोधात्मक भवन |
| २२ | रिसंकुमाने आ.वि. | पहिरो, आगलागी, महामारी | | | |
| २३ | मेलम्चीध्याङ मा.वि. | चट्याङ, हुरीबतास | | | भुकम्प प्रतिरोधात्मक भवन |
| २४ | पेमाछोलिङ आ.वि. | हुरीबतास, चट्याङ | | | |
| २५ | सर्कथली आ.वि. | पहिरो | | | भुकम्प प्रतिरोधात्मक भवन |
| २६ | गोरखनाथ आ.वि. | हुरीबतास, चट्याङ | विधालय नजिकको सडक बाटो | हाल विधालय अस्थायी सिकाई केन्द्रमा रहेको | भुकम्प प्रतिरोधात्मक भवन |
| २७ | गोल्मादेवी मा.वि. | पहिरो, बाढी | विधालयको खेल मैदान | विधालयको खेल मैदान | |
| २८ | भुमेश्वरी मा.वि. | पहिरो | | | |
| २९ | सातधारा आ.वि. | पहिरो | | | |
| ३० | याङग्रीमा मा.वि. | चट्याङ, चिसो, हुरीबतास | पहिरोको जोखिम् | | भुकम्प प्रतिरोधात्मक भवन |
| ३१ | बोल्दे आ.वि. | पहिरो | | | |
| ३२ | महेन्द्र मा.वि. | पहिरो | | | |
| ३३ | ईष्टपोईन्ट एकेडेमी | पहिरो | | | |
| ३४ | महाकालेश्वरी आ.वि. | पहिरो, हुरीबतास, चट्याङ | बाढीको जोखिम् | बाढीको जोखिम | भुकम्प प्रतिरोधात्मक भवन |
| ३५ | हरि सिद्धि आ.वि. | पहिरो | | | |
| ३६ | एकिकृत सिकाई केन्द्र | बाढी | | | |

## अनुसूची ५

### अनुगमन तथा मूल्याङ्कन फाराम

(विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि शिक्षा समूहको परिचालन कार्यविधि, २०७९ को अनुसूची ७ बमोजिम)

### अनुगमन तथा मूल्याङ्कन फाराम

| अनुगमनका विषय | सुझाव/निष्कर्ष |
|---|---|
| कार्यान्वयन भैरहेको कार्यक्रमको प्रभावकारिता | |
| निरन्तरता दिनुपर्ने क्रियाकलाप | |
| तत्काल सुधार गर्नुपर्ने क्रियाकलाप | |
| स्रोतसाधनको उपयोग तथा पर्याप्तता | |
| अन्य | |

### मूल्याङ्कन

| क्रियाकलाप | निम्न | मध्यम | राम्रो | उत्कृष्ट |
|---|---|---|---|---|
| समूहको समन्वय र परिचालन | | | | |
| कार्यक्रम तथा योजना निर्माण | | | | |
| कार्यक्रम तथा योजना कार्यान्वयनको प्रभावकारिता | | | | |

| | | | | |
|---|---|---|---|---|
| स्रोत व्यवस्थापन | | | | |
| खर्चको मितव्ययिता | | | | |
| लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी | | | | |
| सवालहरूको उचित सम्बोधन | | | | |
| कार्यक्रमको समग्र प्रभाव | | | | |
| कार्यक्रमबाट विपद् उत्थानशीलतामा भएको योगदान | | | | |
| कार्यक्रमबाट भएका सिकाइ तथा भविष्यमा अपनाउनु पर्ने सावधानीहरू | | | | |

मूल्याङ्कनकर्ताको नाम र सही (ऐच्छिक):                मितिः

## अनुसूची ६: स्थानीय शिक्षा समूहको काम तथा कर्तव्य :

स्थानीय शिक्षा समूहको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछः-

- स्थानीय तहभित्रका विद्यालय शिक्षाको प्रभावकारिताका लागि शिक्षा विकास तथा समन्वय इकाई, विद्यालय, विद्यालय व्यवस्थापन समितिसँग समन्वय गर्ने,
- स्थानीय तहभित्र विपद्को समयमा शैक्षिक गतिविधि सञ्चालनका लागि आवश्यक सहजीकरण गर्ने,
- विपद्को समयमा सम्बन्धित निकायको समन्वयमा रही शिक्षण प्रशिक्षणका लागि आवश्यक सामग्रीको सङ्कलन गर्ने,
- शिक्षा क्षेत्रमा हुनु पर्ने सुधारका लागि आवश्यक सुझाव दिने,
- स्थानीयस्तरमा शैक्षिक सुधारका लागि गठित शिक्षा क्षेत्रसँग सम्बन्धित निकायसँग समन्वय गर्ने,
- विपद्को समयमा गर्नुपर्ने कार्य, प्रभावित हुने बालबालिकाको विवरण सङ्कलन गर्ने र विपद्को समयमा प्रभावित बालबालिकालाई व्यवस्थापनका लागि सहजीकरण गर्ने,
- स्थानीय शिक्षा समूहको उद्देश्य प्राप्त गर्न अन्य आवश्यक कार्य गर्ने ।
- स्थानीय शिक्षा समूहले अन्य सरोकारवालासँग समन्वय एवम् सहजीकरण गर्नसक्ने छ ।
- शिक्षा समूहका कार्यमा स्थानीय तहलाई आर्थिक दायित्व पर्ने गरी कुनै कार्य गर्ने गराइने छैन ।
- संचिती भण्डारण (Buffer Stock) संचालन गर्न स्थानीय सहकारीहरुसँग सम्नवय गर्ने । (बफर स्टक भन्नाले स्थानीय स्तरमा उत्पादन हुने बालीनालीहरु स्थानीय सहकारीहरु वा निजि निकायहरुसँगको साझेदारीमा सिजनको समयमा किसानहरुबाट बजार भाउ भन्दा १५ % बढी मुल्यमा खरिद गरी सो अन्नपातहरुको अर्को सिजन आउनु भन्दा केहि समय अगावै त्यहि बजारमा १५% कम मुल्यमा किष्सानहरुलाई बिक्री गर्ने र विपद्को समयमा भने आवश्यकता अनुरुप प्रयोग गर्न सक्ने खालको भण्डारण प्रणाली )

## अनुसूची अनुसूची ७ :स्थानीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील समितिको काम कर्तव्य तथा अधिकार

स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको काम कर्तव्य र अधिकार निम्न अनुसार हुनेछ :

- गाउँपालिका क्षेत्रको विपद् तथा जलवायु उत्थानशील योजनाको तर्जुमा, कार्यान्वयन र अनुगमन र पुनरावलोकन गर्ने ।
- योजना तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको विपद् उत्थानशील समुदायहरुको न्यूनतम आधारहरुलाई ध्यान दिनु पर्ने ।
- गाउँपालिकाको वडाहरुमा वडा स्तरीय र समुदाय स्तरमा सामुदायिक विपद तथा जलवायू उत्थानशील समितिको गठन गर्ने । यसरी गठन गर्दा साविकमा रहेका समुदाय स्तरका सामुदायिक विपद् व्यवस्थापन समितिलाई आवश्यकता अनुसार परिमार्जन पनि गर्न सकिनेछ । र स्थानीय तहमा गठन हुने विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी अन्य समिति तथा उपसमितिलाई सहयोग पुऱ्याउने।

- गाउँपालिका स्तरका कर्मचारी, समुदायमा आधारित विपद् तथा जलवायु उत्थानशील समिति सदस्य, नागरिक समाजका प्रतिनिधि तथा राजनीतिक दलका प्रतिनिधिलाई विपद तथा जलवायु उत्थानशीलता सम्बन्धी प्रशिक्षण लिने वा दिने व्यवस्था मिलाउने ।
- विपद् व्यवस्थापनका लागि स्थानीय स्तरमा विपद तथा जलवायु उत्थानशील कोषको स्थापना र सञ्चालनको व्यवस्था मिलाउने ।
- बिकास निर्माणका क्रियाकलापहरु कार्यान्वयनमा विपद् जोखिम व्यावस्थापन तथा जलवायु अनुकूलनलाई मूलप्रवाहिकरण गर्ने ।
- विपद तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको लागि आवश्यक बजेट विनियोजनका लागि पहल गर्ने,
- संघ तथा प्रदेशस्तरबाट जारी भएका नीति, निर्देशन तथा मापदण्डहरु कार्यान्वयन गर्ने, गराउने ।
- सरक्षित विद्यालय तथा अस्पतालका लागि विपद जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन अनुकुलनका कार्यक्रमहरु योजनामा समावेश गर्ने ।
- विपद तथा जलवायु उत्थानशील योजना, आपत्कालीन कार्ययोजना, पुनःस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्दा सबै सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गर्ने । आवश्यकता अनुरुप संकटासन्न वडा र समुदायहरुमा विपद् तथा जलवायु उत्थानशील समिति, पूर्वतयारी तथा प्रतिकार्यका लागि कार्यदलहरु गठन गरी क्षमता अभिवृद्धि गर्ने ।
- विपद् प्रभावित क्षेत्रमा खोज, उद्धार, राहत तथा प्रतिकार्यको व्यवस्था मिलाउने ।
- गाउँपालिका तथा गाउँपालिकाका लागि विपद् तथा जलवायु उत्थानशीलता सम्बन्धी आवश्यक नीति, निर्देशिका तथा कार्यविधी तयार गर्ने ।
- विपद तथा जलवायु परिवर्तनको प्रभावबाट विस्थापित समुदायलाई पुनःस्थापन गर्न वातवरण तथा विपद् व्यवस्थापन उप समितिलाई निर्देशन दिने ।
- गाउँपालिका स्तरको प्रकोप तथा जलवायुजन्य जोखिम नक्सांकन गर्ने ।
- विपद् तथा जलवायु उत्थानशीलता सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धिका कार्य गर्ने, गराउने ।
- विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा र कार्यान्वयन प्रक्रियालाई समावेशी र सहभागितामूलक बनाउन निम्न अनुसारका अन्तर्निहित क्षेत्रलाई प्राथमिकतामा राख्ने :
  - ✓ लैङ्गिक समानता, सामाजिक समावेशीकरण, बालबालिका। ज्येष्ठ नागरिक, अपङ्गता भएका व्यक्ति तथा संस्थाको प्रतिनिधि तथा सीमान्तिकृत समुदायको पहुँच,
  - ✓ जीविकोपार्जनका वैकल्पिक क्षेत्रको पहिचान र पछाडि पारिएका वर्गको पहुँच,
  - ✓ प्रभावित समुदायको मानवअधिकारको संरक्षण, प्रतिकार्यमा न्यूनतम मापदण्डको सुनिश्चितता ।
  - ✓ राहत, प्रतिकार्य र पुनस्थापना प्रकृयामा अविभेद तथा समन्यायिकताको सुनिश्चितता स्थानीय सरकार संचालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ तथा प्रचलित नेपाल कानुन बमोजिम संघीय तथा प्रदेश सरकार, जिल्ला समन्वय समिति, जिल्ला विपद् ब्यवस्थापन समिति, अन्य स्थानीय तह, स्थानीय तहमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, दातृ संस्था र निजी क्षेत्रसँग समन्वय गर्ने।

## अनुसूची ८: वडा विपद् तथा जलवायु उत्थानशील समितिको काम कर्तव्य तथा अधिकार

वडा विपद् तथा जलवायु उत्थानशील समितिको काम कर्तव्य र अधिकार निम्न अनुसार हुनेछ :

- वडाको विपद् तथा जलवायु उत्थानशील योजनाको तर्जुमा, कार्यान्वयन र अनुगमन र पुनरावलोकन गर्ने,
- योजना तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको विपद् उत्थानशील समुदायहरुको न्यूनतम आधारहरुलाई ध्यान दिनु पर्ने,


- समुदायमा विपद तथा जलवायू उत्थानशील समितिको गठन गर्ने । यसरी गठन गर्दा साविकमा रहेका समुदाय स्तरका सामुदायिक विपद् व्यवस्थापन समितिलाई आवश्यकता अनुसार पुर्नगठन गर्न सकिनेछ । र स्थानीय तहमा गठन हुने विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी अन्य समिति तथा उपसमितिलाई सहयोग पुऱ्याउने,
- वडाका कर्मचारी, समुदायमा आधारित विपद् तथा जलवायु उत्थानशील समिति सदस्य, नागरिक समाजका प्रतिनिधि तथा राजनीतिक दलका प्रतिनिधिलाई विपद तथा जलवायु उत्थानशीलता सम्बन्धी प्रशिक्षण लिने वा दिने व्यवस्था मिलाउने,
- वडामा विपद तथा जलवायु उत्थानशील कोषको स्थापना र सञ्चालनको व्यवस्था मिलाउने,
- वडामा विकास निर्माणका क्रियाकलापहरु कार्यान्वयनमा विपद् जोखिम व्यवस्थापन तथा जलवायु अनुकूलनलाई मूलप्रवाहिकरण गर्ने ।
- वडामा विपद तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको लागि आवश्यक बजेट विनियोजनका लागि पहल गर्ने,
- गाउँपालिकाबाट जारी भएका  नीति, निर्देशन तथा मापदण्डहरु कार्यान्वयन गर्ने, गराउने,
- वडामा सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन  अनुकुलनका कार्यक्रमहरु योजनामा समावेश गर्ने
- वडामा विपद तथा जलवायु उत्थानशील योजना, आपत्कालीन कार्ययोजना, पुनःस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्दा सबै सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गर्ने । आवश्यकता अनुरुप संकटासन्न समुदायहरुमा विपद् तथा जलवायु उत्थानशील समिति, पूर्वतयारी तथा प्रतिकार्यका लागि कार्यदलहरु गठन गरी क्षमता अभिवृद्धि गर्ने ।
- वडामा विपद् प्रभावित क्षेत्रमा खोज, उद्धार, राहत तथा प्रतिकार्यको व्यवस्था मिलाउने,
- वडा तथा समुदायको विपद् तथा जलवायु उत्थानशीलता सम्बन्धी आवश्यक निर्देशिका तथा कार्यविधी तयार गर्ने,
- वडा तथा समुदायको प्रकोप तथा जलवायुजन्य जोखिम नक्सांकन गर्ने ।
- वडामा विपद् तथा जलवायु उत्थानशीलता सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धिका कार्य गर्ने ।


## अनुसूची ९: अभिभावकको काम तथा कर्तव्य


- आफ्नो घर वरपर वा समुदायमा आउने प्रकोपको बारे जानकार भई आवश्यक सामाग्रीहरुको जोहो  गर्ने ।
- सरकार वा स्थानीय निकायले जारी गरेका चेतावनी र निर्देशनहरू पालना गर्ने ।
- आपतकालीन सम्पर्क नम्बरहरू जस्तैः प्रहरी दमकल, एम्बुलेन्स आदिको नम्बर सबैले देख्ने ठाउँमा राख्ने ।
- आवश्यक औषधि र कागजात नागरिकता, जमीनका कागजात सुरक्षित ठाउँमा राख्ने र राख्न लगाउने ।
- विपदको समयमा आफ्ना बालबालिकाहरुलाई विद्यालय बन्द भएको अबस्थामा घरायसी सिपहरु सिकाउने जस्तैः कृषि, भान्साकोठाका कामहरु, सरसफाई, परम्परागत सिपहरु - डोको बुन्ने, गलैचा बुन्ने (परिवारका सदस्यहरु संग भएको, प्रविधि सम्बन्धी कार्यहरु) सिक्न लगाउने ।
- सो समयमा आफ्ना नानीबाबुहरुमा केहि समस्या भएमा सम्बन्धित ठाउँमा समन्वय र सहकार्य गर्ने ।
- दुर शिक्षा कार्यक्रम संचालन भएमा त्यसका लागि विद्यालय वा सम्बन्धित निकायलाइ सहयोग गर्ने । जस्तैः रेडियो कार्यक्रम, अनलाईन सामाग्रीहरु आदि
- स्थानीय निकाय सँग नियमित रुपमा सम्पर्कमा रहने ।
- विपद पश्चात जनजीवन सहज हुदै गएमा बालबालिकाहरुलाई नियमित रुपमा विद्यालय पठाउने ।


## अनुसूची १०: बाल संरक्षण तथा विपद् सम्पर्क शिक्षकको भूमिकाः


- सहायता चाहिने एक्लो विद्यार्थी वा समुह दुवैको लागि शिक्षकहरु उपलब्ध हुनु पर्छ र शिक्षकहरु भेट्नका लागि कति बेला उपलब्ध छन् भनेर सबै विद्यार्थी र अभिभावकहरुलाई थाहा हुनु पर्छ ।
- शिक्षकले सहायताको आवश्यकता हुन सक्ने र शिक्षकहरुलाई सम्पर्क गर्न अफठ्यारो मान्ने विद्यार्थीहरुलाई खोज तलास गर्नु पर्छ ।
- उनीहरूले बालबालिकासँगै मिलेर लेखाजोखा (समस्या समाधान गर्नका लागि के कुराको आवश्यकता छ भनेर पत्ता लगाउन) गर्नुपर्छ (सम्भवतः सम्पूर्ण परिवारलाई नै सहायता चाहिएको हुन सक्छ) । पत्ता लागेको कुरा सहकर्मी शिक्षकहरू र प्रधानाध्यापकहरूसँग साझा गर्नुपर्छ ताकि उनीहरू पनि विशेष ख्याल गर्नु पर्ने बालबालिका तथा उनीहरूको आवश्यकता बारे जानकार होउन । समस्या समाधान नभएसम्म त्यस विषयलाई पछ्याई (फलोअप) रहनु पर्छ । आवश्यक परेको खण्डमा वडा, विद्यालय व्यवस्थापन समिती, स्थानीय नागरिक समाज संस्थाहरु र गाउँपालिका आदिहरुबाट आर्थिक सहयोग खोज्नु पर्छ ।
- उनीहरु, थिचोमिचो गरेको अवस्था, अनुपस्थित विद्यार्थी, बिरामी विद्यार्थी, हराएको/विद्यालय छाड्ने विद्यार्थी, दुःखी विद्यार्थीहरू जस्ता संकटको अवस्थामा संलग्न हुनुपर्छ ।
- प्राकृतिक/जलवायु सम्बन्धी विपद जस्ता ठूला संकटहरूमा शिक्षकलाई अन्य सबै शिक्षकहरूले जस्तै विपदमा बालबालिकालाई कसरी जोगाउने भन्ने कुराको आधारभूत ज्ञान हुनुपर्छ । तिनीहरूले सबै विद्यार्थी र अभिभावकहरू विपद्/विपद सम्बन्धी घटना अभ्यास आदिको बेलामा के गर्ने भन्ने बारे अभिमुखीकृत छन् भन्ने कुरा सुनिस्चित गर्नु पर्छ ।
- उनीहरूलाई मानसिक आघात सम्बन्धी प्रतिक्रियाहरूको बारेमा ज्ञान हुनु पर्दछ र विद्यालयका सबै शिक्षकहरू आघातको बारेमा अभिमुखीकृत छन् भनेर सुनिश्चित गर्नुपर्छ ।
- तिनीहरूले विपद् पछिको समयमा कुनै पनि स्थानीय स्तरको प्रतिकार्य गर्ने निकायहरूसँग नजिकबाट काम गर्नुपर्छ र संरक्षण र सुरक्षाको लागि बालबालिकाको विशेष आवश्यकताहरूको लागि निरन्तर आवाज उठाउनु पर्छ । तिनीहरूले बालबालिकाको लागि पैरवीकर्ताको रूपमा काम गर्नु पर्छ ।
- विद्यार्थीहरूको लागि पैरवी गर्ने - उनीहरुले बैठकहरू आदिमा, बालबालिकाहरूलाई खुशी र सुरक्षित हुनका लागि कुन कुन कुराको आवश्यकता छ भनेर पैरवी गर्न बालबालिकाहरुको आवाज बन्नु पर्छ ।
- बालबालिकाहरूको सुरक्षा र खुसीसंग सम्बन्धित कुनै पनि नयाँ जानकारी भए विद्यालयका कर्मचारी, अभिभावक र समुदायहरूसँग साझा गर्नुपर्छ ।
- उनीहरुले हेलम्बु बाल संरक्षण सम्पर्क शिक्षकहरुको व्हाट्सएप मंचमा सक्रिय हुनुपर्छ ।
- उनीहरुले ह्ेलम्बु बाल संरक्षण सम्पर्क शिक्षकहरुको पालिका स्तरीय नियमित बैठकमा सहभागी हुनु पर्छ ।
- उनीहरुले स्थानीय तहका सान्दर्भिक समितिहरूमा उनीहरुको प्रतिनिधित्व गर्न दुई शिक्षकहरुको छनौट गर्नु पर्छ ।



प्रकोप, संकटासन्नता तथा क्षमता नक्सा
Hazard, Vulnerability and Capacity Map
हेलम्बु गाउँपालिका-१, सिन्धुपाल्चोक
N
वडा नं. ६
संकेतहरू
उत्तर दिशा
वन जंगल
गाउँ/नगरपालिका
पहिरो जोखिम
वडा कार्यालय
खेतीयोग्य जमिन
स्वास्थ्य चौकी
पुल
घर
जनावर आतंक
विद्यालय
बाढी जोखिम
सहकारी
चउर, खुल्ला क्षेत्र
मन्दिर तथा गुम्बा
सामुदायिक भवन
पक्की तथा कच्ची सडक
नदी तथा खोला
स्रोत २०७५ : यो नक्सा नेपाल सरकार, नापी विभाग र गाउँपालिका, नगरपालिका तथा विषेश संरक्षित वा स्वायत क्षेत्रको संख्या निर्धारण आयोगले तयार पारेको वडा सिमाना नक्साका आधारमा वडास्तरमा जनप्रतिनिधि, जेष्ठ नागरिक लगायत सरोकारवालाहरुको छलफलमा समुदायले तयार गरेको नक्सालाई डिजिटल गरिएको हो ।



प्रकोप, संकटासन्नता तथा क्षमता नक्सा
Hazard, Vulnerability and Capacity Map
हेलम्बु गाउँपालिका-२, सिन्धुपाल्चोक
N
वडा नं. ३
संकेतहरू
उत्तर दिशा
वन जंगल
गाउँ/नगरपालिका
पहिरो जोखिम
वडा कार्यालय
खेतीयोग्य जमिन
स्वास्थ्य चौकी
पुल
घर
पानी ट्याङ्की
विद्यालय
जनावर आतंक
प्रहरी चौकी
बाढी जोखिम
सहकारी
चउर, खुल्ला क्षेत्र
मन्दिर तथा गुम्बा
सामुदायिक भवन
पक्की तथा कच्ची सडक
नदी तथा खोला
स्रोत २०७५ : यो नक्सा नेपाल सरकार, नापी विभाग र गाउँपालिका, नगरपालिका तथा विषेश संरक्षित वा स्वायत क्षेत्रको संख्या निर्धारण आयोगले तयार पारेको वडा सिमाना नक्साका आधारमा वडास्तरमा जनप्रतिनिधि, जेष्ठ नागरिक लगायत सरोकारवालाहरुको छलफलमा समुदायले तयार गरेको नक्सालाई डिजिटल गरिएको हो ।


प्रकोप, संकटासन्नता तथा क्षमता नक्सा
Hazard, Vulnerability and Capacity Map
हेलम्बु गाउँपालिका-३, सिन्धुपाल्चोक



प्रकोप, संकटासन्नता तथा क्षमता नक्सा
Hazard, Vulnerability and Capacity Map
हेलम्बु गाउँपालिका-४, सिन्धुपाल्चोक


प्रकोप, संकटासन्नता तथा क्षमता नक्सा
Hazard, Vulnerability and Capacity Map
हेलम्बु गाउँपालिका-५, सिन्धुपाल्चोक
N
मेलम्ची नगरपालिका
संकेतहरु
उत्तर दिशा
वन जंगल
गाउँ/नगरपालिका
पहिरो जोखिम
वडा कार्यालय
खेतीयोग्य जमिन
स्वास्थ्य चौकी
पुल
घर
पानी ट्याङ्की
विद्यालय
जनावर आतंक
प्रहरी चौकी
बाढी जोखिम
सहकारी
चउर, खुल्ला क्षेत्र
मन्दिर तथा गुम्बा
सामुदायिक भवन
पक्की तथा कच्ची सडक
नदी तथा खोला
स्रोत २०७५ : यो नक्सा नेपाल सरकार, नापी विभाग र गाउँपालिका, नगरपालिका तथा विषेश संरक्षित वा स्वायत क्षेत्रको संख्या निर्धारण आयोगले तयार पारेको वडा सिमाना नक्साका आधारमा वडास्तरमा जनप्रतिनिधि, जेष्ठ नागरिक लगायत सरोकारवालाहरुको छलफलमा समुदायले तयार गरेको नक्सालाई डिजिटल गरिएको हो ।



प्रकोप, संकटासन्नता तथा क्षमता नक्सा
Hazard, Vulnerability and Capacity Map
हेलम्बु गाउँपालिका-६, सिन्धुपाल्चोक
N
संकेतहरु
उत्तर दिशा
वन जंगल
वडा कार्यालय
पहिरो जोखिम
स्वास्थ्य चौकी
खेतीयोग्य जमिन
घर
पुल
विद्यालय
जनावर आतंक
सहकारी
बाढी जोखिम
मन्दिर तथा गुम्बा
सामुदायिक भवन
पक्की तथा कच्ची सडक
नदी तथा खोला
स्रोत २०७५ : यो नक्सा नेपाल सरकार, नापी विभाग र गाउँपालिका, नगरपालिका तथा विषेश संरक्षित वा स्वायत क्षेत्रको संख्या निर्धारण आयोगले तयार पारेको वडा सिमाना नक्साका आधारमा वडास्तरमा जनप्रतिनिधि, जेष्ठ नागरिक लगायत सरोकारवालाहरुको छलफलमा समुदायले तयार गरेको नक्सालाई डिजिटल गरिएको हो ।


प्रकोप, संकटासन्नता तथा क्षमता नक्सा
Hazard, Vulnerability and Capacity Map
हेलम्बु गाउँपालिका-७, सिन्धुपाल्चोक
N
संकेतहरु
उत्तर दिशा
वन जंगल
गाउँ/नगरपालिका
पहिरो जोखिम
वडा कार्यालय
खेतीयोग्य जमिन
स्वास्थ्य चौकी
पानी ट्याङ्की
घर
जनावर आतंक
विद्यालय
बाढी जोखिम
सहकारी
चउर, खुल्ला क्षेत्र
मन्दिर तथा गुम्बा
सामुदायिक भवन
पक्की तथा कच्ची सडक
नदी तथा खोला
स्रोत २०७५ : यो नक्सा नेपाल सरकार, नापी विभाग र गाउँपालिका, नगरपालिका तथा विषेश संरक्षित वा स्वायत क्षेत्रको संख्या निर्धारण आयोगले तयार पारेको वडा सिमाना नक्साका आधारमा वडास्तरमा जनप्रतिनिधि, जेष्ठ नागरिक लगायत सरोकारवालाहरुको छलफलमा समुदायले तयार गरेको नक्सालाई डिजिटल गरिएको हो ।

अनुसूची १२: स्थानीय शिक्षा समूह, संघ, र जिल्ला बिचको समन्वय चित्र




अनुसूची १३: गाउँपालिकामा सुरक्षित खुल्ला स्थान रहेका विद्यालयहरु


School's Location
28°0'N
27°54'N
0
1
2 km
Legend
Safe Evacuation Space
Schools
1 Urleni BS
2 Sarbodaya SS
3 Srijana BS
4 Siddhartha BS
5 Padmeshwori BS
6 Bhanjyang BS
7 Gyanodaya BS
8 Mahakali Nindeshwori BS
9 Saraswoti SS
10 East Point Academy
11 Mahendra BS
12 Sarisiddhi BS
13 Pating BS
14 Mahakaleshwori BS
15 Dhapsung BS
16 Helambu Bodhhisato Model SS
17 Ichok SS
18 Mahendra SS
19 Manikantheshwori BS
20 Sathdhara BS
21 Risankhumane BS
22 Jayabageshwori BS
23 Ishing BS
24 Palchowk SS
25 Yangrima Boarding School
26 Setidevi BS
27 Chitre BS
28 Bhumeshwori SS
29 Golmadevi SS
30 Sarkathali BS
31 Pemachholing SS
32 Gorakhnath BS
33 Melamchighyang SS
34 Bolde BS
35 Nurbuling SS
Wards

## अनुसूची १४: महामारी विपद्का लागि संक्षिप्त आधारभुत पूर्वतयारी तथा प्रतिकार्य योजना

उच्च सङ्क्रामक तथा घातक रोगको महामारी कुनै पनि समुदाय, देश, वा विश्वभर फैलिन सक्ने ठूलो स्वास्थ्य संकट हो । यस्तो महामारी तीव्र गतिमा फैलिन्छ र धेरै मानिसको ज्यान लिन सक्छ । भाइरस, ब्याक्टेरिया, वा अन्य रोगजन्य सूक्ष्मजीवहरूले यस्तो रोग फैलाउँछन्, जसले विशेष गरी कमजोर प्रतिरक्षा प्रणाली भएका व्यक्तिहरूलाई गम्भीर असर पुर्याउँछ । उदाहरणका लागि, कोरोना भाइरस (COVID-19) महामारीले लाखौं मानिसको जीवनमा असर पुर्याएको थियो । नेपालको सन्दर्गमा कुरा गर्ने हो भने कोभिडको कारण करिब १२ हजार जनाले ज्यान गुमाएका थिए । यस्ता रोगहरू हावाबाट, छालाबाट वा संक्रमित वस्तुबाट सजिलै सर्न सक्छन् ।

महामारी नियन्त्रण गर्न समयमै पहिचान, रोकथाम, र उपचारको व्यवस्था गर्न आवश्यक हुन्छ । यस्ता महामारीले केवल स्वास्थ्यमा मात्र होइन, सामाजिक र आर्थिक क्षेत्रमा पनि दीर्घकालीन प्रभाव पार्न सक्छ, त्यसैले जोखिमलाई न्यून गर्न सामूहिक प्रयास आवश्यक छ ।


| क्रियाकलाप |
|---|
| **१ प्रतिकार्यका लागि पर्याप्त व्यवस्थापन तथा समन्वय क्षमता तयार गर्ने** |
| विद्यालयलाई लक्षित गरी सचेतना र शिक्षामूलक सामग्री उत्पादन र वितरण गर्ने |
| मानवीय सहायता अन्तर्गत नगद हस्तान्तरणका लागि  विधि, निर्देशिका तर्जुमा/पुनरावलोकन स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय तथा सहयोग गर्ने । |
| सुरक्षित दूरी तथा सुरक्षित स्वस्थ व्यवहारका बारेमा विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई सचेत गराउने |
| सुरक्षित खानेपानी तथा अन्य सुविधाहरूको व्यवस्थापन तथा आवश्यक सुधार गर्न सहयोग समन्वय र पैरवी गर्ने । |
| मास्क, स्यानिटाइजर लगायतका सामग्री भण्डारण गर्न स्थानीय वि. व्य. समितिसंग समन्वय तथा सहयोग गर्ने । |
| अपाङ्गता भएका व्यक्तिको आवश्यकता समेत परिपूर्ति हुने गरी भर्चुअल शिक्षण विधिको विकास गर्न स्थानीय विपद व्यवस्थापन समिति मार्फत पहल गर्ने |
| भर्चुअल शिक्षण प्रविधि स्थापना गर्न स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय तथा सहयोग गर्ने |
| डिस्इन्फेक्सन सामग्री तथा औजारको प्रवन्ध गर्न स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय गर्ने |
| शिक्षण तथा स्वास्थ्य सामाग्रीको पहिचान गरिएका सामग्रीको पूर्वभण्डारण गर्न स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय सहयोग गर्ने |
| कक्षाकोठामा भौतिक दूरी कायम गर्ने गरी ठाउँको प्रवन्ध गर्न समन्वय गर्ने |
| सूचना प्रविधिको पहुँच भन्दा बाहिर रहेका विद्यार्थीको लागि विद्यालयमा आइसोलेसन कक्षको व्यवस्था गर्न थानीय विपद व्यवस्थापन समितिसंग समन्वय तथा सहयोग गर्ने । |
| भर्चुअल कक्षा स्थापना र सञ्चालन गर्न मापदण्ड निर्माण गर्ने र लागु गर्न थानीय विपद व्यवस्थापन समितिसंग समन्वय तथा सहयोग गर्ने |
| **२ विद्यालय प्रणालीभित्र विद्यार्थी, शिक्षक, अभिभावक र सहयोगीहरू बिच महामारी रोकथाम र उत्थानशीलता दृढ पार्ने** |
| विद्यार्थी, शिक्षक, अभिभावक र सहयोगीहरूलाई मनोसामाजिक परामर्श समन्वय गर्ने र आवश्यक सहयोग लिने । |
| विद्यालयमा विभिन्न समूहका विद्यार्थीका लागि हात धुने स्थान व्यवस्था गर्न समन्वय गर्ने |
| विद्यार्थीका लागि घरबाटै खाजा ल्याउने परिपाटी सुनिश्चित गर्न समन्वय, सहयोग तथा पैरवी गर्ने |
| सन्देश प्रसारण तथा सूचना प्रवाह गर्ने |
| सरसफाई र स्वास्थ्य सामग्रीको प्रवन्ध मिलाउन स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय तथा सहयोग गर्ने |
| सङ्क्रमण रोकथामको लेखाजोखा गरी आवश्यक प्रतिकार्य गर्न स्थानीय विपद व्यवस्थापन समितिसंग समन्वय तथा सहयोग गर्ने |

| |
|---|
| शिक्षण सामग्रीको उपलब्धता सुनिश्चित गर्ने |

**महामारीको प्रतिकार्य योजना**

| क्रियाकलाप |
|---|
| शिक्षाक्षेत्रमा महामारीबाट प्रभावितको तथ्याङ्क सङकलन तथा अध्यावधिक गर्ने |
| विद्यालय सञ्चालन गर्न परिस्थितिको विश्लेषण गर्ने |
| समूहको आपत्कालीन बैठक बस्ने |
| विद्यालय, वडा तथा स्थानीय वि. व्य. समितिसँग समन्वय गरी सङ्क्रमण जोखिम अवस्थाको जानकारी लिने |
| स्थानीय विपद व्यवस्थापन समिति, शिक्षा शाखा/समितिसंग समन्वय गरी विद्यालय सञ्चालन सम्बन्धी निर्णय गर्ने |
| स्थानीय वि. व्य. समिति, शिक्षा शाखा/समितिसंग समन्वय गरी पठनपाठन, कक्षा सञ्चालन गर्न तयारी गर्ने |
| आवश्यक भए बमोजिम अनलाइन कक्षा चलाउन विद्यालयलाई सहयोग गर्ने |
| भई रहेका क्रियाकलापको अनुगमन तथा वस्तुस्थितिको विश्लेषण गर्ने |
| आवश्यक भएका विद्यालयमा स्थानीय विपद व्यवस्थापन समिति मार्फत नगद, सामाग्री प्रवाह गर्न समन्वय गर्ने |
| पालिकामा जनशक्ति अपुग भएको विध्यालयमा तथा आवश्यक ठाउँहरुमा शिक्षक तथा अन्य सहायताकर्मी पठाउन स्थानीय विपद व्यवस्थापन समिति मार्फत जिल्ला वा प्रदेशसँग समन्वय गर्ने |

## अनुसूची १५: चट्याङ र यसबाट बच्न अपनाउनु पर्ने उपायहरु



चट्याङ प्रकृतिको एउटा अद्बितीय र शक्तिशाली विद्युतीय घटना र यसले आकाशमा देखिने र सुन्न सकिने गरी ठूलो रोशनी र गर्जन उत्पन्न गर्दछ। यो प्रायः ग्रीष्म ऋतुमा वा वायुमण्डलीय अस्थिरताका बेला हुने गर्दछ। वायुमण्डलमा विद्यमान बादलहरूमा रहेका ठूला-साना कणहरूको घर्षणका कारण सकारात्मक र नकारात्मक आवेश (Charge)हरू छुट्टिन्छन्। ती आवेशहरूका बीच विद्युतीय सर्किट पूरा हुँदा चट्याङ उत्पन्न हुन्छ। चट्याङले पृथ्वी र आकाशबीच ऊर्जा साटासाट गर्छ, जसले गर्दा वातावरणीय तापक्रम अचानक धेरै बढ्न सक्छ। यस प्रक्रिया हुने क्रममा प्रचण्ड शक्ति उत्पन्न हुने भएकाले यो प्राकृतिक घटना खतरनाक मानिन्छ।

चट्याङले मानिस, पशुपक्षी, संरचना, र वनस्पतिमा ठूलो असर गर्न सक्छ। प्रत्यक्ष रूपमा चट्याङ लाग्दा ज्यानको क्षति हुने सम्भावना उच्च हुन्छ भने अप्रत्यक्ष रूपमा आगलागी, विद्युत् आपूर्ति अवरुद्ध, र उपकरणहरूको क्षति हुने जोखिम रहन्छ। चट्याङबाट जोगिन विभिन्न सावधानी अपनाउनु आवश्यक हुन्छ।

**चट्याङ पर्दा बच्नका लागि अपनाउनु पर्ने उपायहरु:**

- आकाशमा बिजुली चम्किन थालेर गड्याङ्गगुड्ङ्ग गर्न थालेपछि घरभित्र जाने।
- नजिकै घर छैन भने तुरुन्तै सुरक्षित ओततिर लाग्ने तर रुख वा बिजुलीको पोलमुनि कहिल्यै नबस्ने।
- गाडीभित्र भए भने गाडीभित्रै बस्ने।

- फलामको डण्डी भएको छाता नओढ्ने ।
- उच्च क्षेत्र तथा धातुयुक्त वस्तुहरूबाट टाढा रहने ।
- खेतबारीमा काम नगर्ने ।
- पोखरी, खोला वा पानीको श्रोतहरुबाट टाढा बस्ने ।
- सुरक्षित ओत नभेट्दै चट्याङ परे दुवै हातलाई टाउँको माथि राखी निहुरिएर कुर्कुच्चा जोडी थुचुक्क बस्ने, तर भुईमा लम्पसार परेर नसुत्ने ।
- टिभी र कम्प्युटरजस्ता बिजुलीबाट चल्ने उपकरण आदि नचलाउने बरु त्यस्ता उप्करणहरुलाई बिजुलीको प्लगबाट छुटाई दिने ।
- तारवाला फोन प्रयोगको नगर्ने ।
- बाथरुम भित्र धारा प्रयोग गरेर नुहाउने, लुगा धुने वा भाँडा माझ्ने काम नगर्ने ।
- भित्ता वा झ्याल तिर अडेस लागेर नबस्ने ।
- झ्याल, भर्याङ र बरन्डाको डिल तथा फलामे बार नछुने ।
- घर, कार्यलय तथा विद्यालय जस्ता भौतिक संरचनाहरुमा चट्याङ निरोधक यन्त्र जडान अनिवार्य गर्ने ।
- आधुनिक प्रविधिको प्रयोग गर्ने
- स्थानीय स्तरमा चट्याङसंग सम्बन्धित सचेतना अभियानहरु संचालन गर्ने

***

## **सन्दर्भ सामाग्रीहरु (References)**


1. Centre for education and human resource development (CEHRD). (2081). Program implementation procedure. Bhaktapur. PP. 50-51.
2. UNESCO/World education forum, 2000. The Dakar framework for action: Education for all: Meeting our collective commitment. Paris. PP 11-21. Available at: https://www.preventionweb.net/publication/dakar-framework-action.
3. United Nations High Commissioner for Refugee. 1967. Status of refugees' convention. Geneva. Department of state publication. 1949. Universal declaration of human rights. Washington DC.PP.:36, Article 22: Public education.
4. Internal Oversight Service Evaluation office. 2016. Evaluation of UNESCO's role in education in emergencies and protracted crises. Kathmandu. PP. 5
5. Ministry of Forests and Environment (MoFE), Government of Nepal.2021. Vulnerability and Risk Assessment and Identifying Adaptation Options. Kathmandu. PP. 47 & 63
6. UNESCO. 2015. Incheon Declaration and Framework for Action for the implementation of Sustainable Development Goal 4: Ensure inclusive and equitable quality education and promote lifelong learning opportunities for all. Paris. chrome-extension://efaidnbmnnnibpcajpcglclefindmkaj/https://uis.unesco.org/sites/default/files/documents/education-2030-incheon-framework-for-action-implementation-of-sdg4-2016-en_2.pdf
7. Government of Nepal Ministry of Education. 2016. School sector development plan 2016-2023. Kathmandu. PP. 62-64.
8. Government of Nepal ministry of education, science and technology education & human resource development center. 2018.comprehensive school safety minimum package. Bhaktapur. PP. 21, 41 & 49.
9. Government of Nepal ministry of education, science and technology education. 2080. Education Cluster Formation and Operational procedure. Kathmandu.

10. Nepal education cluster. 2079. Disaster preparedness and response plan. Human resource development center. Bhaktapur.
11. NPC. National Planning Commission. 2015, Post Disaster Needs Assessment. Pg.54
12. Helambu RM. 2024. Local disaster and climate resilient plan (DRAFT). Helambu.
13. Helambu Rural Municipality. 2075. Helambu Rural Municipality's profile. Helambu. https://helambumun.gov.np/content/villageprofile2075
14. National Statistics office.2078. Municipal level census database. Kathmandu. https://censusnepal.cbs.gov.np/results/population?province=3&district=24&municipality=4
15. UNICEF - Education Section. 2010. The Inter-Agency Network for Education in Emergencies (INEE) Minimum Standards for Education: Preparedness, Response, Recovery, *New York, USA*. *https://inee.org/*
16. The United Nations Office for Disaster Risk Reduction (UNISDR). 2015. The Sendai Framework for Disaster Risk Reduction (SFDRR). PP. 12-16. chrome-extension://efaidnbmnnnibpcajpcglclefindmkaj/https://www.preventionweb.net/files/43291_sendaiframeworkfordrren.pdf
17. The Sphere Association: 2018.The Sphere Handbook. Geneva. PP. 138, 191-192, https://www.spherestandards.org/handbook-2018/

***